"त्रिवेणीमा कृषि , पर्यटन र पुर्वाधार
गाउँपालिकाको सम्वद्धि र विकासको आधार"

# त्रिवेणी गाउँपालिकाको गाउँ पार्श्वचित्र २०७५




## प्रकाशक :-
## त्रिवेणी गाउँपालिका कार्यालय
## लुहाम, सल्यान
## कर्णाली प्रदेश नेपाल

# त्रिवेणी गाउँपालिकाको पार्श्वचित्र ,२०७५

प्रमुख सम्पादन   सल्लाहकार
**मान वहादुर डाँगी,** गाउँकार्यपालिका अध्यक्ष

सम्पादन  सल्लाहकार
**करुणा खड्का,** गाउँकार्यपालिका उपाध्यक्ष

सम्पादन मन्डल
**गोपाल के.सी,** नायव सुव्वा
**जय कुमार चन्द,** लेखापाल
**हिरा वुढा** , सहायक महिला विकास निरीक्षक

कार्यकारी सम्पादक
**रेमन्त वहादुर डाँगी,** प्रमुख प्रशासकीय अधिकृत

कम्प्युटर
**तिलक रावल** ,
कम्प्युटर अधिकृत

तथ्याकं संकलकहरु
श्री विश्णु कुमारी वली, गणक वडा नं. १
श्री सम्झना वुढाथोकी, गणक वडा नं. १
श्री टेक वहादुर वुढाथोकी, गणक वडा नं. २
श्री हकुम वहादुर खड्का, गणक वडा नं. २
श्री अमर सिं वुढा , गणक वडा नं. ३
श्री गणेश विष्ट, गणक वडा नं. ४
श्री कोमल प्रकाश रावत ,गणक, वडा नं. ५
श्री डिल्ली राज डि.सी., गणक वडा नं. ६

प्रकाशक
त्रिवेणी गाउँपालिका कार्यालय, सल्यान

मुद्रण
महालक्ष्मी अफसेट प्रेस
**तुल्सीपुर,**

# त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

लुहाम **सल्यान** जिल्ला
**कर्णाली** प्रदेश , नेपाल

मो. ९८५७८४४६००
९८५७८४४६०१


## दुई शब्द

साविकको त्रिवेणी र फलाबाङ गा.वि.स.को मिलन बिन्दु र हाल त्रिवेणी गाउँपालिकाको केन्द्र रहेको लुहाम बजार नजिकै त्रिवेणीधाम अवस्थित छ । यस क्षेत्रको पवित्र धामको रुपमा रहेको यसै त्रिवेणीधामबाट यस गाउँपालिकाको नामाकरण गरिएको हो ।नेपालको संविधान बमोजिम पुनर्संरचना पश्चात् गठित यस गाउँपालिकाको पार्श्वचित्र छोटो समयमै तयारी गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

राज्यको पुनर्संरचनाको सिलसिलामा स्थापित यस गाउँपालिकाको यथार्थ विद्यमान अवस्था झल्काउने पार्श्वचित्र तयारीले गाउँपालिकाको विकासको वर्तमान अवस्थालाई चित्रण गरेको छ । यस्तो यथार्थ चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति, योजना तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी उपलब्ध सीमित श्रोत साधनको अधिकतम र किफायती सदुपयोग गरी गाउँपालिकाको दीगो विकासलाई गति प्रदान गर्न आवश्यक सहयोग पुऱ्याउने आशा एवं विश्वास लिएको छु । यस अध्ययन प्रतिवेदनले प्रायः सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेटिएको भएता पनि सीमित समय तथा स्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण हुन सक्दैन । यसलाई समय सापेक्ष परिष्कृत र परिमार्जित गर्ने दायित्व हाम्रो काँधमा आएको महशुस गरेका छौँ ।

गाउँपालिका क्षेत्रभित्रको योजनावद्ध विकासको मार्ग दर्शनको रूपमा रहने यो पार्श्वचित्र समयमै तयार गर्न महत्वपूर्ण जिम्मेवारी वहन गरी सघाउ पुऱ्याउने गाउँ कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत, सबै जनप्रतिनिधिहरु तथा तथ्याक संकलकहरु लगायत वडा कार्यालयका सम्पूर्ण कर्मचारीहरू एवं निर्वाचित जनप्रतिनिधि लगायत तथ्याङ्क उपलव्ध गराउने सम्पूर्ण विषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा गाउँपालिकाको तर्फबाट म आभार प्रकट गर्न चाहन्छु । यसै गरी यो अध्ययन प्रतिवेदनको तथ्यांक प्रशोधन विश्लेशन गर्ने यस कार्यालयका ना.सु तथा सुचना अधिकारी लगायत सम्पर्ण कर्मचारीहरुलाई हार्दिक धन्यबाद दिन चाहन्छु ।

अन्तमा गाउँपालिकाको समृद्धि, दीगो विकास र सुसम्पन्नताको आधार चित्रको खाका तयार गर्न यो प्रतिवेदन फलदायी बनोस् र दीर्घकालिन सोँचका साथ अगाडि बढ्न हामी सबैलाई आधार प्राप्त होस् भन्ने शुभेच्छा प्रकट गर्दछु ।

मान बहादुर डाँगी
गाउँपालिका अध्यक्ष
त्रिवेणी गाउँपालिका, सल्यान

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुहाम **सल्यान** जिल्ला
**कर्णाली** प्रदेश , नेपाल
मो. ९८५७८४४६००
९८५७८४४६०१

# मेरो भन्नु

दिगो र योजनावद्ध विकासलाई गतिशील बनाउनका लागि गाउँपालिकाको समग्र तथ्याङ्क आवश्यक पर्दछ । यसै आवश्यकतालाई मध्यनजर गरी गाउँपालिकाको पार्श्वचित्र तयार गरिएको छ । जसमा गाउँपालिका क्षेत्रभित्रका विषयगत कार्यालयहरूबाट संकलन गरिएका तथ्यहरूमा आधारित भई उपलव्ध भएसम्मका जनसंख्या, कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिंचाई, खानेपानी, विद्युत आदिका तथ्याङ्क समावेश गरी पार्श्वचित्र तयारी गरिएको छ ।

यस गाउँपालिकाको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा स्थानीयबासीहरूलाई पार्श्वचित्रले सूचना प्रदान गर्न सहयोग पुग्नेछ भन्ने मैले आशा लिएकीछु । पार्श्वचित्रमा उल्लेखित विवरणमा गाउँपालिकाको राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने नक्सा, भू-वर्गीकरण तथा भू-उपयोग नक्साका साथै राष्ट्रिय जनगणना २०६८ का विविध पक्षहरू समावेश गरिएको छ ।

अन्तमा प्रस्तुत पार्श्वचित्र तयारी गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष र परोक्षरूपमा सहयोग गर्नुहुने गाउँ कार्यपालिकाका कर्मचारीहरू, वडा सचिवहरू, सम्पूर्ण विषयगत कार्यालय, संघ/संस्था, सामाजिक परिचालक तथा शुरुदेखि तथ्याङ्क संकलन गर्ने तथ्याकं संकलकहरु, एवं तथयाकं प्रशोधन तथा विश्लेशन गरी पार्श्वचित्रलाई पूर्णता दिनुहुने यस कार्यालयका ना.सु. तथा सुचना अधिकारी तथा अन्य कर्मचारीहरुलाई विशेष धन्यबाद दिन चाहन्छु ।

करुणा खड्का
गाउँपालिका उपाध्यक्ष
त्रिवेणी गाउँपालिका, सल्यान

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुहाम **सल्यान** जिल्ला
**कर्णाली** प्रदेश , नेपाल
मो. ९८५७८४४६००
९८५७८४४६०१

## मेरो भन्नु

नेपालको संविधानको धारा २९५ को उपधारा (३) मा व्यवस्था भए बमोजिम वि.सं. २०७३/११/२२ गतेको मन्त्रीपरिषद्को निर्णयबाट स्थानीय तहको गठन भई वि.सं. २०७३/११/२७ गते नेपाल राजपत्रमा प्रकाशन भएसँगै साविकका ४ वटा गाविसहरू (काभ्रा, काँरागिठी, फलाबाङ र त्रिवेणी) समावेश भई त्रिवेणी गाउँपालिकास्थापना भएको हो। वास्तवमा कुनैपनि ठाउँको न्यायोचित एवं समानुपातिक विकासको लागि प्रथमतः उक्त क्षेत्रभित्रको भौगोलिक, सामाजिक, आर्थिक तथा विपद् व्यवस्थापन एवं पूर्वाधार लगायतका पक्षहरुको वारेमा यथार्थ स्थिति एवं वस्तुनिष्ठ जानकारी प्राप्त गर्नु अत्यावश्यक हुन्छ । जव हामीले समृद्धिको परिकल्पना गरेको क्षेत्रको यथार्थ विवरणको चित्रण गर्न सकिन्छ तव त्यस्ता क्षेत्रहरूमा आवश्यकता र औचित्यका आधारमा आम नागरिकले अनुभूत गर्ने किसिमको सेवा प्रभाह गर्नुका साथै सर्वाङ्गीण विकास तथा निर्माणका कार्य मार्फत नागरिकको दैनिक जीवनलाई सहजीकरण तुल्याउन र सुसम्पन्न भौगोलिक क्षेत्रको रुपमा परिवर्तन गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा चिर परिचित बनाउन सकिन्छ ।

मलाई विश्वास छ , यस गाउँपालिकाको पार्श्वचित्र (Rural Municipality Profile)मार्फत् गाउँपालिका क्षेत्रभित्रका सामाजिक, आर्थिक, भौगोलिक, शिक्षा तथा स्वास्थ्य लगायत अन्य विभिन्न विषयगत क्षेत्रहरुका बारेमा अधिकतम, बस्तुनिष्ठ एवं यथार्थ ज्ञान प्राप्त गर्न सकिनेछ । यद्यपि यो नै पर्याप्त भने हुनेछैन । तसर्थ यस पार्श्वचित्रलाई समयसापेक्ष वार्षिक रुपमा अद्यावधिक गरी निरन्तरता दिएको खण्डमा गाउँपालिकाको वार्षिक योजना, वजेट तथा कार्यक्रम तर्जूमा एवं सामाजिक सुरक्षाका कार्यक्रम र विपद् व्यवस्थापनका कार्यलाई व्यवस्थित र उच्चतम फलदायी बनाउन यो पार्श्वचित्रले उल्लेखनीय भूमिका खेल्नेछ ।

यथार्थमा पार्श्वचित्र गाउँपालिकाको समग्र पक्षहरुको बारेमा समेटेको जानकारी पुस्तिका हो । सही पार्श्वचित्रको निर्माणले आर्थिक, सामाजिक, भौगोलिक लगायतका विभिन्न क्षेत्रहरुमा अतुलनीय विकास निर्माणका कार्य गर्न यसले मार्ग दर्शनको भूमिका खेल्दछ। तसर्थ यस गाउँपालिका क्षेत्रभित्रको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई विकास निर्माणका माध्यमद्वारा सम्बोधन गरी त्यसका लाभको समान वितरण मार्फत विविधताबीचको एकता, सामाजिक साँस्कृतिक ऐक्यवद्धता कायम गर्दै गाउँपालिकाबासीका आर्थिक उन्नति, समृद्धि र सामाजिक न्याय सुनिश्चितता गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माणमा यस पार्श्वचित्रले आधार प्रदान गर्नेछ भन्ने विश्वास लिएको छु ।

रेमन्त वहादुर डाँगी
प्रमख प्रशासकीय अधिकृत
त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालय सल्यान

# विषय सूची

**खण्ड १ : भूमिका** भ्चचयच१ द्ययमबचप लयत मभाष्लभम।

१.१ पृष्ठभूमि ज्ञण

१.२ अध्ययनको उद्देश्य ज्ञण

१.३ अध्ययनको महत्व ज्ञज्ञ

१.४ अध्ययनको औचित्य ज्ञज्ञ

१.५ अध्ययन विधि ज्ञज्ञ

१.६ अध्ययनका सीमाहरु ज्ञद्द

**खण्ड २ : त्रिवेणी गाउँपालिकाको परिचय** **ज्ञघ**

२.१ गाउँपालिकाको संक्षिप्त परिचय ज्ञघ

२.२ गाउँपालिकाको स्थापना **भ्चचयच१ द्ययमबचप लयत मभाष्लभम।**

२.३ राजनैतिक तथा प्रशासनिक केन्द्र ज्ञछ

२.४ भौगोलिक अवस्थिति ज्ञड

२.५ भू-बनावट ज्ञढ

२.६ माटोको वनावट र उर्वराशक्ति ज्ञढ

२.७ गाउँपालिकाको भू-उपयोग द्दण

२.८ खनिज श्रोत द्दज्ञ

२.९ भू-क्षेत्रको बर्गीकरण द्दद्द

२.१० हावापानी द्दछ

२.११ गाउँपालिकामा रहेका सम्भाव्यता र अवसरहरु द्दछ

२.१२ गाउँपालिकाको अवसर र सम्भावनाहरु द्दठ

२.१३ गाउँपालिकाको चुनौती तथा समस्याहरु द्दठ

२.१४ गाउँपालिकाको अन्तर गाउँपालिका/नगरपालिकासँग सम्बन्ध द्दड

२.१५ मुख्य नदी तथा ताल तलैयाहरु द्दड

२.१६ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु घण

२.१७ नाचहरुको विवरण घद्ध

२.१८ मुख्य चाडपर्व तथा मेला जात्रा सम्बन्धी विवरण घद्ध

**खण्ड ३ : जनसंख्याको विवरण** **घछ**

३.१ जनसंख्याको विवरण घछ

३.२ वडाअनुसार लैङ्िक जनसंख्या, घरधुरी, जनघनत्वसम्बन्धी विवरण घट

३.३ जनसंख्याको उमेरगत संरचना **भ्चचयच१ द्ययमबचप लयत मभाष्लभम।**

३.४ घरमूलीको लैङ्िक विवरण घढ

३.५ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण द्धण

३.६ उमेर समूहअनुसार पहिलो विवाह गर्दाको उमेरको विवरण
३.७ मातृभाषाअनुसार जनसंख्या विवरण द्धज्ञ
३.८ जातजातिसम्बन्धी विवरण द्धज्ञ
३.८.१ आदिवासी द्धघ
३.८.२ सिमान्तकृत तथा उत्पीडित समुदाय द्धघ
३.९ धर्मका आधारमा जनसङ्ख्याको विवरण द्धद्ध
३.१० परिवारले प्रयोग गरेको वडागत घरको स्वामित्वको विवरण द्धद्ध
३.११ घरमा महिलाको स्वामित्वको विवरण द्धछ
३.१२ जमीनमा महिलाको स्वामित्वको विवरण
३.१३ जगको आधारमा घरको बनोटको विवरण द्धट
३.१४ बाहिरी गारोका आधारमा घरको विवरण द्धठ
३.१५छानाको आधारमा घरको विवरण द्धठ
३.१६ बसाईसराईको अवस्था द्धड
३.१७ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण द्धढ
३.१८ गाउँपालिकाको मतदाता नामावली छण
**खण्ड ४ : भू-उपयोग** **छज्ञ**
४.१ गाउँपालिकाको भू-उपयोगको विवरण छद्द
४.१.१ सार्वजानिक जग्गाको विवरण छघ
४.२ क्रमिक विकास भैरहेको बस्तीहरुको वर्तमान स्वरुप छघ
४.३ क्रमिक विकास भैरहेको बस्तीहरूको वर्तमान स्वरुप छद्ध
४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू छछ
४.५ भू-क्षय सम्भावित क्षेत्र छछ
४.६ गाउँपालिकामा नदी कटानबाट भएका प्रकोपको विवरण छट
४.७ गाउँपालिकामा हुन सक्ने सम्भावित प्रकोपको विवरण छठ
**खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति** **छड**
५.१ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था छड
५.२ आश्रित जनसंख्याको विवरण छड
५.३ कृषि छड
५.३.१ बाली उत्पादन छढ
५.३.२ कृषि बालीमा लाग्ने रोग टण
५.३.३ कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरुको विवरण टण
५.३.४ बाली पात्रो टज्ञ
५.३.५ कृषि बजारीकरण टज्ञ
५.३.६ कृषि पकेट क्षेत्रको बिबरण टद्द
५.३.७ जग्गाको उर्वराशक्ति टघ
५.३.८ एग्रोभेट सम्बन्धी विवरण टघ
५.३.९ मलखाद बिक्रेताहरुको विवरण टघ
५.३.१० कृषि सहकारी संस्थाहरुको विवरण टद्ध
५.४ सिंचाइ टछ

५.५ पशुपालन टछ
५.५.१ पशु नश्ल टट
५.५.२ पशुपंक्षीमा लाग्ने रोगहरु टट
५.५.३ गाउँपालिकामा दुग्ध बजारीकरण टठ
५.५.४ पशुपंक्षी पालन तथा विकासका गैर सरकारी साझेदारहरु टड
५.६ थोक तथा खुद्रा व्यापार टड
५.७ अन्य आर्थिक विकासका सम्भावनाहरू टड
५.८ गाउँपालिकाको अर्थतन्त्रको विशिष्टिकरण टढ
५.९ बैंकको विवरण ठण
५.१० सहकारी संस्थाको विवरण ठण
५.११ संघ संस्था तथा विभिन्न समूहहरु ठ६
**खण्ड ६: भौतिक तथा सार्वजनिक पूर्वाधार** भ्चचयच१ द्यययफबचप लयत मभाष्लभम।
६.१ सडक सम्बन्धी विवरण डद्ध
६.१.१ विद्यमान सडक सञ्जाल डछ
६.१.२ यातायात सेवा डछ
६.१.३ झोलुङ्गे पुलहरुको विवरण डट
६.२ संचार डठ
६.२.१ टेलिफोन/मोबाइल डठ
६.२.२ हुलाक सेवा डठ
६.३ विद्युत तथा बैकल्पिक उर्जा डठ
६.३.१ दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण डठ
६.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण डड
**खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा** भ्चचयच१ द्यययफबचप लयत मभाष्लभम।
७.१ शिक्षा डढ
७.१.१ साक्षरताको अवस्था डढ
७.१.२ शैक्षिक जनशक्तिको विवरण ढण
७.१.३ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण **भ्चचयच१ द्यययफबचप लयत मभाष्लभम।**
७.१.४ विषयगत शैक्षिक जनशक्तिको विवरण ढण
७.१.५ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण ढज्ञ
७.१.६ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू ढघ
७.२ स्वास्थ्य ढद्ध
७.२.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू (Female Community Health Volunteers) ढछ
७.२.२ गाउँघर क्लिनीक र नियमित खोप ढट
७.२.३ एच.आई.भी./एडसको अवस्था ढट
७.२.४ सुरक्षित मातृत्वको अवस्थाको विवरण ढठ
७.२.५ परिवार नियोजन ढठ
७.२.६ खोपको विवरण ढड
७.२.७ बाल्यकालमा हुने रोगका जोखिम ढढ
७.२.८ शिशु तथा ५ वर्षमुनिको बाल मृत्युदर ज्ञण्ण

७.२.९ बालपोषण सम्बन्धी विवरण ज्ञण्ण
७.३ खेलकुद तथा मनोरञ्जन ज्ञण्ण
७.४ नागरिक सुरक्षा सेवा ज्ञण्ज्ञ
७.४.१ बृद्धबृद्धाहरूको अवस्था ज्ञण्ज्ञ
७.५ महिला तथा बालबालिका ज्ञण्ज्ञ
७.५.१ महिला सम्बन्धी विवरण ज्ञण्ज्ञ
७.५.२ बालश्रमको अवस्था ज्ञण्घ
७.५.३ बालक्लब ज्ञण्द्ध
७.६ अपा•गताको विवरण ज्ञण्द्ध
७.७ बालश्रमको अवस्था ज्ञण्ठ
७.८ खानेपानी तथा सरसफाई ज्ञण्ठ
७.८.१ खानेपानीको विवरण ज्ञण्ठ
७.८.२ वडागत चर्पीको विवरण ज्ञज्ञण
७.८.३ खुला दिसामुक्त क्षेत्र **भ्चचयच१ द्ययफबचप लयत मभाष्लभम।**
७.९ फोहोर मैला व्यवस्थापन ज्ञज्ञज्ञ

**खण्ड ८ : वन तथा वातावरण ज्ञज्ञद्द**

८.१ प्राकृतिक वन तथा वनस्पती ज्ञज्ञद्द
८.२ लघु वन पैदावार ज्ञज्ञघ
८.३ गाउँपालिकामा पाईने वन्यजन्तु ज्ञज्ञघ
८.३.१ वनमा पाइने वन्यजन्तु, चराचुरुङ्गी तथा वनस्पतीको विवरण ज्ञज्ञद्ध
८.४ वनजंगल ज्ञज्ञद्ध
८.४.१ सामुदायिक वन ज्ञज्ञछ
८.४.२ सरकारद्वारा व्यवस्थित वन ज्ञज्ञढ
८.५ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था ज्ञज्ञढ
८.६ वनपैदावारको माग र आपूर्ति ज्ञज्ञढ
८.७ जडिबुटी सम्बन्धी विवरण ज्ञद्दण
८.८ वन संरक्षणका कार्यहरु र चाल्नु पर्ने कदम ज्ञद्दण

**खण्ड ९ : विकास सुचकाङ्क र गरिबीको स्थिति ज्ञद्दद्द**

९.१ मानव विकास सूचकको विवरण (ज्म्क्ष) ज्ञद्दद्द
९.२ मानव गरीबी सूचकांक (Human Poverty Index) ज्ञद्दद्द
९.३ मानव विकास र गरीबी ज्ञद्दघ
९.४ गरिबी न्यूनीकरण ज्ञद्दघ
९.५ समग्र विकास स्थिति ज्ञद्दघ

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

दिगो र योजनावद्ध विकासलाई अगाडि बढाउनका लागि वैज्ञानिक योजना पद्धतिको आवश्कता पर्दछ । वैज्ञानिक योजना पद्धति निर्माणका लागि भरपर्दो तथ्याङ्कको अपरिहार्यता हुन्छ । त्यसैले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न सम्भावनाहरूको खोजी गर्न सही तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुनाले कुनैपनि स्थानीय तहमा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलव्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले संकलन गरी यो गाउँ पार्श्वचित्र तयार गरिएको छ ।

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन गरेबमोजिम गाउँपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । चौँधौ योजना (२०७३/०७४-२०७५/०७६) ले पनि गाउँपालिकाहरूको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएका र संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयको (सचिवस्तर) निर्णयले पनि विकास योजना सम्वोधनका लागि स्थानीयले भौगोलिक सूचना केन्द्र (GIS)स्थापना र मानव स्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ । यसै प्रयोजनको लागि गाउँपालिकाको वस्तुस्थिति झल्कने गरी गाउँपालिका पार्श्वचित्र (Rural Municipality Profile)तयार गरिएको हो ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरु निम्नानुसार छन् ।

क) गाउँपालिकाको जनसंख्या तथा बिकासात्मक वस्तुस्थिति औंल्याउने ।

ख) गाउँपालिकाभित्र बसोवास गर्ने जनताका आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, स्वास्थ्य तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने ।

ग) गाउँपालिका क्षेत्रमा उपलव्ध सेवा तथा सुविधाहरुको बारेमा जानकारी गराउने ।

घ) गाउँपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरुको अवगत गराउने ।

ङ) गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने ।

च) गाउँपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने ।

छ) गाउँपालिकाक्षेत्रको तथ्याङ्को आधारमा जिल्ला, प्रदेश तथा केन्द्रसम्म सूचना उपलव्ध गराई व्यवस्थापनमा सहयोग गर्ने ।

ञ) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।

झ) गाउँपालिकास्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्न सहयोग पु¥याउने ।

ञ) गाउँपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।

## १.३ अध्ययनको महत्व

नेपाल सरकार सघींय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन गरेबमोजिम गाउँपालिकाले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । गाउँपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको पाश्र्वचित्रले तुलनात्मक मुल्याङ्कनका लागि त्यस ठाउँको वस्तु स्थिति सम्बन्धी जानकारी स्पष्ट हुनु जरुरी छ । विभिन्न स्थानको आवस्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्नका लागि यस अध्ययनले त्रिवेणी गाउँपालिकालाई सहयोग गर्नुका साथै समानुपातिक विकासमा अन्य सरोकारवालाहरुलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ । यसका अलावा गाउँ पाश्र्वचित्रको यो अध्ययन सम्बन्धित क्षेत्रका संघ, संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरुलाई उपयोगी हुने भएकोले यस अध्ययनको महत्व रहेको विषय प्रस्ट हुन्छ ।

## १.४ अध्ययनको औचित्य

स्थानीय आवश्यकता तथा सहभागितामा आधारित विकासात्मक कार्यक्रमलाई प्रोत्साहन गर्न नेपाल सरकारले स्थानीय निकाय अन्तर्गत गाउँपालिकाहरुलाई दिंदै आएको अनुदानहरुमा क्रमश वृद्धि गर्दै लगेको देखिन्छ । विकास खर्च थप गर्नुका साथै नेपाल सरकारले गाउँपालिकाहरुको न्यूनतम शर्तमापनका सूचकहरु पनि निर्धारण गरेको छ । ती सूचकहरु मध्ये हरेक गाउँपालिकाले आ–आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधाारित Rural Municipality Profile तयार गर्नु एक हो । भौतिक विकासका दृष्टिले कमजोर स्थिति रहेको नेपालको सन्दर्भमा यस प्रकारको कार्यले विशेष महत्व राख्ने हुँदा नवीन रहेता पनि यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा गाउँपालिकाले उपलव्धश्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरुको तर्जुमा, कार्यन्वयन एवं् अनुगमन मुल्यांकनका निम्ती मार्गदर्शकको काम गर्ने हुनाले यो अध्ययनको औचित्य रहन्छ ।

## १.५ अध्ययन विधि

यस गाउँपालिकाको पार्श्वचित्रका तयारी गर्दा प्रयोग गरिएका विधिहरु निम्नानुसार छन् –

प्रत्येक वडाहरुका तथ्याकं संकलकहरु खटाई निजहरुले संकलन गरेको तथ्याकको आधारमा तथ्याकं प्रशोधन तथा विश्लेशन गरिएको छ ।

यसमा विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरुबाट उपलव्ध तथ्यांकहरु समावेश गरिएको छ ।

राष्ट्रिय जनगणना, विभिन्न सर्वेक्षण आदिका नतिजाहरु समावेश गरिएको छ ।

यस अध्ययन प्रतिवेदनमा तथ्याङ्कको बिश्लेषणका क्रममा बिभिन्न तालिकाहरु तथा चित्रहरुको प्रयोग गरि बर्णनात्मक तथा तुलनात्मक रुपमा विश्लेषण गरिएको छ ।

पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक(Primary)तथा द्वित्तीय (Secondary)सूचना संकलन गरी गरिएको छ । भू-उपयोग, सडकहरू र सो को गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क(GIS data), स्थलस्वरुप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरर्वाता गरी संकलन गरिएको छ । वडा तहका समस्याहरू र खाँचोहरू वडाबासीहरू बीच सहभागितामूलक छरितो मूल्याङ्कन पद्दति (Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ । यसका साथै गाउँपालिकाको स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, बुद्धिजिवीहरू उपलव्ध प्रतिष्ठित व्यक्तित्वहरूसंग छलफल एवं अर्न्तवार्ता गरी गाउँपालिका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिईएको छ। गाउँपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू गाउँपालिका कार्यालय लगायत गाउँपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ ।

## १.६ अध्ययनका सीमाहरु

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरेबमोजिम गाउँपालिका पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्यांकहरुको स्रोत र आधार वर्ष खुलाईएको छ । गाउँका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलव्ध गराएका तथ्यांक, केन्द्रीय तथ्यांक विभाग, विभिन्न मन्त्रालय, विभागहरु, सम्बन्धित गाउँपालिकाआदि स्रोतहरुबाट उपलव्ध तथ्यांकको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ । पार्श्वचित्रको अवधारणाअनुसार यसले त्रिवेणी गाउँपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ । अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ । यद्यपि सीमित स्रोत, साधन तथा समयको परिधिले यस अध्ययनलाई केही सिमिततामा बाँधेएको छ । तथापि यस अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकताअनुसार तथ्याङ्क संकलन गरिएको छ ।

# खण्ड २ : त्रिवेणीगाउँपालिकाको परिचय

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

त्रिवेणी गाउँपालिका कर्णाली प्रदेश अन्तर्गत सल्यान जिल्लाका साबिकका काभ्रा, काँरागिठी, फलाबाङ र त्रिवेणी गरी ४ ओटा गा.वि.स.लाईसमावेश गरी स्थापना भएको हो । शारदा खोला, लुहाम खोला र घुर खोलाको संगम स्थल भएकालेनै यस नाउँ त्रिवेणी गाउँपालिका रहन गएको हो । यस गाउँपालिकाको कुल क्षेत्रफल जम्मा ११९.११ वर्ग कि.मि रहेको छ । यसगाउँपालिकाको पूर्वमा कपुरकोट गाउँपालिका, पश्चिममा कालिमाटी गाउँपालिका उत्तरमा शारदा नगरपालिका र छत्रेश्वरी गाउँपालिका र दक्षिणमा दाङ जिल्ला पर्दछ । त्रिवेणी गाउँपालिका विश्व मानचित्रमा २८° १४ ̇ देखि २८° २० ̇ उत्तरी आक्षांश र ८२° ० ८ ̇ ० ̇ देखि ८२° २० ̇ पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ भने समुद्री सतहबाट ७८३ देखि २,१०७ मिटरसम्मको उचाइमा अवस्थित छ ।

सल्यान जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरु मध्ये त्रिवेणी गाउँपालिका विकासको राम्रो सम्भावना बोकेको गाउँपालिका हुनुका साथसाथै यहाँका सचेत राजनैतिक दल र उत्प्रेरित गाउँवासी यो गाउँपालिकाका दरिलो अनि दीगो विकासका श्रोत हुन् । त्रिवेणी गाँउपालिकाको घरधुरी सर्वेक्षण, २०७५ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १९५४१ जना रहेको छ । जसमा महिला सख्या ९५७७ ( ४७ प्रतिशत र पुरुषको संख्या ९९६४ ( ५३ प्रतिशत) रहेको छ । सवैभन्दा वढि क्षेत्री नातीको र हिन्दु धर्मावलम्वीको वाहुल्यता रहेको छ ।

२०६८ को जनगणनाअनुसार यस गाउँपालिकाको जनसंख्या १६,६२४ रहेको छ जस मध्ये महिलाको जनसंख्या ८,८९८ (५३.५३ प्रतिशत) र पुरुषको जनसंख्या ७,७२६ (४६.४७ प्रतिशत) रहेको छ । यस गाउँपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । २०६८ को जनगणनाअनुसार सबैभन्दा बढी क्षेत्री जाति ९,०९३ जना (५४.७२%), दोस्रोमा मगर ४,४३५ (२६.६८%) र तेस्रोमा कामी१,२९६ (७.८०%) हरुको बसोबास रहेको छ । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य स्रोतहरुमा व्यापार, नोकरी, उद्योग साथै वैदेशिक रोजगारी पनि हो । परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम क्रमश: बढिरहेको छ । यस गाउँपालिका आधारभूतदेखि माध्यमिक शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्थाहरु रहेका छन् भने उच्च शिक्षा विकासको पहल भैरहेको छ।यस गाउँपालिकामा सामुदायिक र संस्थागत गरी ६ वटा माध्यामिक तहका विद्यालय र २९ वटा आधरभूत तहका विद्यालय गरी जम्मा ३५ वटा शिक्षण संस्थाहरु संचालित छन् । विगत लामो समयसम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, योजनावद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन नसके तापनि हाल २०७४ साल वैशाख ३१ गते भएको स्थानीय तहको निर्वाचन तथा जनप्रतिनिधिहरुको वहाली पछि यस गाउँपालिकाको समग्र विकासले छलांग

मार्ने तर्फ उद्धत भएको छ । निर्वाचनको शिलशिलामा जनता समक्ष गरिएका प्रतिवद्धता हाल जनताका माग आवश्यकता सम्वोधन गर्न वर्तमान जनप्रतिनिधिहरु लागि परेको अवस्थाले यस गाउँपालिकाले सम्वृद्धिको मार्गमा लम्कने कुरामा शंका गर्ने ठाउँ देखिदैन । खाली जनप्रतिनिधिहले काँधमा काँध मिलाई जनाको साथ र सर्मथनको खाँचो छ । जसको लाधि वर्तमान जनप्रतिनिधि तथा कर्मचारीहरुको र सम्पुर्ण नागरिकले काँधमा जिम्मेवारी मस्तिष्कमा इमान्दारी र मनमा समभ्रूदारी कायम गर्न जरुरी छ । विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस गाउँपालिकामा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, माघि, होली, गौरा, कृष्णजन्माष्टमी, महाशिवरात्री, साउने र माघे संक्रान्ति, चैते दशै, बकरइद, बुद्धजयन्ती आदि यहाँका चाडपर्व आफ्नो धर्मअनुसार मनाउने गरेको पाईन्छ ।



## २.२ गाउँपालिकाको स्थापना

संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मासाविककाकाभ्रा, कारागिठी, फलाबाङ र त्रिवेणी गा.वि.स.हरु लाई समावेश गरि त्रिवेणी गाउँपालिका घोषणा गरिएको हो ।साविकको त्रिवेणी र फलाबाङ गा.वि.स.को मिलन विन्दु र हाल त्रिवेणी गाउँपालिकाको केन्द्र रहेको लुहाम बजार नजिकै त्रिवेणीधाम अवस्थित छ । यस क्षेत्रको पवित्र धामको रुपमा रहेको यसै त्रिवेणीधामबाट यस गाउँपालिकाको नामाकरण गरिएको हो ।त्रिवेणी गाँउपालिकाको संरचना अनुसारको वडा विभाजन तलको तालिकामा उल्लेख गरिएको छ ।

त्रिवेणी गाउँपालिकाको वडा विभाजन

| समावेश भएका साविक गा.वि.स. | साविक वडा नं. | कायम भएको वडा नं. |
|---|---|---|
| काभ्रा | १-९ | १ |
| काँरागिठी | १-९ | २ |
| फलावबङ | १-५ | ३ |
| फलावाङ | ६-९ | ४ |
| त्रिवेणी | १-६ | ५ |
| त्रिवेणी | ७-९ | ६ |

*स्रोत : संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय, काठमाडौं, नेपाल*

## २.३ राजनैतिक तथा प्रशासनिक केन्द्र

नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णयअनुसार माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२२ मा साविकका काभ्रा, काँरागिठी, फलाबाङ र त्रिवेणी गा.वि.स समावेश गरी जम्मा ६ वडाहरु कायम गरीत्रिवेणी गाउँपालिका स्थापना गरिएको हो ।हाल यस गाउँपालिकाको राजनैतिक तथा प्रशासनिक केन्द्र लुहाम बजारमा रहेको छ ।




गाउँपालिकामा समावेश भएका साविकका गाविसहरु




गाउँपालिकाको वडा विभाजन

## २.४ भौगोलिक अवस्थिति




गाउँपालिकाको उचाई वितरण

सल्यान जिल्लामा अवस्थित यस त्रिवेणी गाउँपालिका भौगोलिक क्षेत्रको हिसाबले मध्यपहाडी क्षेत्रमा पर्दछ । त्रिवेणी गाउँपालिका नेपालको मानचित्रमा २८° १४' देखि २८° २०' उत्तरी आक्षांशसम्म र ८२° ०८' देखि ८२° २०' पूर्वी देशान्तरसम्म फैलिएको छ । यो गाउँपालिका समुद्री सतहबाट ७८३ देखि २,१०७ मिटरसम्मको उचाइमा फैलिएको छ ।

## २.५ भू-बनावट

गाउँपालिकाको केही भू-भाग बेसी, केही शिवालिक र उच्च पहाडी क्षेत्र रहेको छ । भू-आकृतिमा भएको यस फरकअनुसार यस गाउँपालिकालाई तीन क्षेत्रमा विभाजन गर्न सकिन्छ ।

### (क) बेसी

नदीले बनाएका फाँटहरुका साथसाथै केही ठूला खोलाहरुले बनाएको भाग नै यस क्षेत्रमा पर्दछन् । पहाडको फेदमा रहेको खुल्ला समथर खेती योग्य जमीन यस क्षेत्र अन्तर्गत पर्दछ । भौगर्भिक इतिहासको पछिल्लो चरणमा निर्मित भूभाग भएको हुँदा यो क्षेत्र कमजोर र भूस्खलनशील रहेको छ । यस क्षेत्रमा यस गाउँपालिकाको ७८३ मिटरदेखि १००० मिटरको उचाइ रहेको क्षेत्र पर्दछ ।

### (ख) शिवालिक क्षेत्र

यस गाउँपालिकाको अधिकांश भू-भाग शिवालिक क्षेत्रमा पर्दछ । यहाँको भू-भाग पत्रे चट्टान एवं माटो ढुंगा को समिश्रणले भरिएको छ । यस भू-भागमा वनजङ्गलको मात्रा अत्यधिक छ । प्राय: मानव वस्तीको प्रधानता रहेको क्षेत्र हो । समुद्री सतहबाट १००० देखि १५०० मिटर सम्मका मोडदार पहाडहरु यस क्षेत्र अन्तर्गत पर्दछन् ।

### (ग) उच्च पहाडी भू-भाग

समुन्द्री सतहबाट १,५०० मिटरदेखि २१०७ मिटरसम्म उचाई रहेको यो भू-भाग कडा चट्टान कठीन धरातलीय स्वरुप भएका कारण मानववस्ती यहाँ कम रहेको छ । उच्च पहाडी श्रृंखलाहरु र झाडी बुट्यानले यस क्षेत्रलाई ढाकेको छ ।

## २.६ माटोको वनावट र उर्वराशक्ति

यस गाउँपालिकाको भौगोलिक बनावटको अवस्थालाई हेर्दा यहाँको अधिकांश माटोमा उब्जाउ क्षमताको कमी देखिन्छ । यहाँ बढी मात्रामा बलौटे, कडा चट्टान तथा नदी वेशीहरुमा बलौटे दोमट र खेतीयोग्य माटो पाईन्छ । गाउँपालिकाको दक्षिणी भागमा महाभारत पर्वतको अग्रभाग तथा चुरे पर्वत समेत पर्ने हुँदा कमजोर बनावटको बलौटे तथा खिईने खालको ढुङ्गाहरुको बढी मात्रामा बर्चश्व रहेको देखिन्छ, जसमा उब्जाउको सम्भावना ज्यादै न्यून रहन्छ । यसका अलावा, गाउँपालिकाको उत्तरी, पूर्वी तथा पश्चिमी भाग महाभारत श्रृखंलामा पर्ने हुँदा यहाँ Phyllites, Schist, Quartize, Lime stone मात्रा अत्यधिक रहेको छ, यस क्षेत्रमा समेत उत्पादनको सम्भावना न्यून रहन्छ । तथापि, पहाडी टार तथा नदी, वेशीहरु

उत्पादनका दृष्टिकोणले ज्यादै संभावनायुक्त देखिन्छन् । समग्र देशको नमूना अध्ययनका आधारमा यस गाउँपालिकाको माटोको प्रकार र उर्वरताको बारेमा निम्नानुसार पाइन्छ ।

### क) पाँगो माटो

यहाँका नदी बेसीहरुमा पाँगो माटोको प्रचुरता छ । जहाँ पर्याप्त अन्न उत्पादन र तरकारी बालीको संभावना छ । नदीहरुले बगाई ल्याएको सडेको पातपतिङ्गर र अन्य कम्पोष्ट मलजन्य पदार्थलाई छेउछाउका तटवर्ती भागमा निक्षेप गर्दै जाँदा यी भागहरु अत्यधिक उब्जाउयोग्य रहेका छन् । तथापि, वर्तमान समयमा रसायनिक मलको व्यापक प्रयोगको कारण यहाँको माटोमा अम्लीयता वृद्धि भई उत्पादन ह्रासको स्थिति देखापरेको छ । लगातार भू क्षय तथा वन विनाशका कारण नदीहरुले चून ढुँगा, बलौटे, गेग्र्यानयुक्त पदार्थहरु निरन्तररुपमा निक्षेप गर्दा पाँगो माटोको गुणस्तरमा विस्तारै ह्रास आइरहेको छ ।

### ख) बलौटे माटो

यो माटो बालुवा, कंकड, ट्यापी र ढुंगा मिश्रित माटो हो । यो उब्जाउको दृष्टिकोणले न्यून कोटीको मानिन्छ । विशेष गरी गाउँपालिकाको पहाडी भागहरुमा यो माटोको बाहुल्यता छ । अपेक्षाकृत कम मात्रामा मात्र दलहन र मकै बालीको मात्र यहाँ उत्पादन हुन्छ । यहाँ सिंचाइको समेत अभाव रहेको छ । यहाँको माटोको बनावटमा ढुँङ्गा माटो, कंकड, चुना, फलाम, जीवाष्मको तत्व नभएको माटोको प्रचुरता हुन्छ । उब्जाउको दृष्टिकोणले यहाँको माटोमा नदी बेसीतिर धान, गहुँ, मास, मकै, मध्य पहाडी भागतिर मकै, दलहन र उच्च भागतिर आलु, जौ आदि उत्पादन हुने गर्दछ ।

## २.७ गाउँपालिकाको भू-उपयोग

भू-उपयोगको बितरण

| साबिकका गा.वि.स.हरु | कृषि क्षेत्र (हे.) | वन क्षेत्र (हे.) | झाडी बुट्यान (हे.) | चरन क्षेत्र (हे.) | अन्य (हे.) | जम्मा (हे.) |
|---|---|---|---|---|---|---|
| काँरागिठी | ५८३.० | ११३३.८ | ४५.० | ३०.२ | १९३.० | १९८५.० |
| काभ्रा | ७३५.० | १२१५.० | २३.० | १०.० | ५७१.० | २५५४.० |
| फलावाङ | ११२८.० | २२६५.० | ३१.० | १७.० | ९०७ | ४३४८.० |
| त्रिवेणी | ७९०.० | १८०७.० | २३.० | ११.० | ३९२.० | ३०२४.० |
| कुल | ३२३६ | ६४२०.८ | १२२ | ६८.२ | २०६३ | ११९११ |
| प्रतिशत | २७.६८१६ | ५३.९०६४७ | १.०२४२६३ | ०.५७२५८ | १७.३२०१२ | १००.०० |

*स्रोत: जिल्ला वन कार्यालय, सल्यान २०७४*

माथि तालिकामा देखाएअनुसार गाउँपालिकामा सबैभन्दा बढी भूभाग वनक्षेत्रले ओगटेको छ । गाउँपालिकाको कुल क्षेत्रफलको झण्डै ५४ प्रतिशत भूभाग वनक्षेत्रले ओगटेको छ भने कृषि क्षेत्र २७.६८ प्रतिशत रहेको छ । त्यसैगरी झाडी तथा बुट्यानले १.०२ प्रतिशत, चरन क्षेत्र ०.५७ प्रतिशत छ भने अन्य (बालुवा, पानी, आदि) ले १७.३२ प्रतिशत भूभाग ओगटेको देखिन्छ । समग्रमा भन्नुपर्दा यस गाउँपालिकामा

यहाँका बासिन्दाहरुले प्राकृतिक श्रोतको फाइदा लिन सक्छन् किनभने यहाँ जंगलले धेरै क्षेत्रफल ओगटेको साथसाथै कृषि योग्य जमिनको अवस्था पनि राम्रै देखिन्छ ।

## २.८ खनिज श्रोत



### क) कोइला

महाभारत पर्वत श्रृंखला अन्तर्गत पाईने कोईला सल्यान जिल्लाको खनिज पदार्थमा प्रमुख रुपमा रहेको छ । त्रिवेणी गाउँपालिकाको वडा नं १ स्थित काभ्रामा विभिन्न स्थानमा कोईला भएको अनुमान गरिएको छ । भौगोलिक विकटताले यहाँको कोईला उत्खनन तथा प्रयोग भएको छैन ।

### ख) चुनढुङ्गा

पत्रे चट्टान र नरम खालको चट्टान भएको ठाउँमा पाईने चुन ढुङ्गा गाउँपालिकाको विभिन्न भागमा पाईन्छ । यसको उत्खनन र प्रयोग त्यति नभएकाले यसको महत्व पनि यहाँ त्यति भएको पाइँदैन । विशेष गरि गाउँपालिकाको वडा नं १ स्थित काभ्रामा सिमेन्ट उत्पादनको लागि उत्तम चुन ढुङ्गा मानिन्छ । साथै वडा नं. ५ मा समेत चुनढुगा खानी रहेको पाइएको छ ।

### ग) ढुङ्गाखानी

प्राय घर छाउने कार्यमा प्रयोग हुने स्लेट ढुङ्गा गाउँपालिकाको विभिन्न ठाउँमा पाइएको छ । मानिसहरुले स्थानीय रुपमा घर बनाउने र घर छाउने भएकाले यसको प्रयोग व्यापक रुपमा भएको छ ।

### घ) अन्य खानी

यस गाउँपालिकामा तामा खानी र सिसा खानी पाईन्छ ।

## २.९ भू-क्षेत्रको वर्गीकरण

त्रिवेणी गाउँपालिकाको भूमिलाई भू-बनौट, प्रणाली, भू-स्खलन जस्ता प्रवृत्तिका आधारमा ४ वर्गमा विभाजन गरिएको छ Land Resource Mapping Projectले तयार गरेको वर्गीकरणको आधारमा मनसुनी कृषि तथा बनस्पती पक्षलाई विशेष ध्यान दिएको छ । भुमिको वर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading)क्रममा राखिएको छ । अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रवृत्ति पहिलो “क” वर्गदेखि चौंथो “घ” वर्ग तर्फ बढ्दै जान्छ । त्यसै क्रमले भूमिको स्थायित्वलाई मजबुत बनाउन उपायहरुको अवलम्बन गर्नुपर्दछ । भौतिक लक्षण (Physical characteristics)का आधारमा त्रिवेणी गाउँपालिकालाई निम्न अनुसार वर्गीकरण गर्न सकिन्छ ।

### (क) भिरालो1°-5°(माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने)

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गह्राहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ। माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमीनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ।यस वर्गको जमिनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ। यस्तो जमीनमा धान खेती गर्न सकिन्छ। सिंचाई सुविधा उपलव्ध भएको छ भने माटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ।

### (ख) भिरालो5°-30°(माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)

५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मी. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ। यस वर्गको जमीनमा पहिरो जाने, जमीन भासिने जस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्यरुपमा देखा परिरहन्छन्। त्यसैले जमीनलाई सामान्यरुपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुने हुन्छ। वन, वनस्पतिका लागि यो जमीन त्यति सहज हुँदैन। गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमीनमा प्रश्रय दिन ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पुऱ्याउँछ ।यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमीनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रुपमा पहिले देखि नै भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउँदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्ने हो भने

शुरुमा विशेष सावधानी अपनाउनु पर्दछ। अलिकती पनि बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ।

### (ग) भिरालो. 30° –40°माटोको गहिराई २० से.मी. मात्र भएको, पानीको निकाससहज भएको तथा जमीनको भिरालोपन ३०° (१.७ मिटरमा १ मी.) भन्दा बढी भएको, काठ दाउरा उत्पादन गर्न उपयुक्त)

माटोको पत्र २० से.मी. मात्र गहिराई भएको पानीको निकास सहज भएको तथा जमीनको भिरालोपन ३०° (१.७ मिटरमा १ मि.) भन्दा बढी भएको जमीन यस वर्गमा पर्दछ। यस प्रकारको ज्यादा भिरालोपन भएको जग्गामा गह्रा बनाएर खेती गर्नु फाइदाजनक देखिँदैन। यस प्रकारको जमीनमा वर्षाको पानीबाट छिटो खोल्सीहरू बन्ने वा बाढीले क्षति पुऱ्याउने ठूलो सम्भावना रहन्छ । यस प्रकारको जमीनमा बनस्पतीहरू लगाउन, उपयुक्त देखिन्छ। यहाँ काठ र इन्धनका लागि वन पैदावारको उत्पादन वृद्धि गर्नु उपयुक्त हुनेछ। पहिरो जाने वा बाढीबाट क्षति हुने प्रवृत्ति  यस प्रकारको जमीनका सामान्य लक्षण हुन्।यस्तो क्षेत्रमा जङ्गलको विकास गरी इन्धन, पशु आहार तथा काठ उत्पादन गर्न सकिन्छ। जङ्गल फडानी भएको छ भने पनि यस्तो क्षेत्रमा बोटविरुवालाई पुनः हुर्काउन सकिन्छ या त वृक्षारोपण गर्न सकिन्छ। यस वर्गमा पर्ने जमीनहरूमा गाईबस्तुलाई चराउने चलन कडाइकासाथ नियन्त्रण गर्नुपर्छ। यदि इन्धन, पशु, आहार तथा चरनको लागि उपयोग गर्ने हो भने पनि वार्षिक उपयोगले भविष्यको उत्पादकत्वलाई जोखिममा पार्ने खालको हुनुहुँदैन। यस प्रकारको क्षेत्रमा यस्तो वन पैदावार उपयोग गर्ने तरिका, स्थान र पहुँचको लागि सडक विस्तारका विशेष र सुरक्षित योजना बनाउनु पर्दछ। यस्तो जमीन खेतिको लागि उपयुक्त हुँदैन।

### (घ) भिरालो40°माटोको गहिराई २० से.मी. भन्दा कम भएको, भु-क्षय भइरहने पुनरुत्पादनको संभावना कम भएको

ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटो पत्र (तह) २० से.मी. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमीन यस वर्गमा पर्दछ। यस प्रकारको जमिन अति नै कमजोर, भू-क्षयीकरणको प्रवृत्ति भएको तथा पुनर्निर्माण र पुनर्स्थायीकरणको सम्भावना पनि अत्यन्त कम भएको कारण अन्न एवं वनस्पती खेतीका लागि अनुपयुक्त मानिन्छ । यस प्रकारको जमीनलाई घाँस वा बोट-विरुवा लगाएर हराभरा बनाइराख्नु पर्छ, किनभने माथि उल्लेख गरिए झैं एकातिर यस्तो जमीनमा भू-क्षयीकरणको प्रवृत्ति तीव्र रहेको हुन्छ भने अर्कोतिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुनः अधिग्रहण (reclaim) गर्न असम्भव नै हुन्छ। उच्च भू-भागमा माटोको तापक्रम कम रहने भएबाट तथा भिरालोपन भएबाट माटो सजिलैसँग बग्दछ।




गाउँपालिकाको भिरालोपना

## २.१० हावापानी

गाउँपालिकामा भू-धरातलीय स्वरुपमा विविधता रहेकाले उचाइअनुसार हावापानीमा पनि विविधता पाइन्छ । नदी खोलाको किनारमा उष्ण हावापानी पाइन्छ भने अन्य भू-भागमासमशितोष्ण हावापानी पाइन्छ । यस गाउँपालिकामा न्यूनतम २ डिग्री सेल्सीयसदेखि अधिकतम ३४ डिग्री सेल्सियससम्म तापक्रम पाइन्छ । असार, साउन र भदौमा धेरै वर्षा भएतापनि हिउँदमाकम बर्षा हुन्छ ।गाउँपालिकाको १२ महिनाको औषत तापक्रम तलको तालिकामा उल्लेख गरिएको छ ।

तापक्रमको विवरण

| क्र.सं. | महिना | औसत अधिकतम तापक्रम (डिग्री सेल्सियस) | औसत न्यूनतम तापक्रम (डिग्री सेल्सियस) | कुल वर्षा (मिलिलिटर) |
|---|---|---|---|---|
| १ | वैशाख | ३७.० | १४.० | ३४.० |
| २ | जेष्ठ | ३८.२ | १५.२ | ५९.६ |
| ३ | आषाढ | ३१.२ | १४.० | २९४.४ |
| ४ | श्रावण | ३०.० | १८.० | ५२२.१ |
| ५ | भाद्र | ३०.२ | १४.० | ८५.० |
| ६ | असोज | ३२.० | ११.२ | ६०.० |
| ७ | कार्तिक | २१.० | ७.० | ०.० |
| ८ | मंसिर | २८.० | २.२ | ४४.० |
| ९ | पुस | २५.४ | २.२ | ३३.८ |
| १० | माघ | २६.४ | ३.२ | ८.४ |
| ११ | फाल्गुण | ३२.० | ७.० | १९.६ |
| १२ | चैत्र | ३२.२ | ११.० | फाटफूट |

*श्रोत: जल तथा मौसम विज्ञान विभाग, काठमाडौँ २०७४*

## २.११ गाउँपालिकामा रहेका सम्भाव्यता र अवसरहरु

गाउँपालिका क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, तालतलैया तथा नदीनालाहरुमा माछापालन व्यवसाय, आधुनिक कृषि व्यवसाय, व्यापार जस्ता थप आर्थिक विकासका सम्भाव्यक्षेत्रहरू रहेका छन्।

समग्रमा यस त्रिवेणी गाउँपालिकाको विभिन्न क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। गाउँपालिकामा रहेको खेती योग्य जमीनमा खाद्यान्नको साथै अन्य नगदे बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यवसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलव्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई वातावरणीय सन्तुलन कायम गर्न सकेमा भावी पुस्ताको लागि एउटा

सुरक्षितस्थानको जोहो गर्न सकिन्छ।ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ। गाउँपालिका क्षेत्रमा प्राकृतिक नदी तथा खोलाहरु भएको र थप केही अन्य सम्भाव्य ठाउँहरूमा पोखरी निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने देखिन्छ ।गाउँपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरूमा जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सो क्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरु रहेको यो गाउँपालिका गहनाको रुपमाफलाबाङ दरबार, लुहाम पञ्चेश्वर मन्दिर, लुहाम शिवालय मन्दिर, लगायत विभिन्न मठ मन्दिर तथा यहाँको लोक सँस्कृति आदि छन् । यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ।

गाउँपालिका तथा नेपालमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाका इच्छुक युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी एकीकृतरुपले गाउँपालिका भित्रै रोजगारी श्रृजना गर्न सकेमा गाउँपालिकाको आर्थिक विकासमा यसले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

यसका अतिरिक्त त्रिवेणी गाउँपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- गाउँपालिका क्षेत्र भित्र रहेका नदी तथा खोलाहरुबाट आधुनिक कुलो मार्फत् पानी सिंचाई गरी व्यावसायीक रुपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ ।
- स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुबिधा लिनुका साथै समग्र गाउँपालिकाको सुन्दरतामा वृद्धि हुन सक्छ ।
- तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले ब्यवसायिक कृषि उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ ।

- यस गाउँपालिका क्षेत्रमा साना घरेलु उद्योगको विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी वृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ ।
- यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरु रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।
- सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरु यस क्षेत्रमा क्रियाशिल रहेकाले गाउँपालिकाको विकासमा साझेदार हुन सक्ने देखिन्छ ।
- गाउँपालिका क्षेत्रमा उपभोक्ताहरुको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

## २.१२ गाउँपालिकाको अवसर र सम्भावनाहरु

यस त्रिवेणी गाउँपालिकाको विद्यमान अवसर र सम्भावनाहरुलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

- वन, उर्वर कृषि जमीन, नदी नाला, सम्म भौगोलिक अवस्था र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलव्धता देखिन्छ ।
- शिक्षित मानवीय श्रोतमा वृद्धि हुँदै गएको देखिन्छ ।
- युवा जनसमुदायको बाहुल्यता देखिन्छ ।
- शिक्षा केन्द्रहरुको संचालनमा व्यवस्था
- पर्यटन क्षेत्रको विकास

## २.१३ गाउँपालिकाको चुनौती तथा समस्याहरु

यस त्रिवेणी गाउँपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरुलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

- गाउँपालिकाको क्षेत्र भित्र रोजगारमुलक उद्योगधन्दा, कलकारखाना कमी हुनु ।
- सार्वजनिक निर्माण र विकासमा सम्बन्धित निकायहरुको समन्वयको अभाव ।
- गाउँपालिका क्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको उचित व्यवस्थापन हुन नसक्नु ।
- गाउँपालिका क्षेत्रभित्रका धेरै सडकहरु कच्ची तथा कम गुणस्तरको रहनु ।
- झण्डै २४% भूभाग कृषि क्षेत्र भए तापनि व्यवसायिक खेतीको पर्याप्त विकास हुन नसक्नु ।
- आयश्रोतको कमिले गाउँपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- योजनाबद्ध बस्ती बिकासको अभाव ।
- कृषियोग्य भूमि खण्डिकृत हुदै प्रयोग बिहीन हुनु ।
- वातावरण संरक्षण र फोहोर व्यवस्थापनको ठोस योजना नहुनु ।
- यसका अलावा गाउँपालिका क्षेत्रमा नदी कटान, अनियन्त्रित ढुंगागिटी बालुवाको उत्खनन्, बनजंगल तथा वन्यजन्तुहरुको चोरी निकासीलाई नियन्त्रण गर्नु चुनौतीपूर्ण रहेको छ ।

## २.१४ गाउँपालिकाको अन्तर गाउँपालिका/नगरपालिकासँगसम्बन्ध

कुनै एउटा नगरपालिका तथा गाउँपालिकाको अर्को नगरपालिका अथवा गाउँपालिकासँग कुनै न कुनै रुपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ। सम्बन्धको प्रकृति र दुरी नगरपालिकाहरू तथा गाउँपालिकाहरु बीच फरक-फरक हुन सक्छ। पारस्परित विकासका निम्ति सामाजिक आर्थिक पूर्वाधारमा अन्तरसम्बन्ध र अन्तरनिर्भरता, भौगोलिक सन्निकटताले महत्वपूर्ण भूमिका खेल्दछ । ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावार, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन्। यस गाउँपालिकामा भएका विविध खाले सुविधा प्राप्त गर्न अन्य गाउँपालिकाबाट आउने गरेको देखिन्छ। अन्य पहाडी/तराई क्षेत्रबाट कृषि र वनजन्य उत्पादनहरू यस गाउँपालिकामा भित्रिने गर्दछन् र यहाँको विभिन्न घरेलु उद्योगबाट उत्पादित वस्तु तथा विभिन्न सेवाहरू अन्य गाउँपालिका/नगरपालिकासम्म निर्यात गर्ने गरेको पाइन्छ जसले गर्दा यहाँका स्थानीय बासिन्दाको आयस्तरमा वृद्धि हुन पुगेको छ । यी विविध कारणले अन्तर नगरपालिका/गाउँपालिका सम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ। त्रिवेणी गाउँपालिकाको छिमेकी नगरपालिका, गाउँपालिका तथा जिल्ला समन्वय समितिजस्ता सरकारी निकायहरुसँग राम्रो सम्बन्ध रहेको छ । फलतः यस क्षेत्रको विकासात्मक कृयाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ। त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्वन्ध रहेको छ।

## २.१५ मुख्य नदी तथा ताल तलैयाहरु

गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदी तथा खोलाहरु र जलक्षेत्रले विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता जलाधार क्षेत्रबाट पशुहरूले पानी पिउने र किसानहरूले आंशिकरुपमा सिंचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ। मानव वस्तीको क्रमिक विकास र चापका साथै अनुत्पादक पशुहरूको अत्यधिक चरीचराउ र उपयोगले प्राकृतिक जलक्षेत्र सुक्ने सम्भावना रहेको छ । यस गाउँपालिकामा रहेका नदी तथा खोलाहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

गाउँपालिकामा भएका नदी तथा खोलाको विवरण

| क्र.सं. | नदी/खोलाको नाम | वडा नं | क्र.सं. | नदी/खोलाको नाम | वडा नं |
|---|---|---|---|---|---|
| १ | सल्ले खोला | ५ | ९ | गुप्ता खोला | २ |
| २ | लंकेनी खोला | ६ | १० | रिखे खोला | १ |
| ३ | शारदा खोला | १, २,३/ ६ | ११ | रावल खोला | ३ |
| ४ | घुर खोला | ३,४,५/६ | १२ | कोल्चौर खोला | १ |
| ५ | लुहाम खोला | ३, ४,५ / ६ | १३ | सुवा खोला | १ |
| ६ | पधेरी खोला | ६ | १४ | वास खोला | ३ |
| ७ | जम्मु खोला | ६ | १५ | पिमखोला | ३ |
| ८ | धौले खोला | २ | १६ | वार्ने खोला | ४ |

*स्रोत : त्रिवेणी गाउँकार्यपालिका कार्यालय, २०७५*




गाउँपालिकामा रहेका नदि तथा खोलाहरु

## २.१६ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषिय, बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरीपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले सम्पूर्ण विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म मान्ने मानिसहरु रहेका छन् भने त्यस्तै बौद्ध, इस्लाम र क्रिस्चियन धर्म मान्ने मानिसहरु पनि छन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन् । यस गाउँपालिकामा विभिन्न धार्मिक, प्राकृतिक र पर्यटकीय स्थलहरु रहेका छन् । जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।



### क) फलाबाङ दरबार

सल्यानी राजाको अन्तिम अवशेष फलावाङ दरवार क्षेत्रको आफ्नै ऐतिहासिक महत्व रहेको छ । चारैतिर पहाडले घेरिएको यो सुन्दर ठाउँ राप्ती लोकमार्गमा रहेको लुहाम बजारदेखि दक्षिण दिशातिरको पहाडको टुप्पोमा अवस्थित रावत गाउँमा रहेको छ । नेपालको एकीकरण भन्दा पहिले तेजबहादुर शाहलाई वि.सं. १८८४ मा फलाबाङ थुम र पश्चिम दाङको भूमि सहित राजा पदवी दिईयो र नजरबन्दबाट मुक्त गरिएको थियो । सल्यानी राजपरिवार फलाबाङको थान गाउँमा वि.सं. १८४५ मा निर्मित राजदरबारमा आई बस्न थाले, जुन त्यस अघि दङगाली राजाद्वारा निर्मित पुरानो दरबार भनिन्छ । त्यस स्थानमा दङ्गाली

राजा मणि शाक्यका छोरा रत्न परिक्षकद्धारा निर्मित रत्ननाथ मन्दिर समेत रहेको छ । यस मन्दिरमा विजया दशमीमा नवदुर्गा देविको पूजापाठ र कोटमा बली पुजा गरिन्छ । यस दरबारमा वि.सं. १९०५ मा नरेन्द्र बहादुर शाहले शासन गरेका थिए । वि.सं. १९५७ देखि १९६९ सम्म शम्शेर बहादुर शाहले शासन गरेका थिए । त्यस समय नरेन्द्र बहादुर शाहले नयाँ दरबारको निर्माण गरेका थिए, जसलाई पुतली दरबारको नामले चिनिन्थ्यो । सो दरबारमा ५५ कोठा र १०८ झ्याल रहेका थिए । उनले वि.सं. १९६१ मा श्री कालिकादेवी र शिवालय समेत निर्माण गरेका थिए । उनको समयमा यस गाउँमा बाटोघाटो निर्माण, पिउने पानी र सिंचाईका लागी बाँधकुलो निर्माण गर्ने काम पनि गरेका थिए । उनको पालामा यस गाउँमा भाषा पाठशाला र आयुर्वेदिक औषधालयको पनि निर्माण भएको थियो । वि.सं. १९९५ मा उनले राज्याधिकार त्याग गरि जेठा छोरा गेहेन्द्र बहादुर शाहलाई सुम्पिएका थिए । गेहेन्द्र बहादुर शाह नेपालका तत्कालिन प्रधानमन्त्री जुद्ध शम्शेरका ज्वांई थिए । वि.सं २०१७ सालमा सल्यानी राजाका सन्तान दरसन्तानले सल्यानी राजा पदवी र बार्षिक २४ हजार रुपैंया पाउने गरि राज्य उन्मुलन गरियो । त्यसपछि त्यस दरबारको रेखदेख स्थानीय रुद्रवीर रावतले गर्न थाले । त्यसपछि स्थानीय भिम बहादुर बिष्टले दरबारको रेखदेख गर्न थाले । दरबार रेखदेख गर्नेले भोगचलन गर्ने गरेको जग्गाको विवादका कारण भिम बहादुर बिष्टले पनि रेखदेख गर्न छोडेपछि दरबारको मुल ढोकामा भोटे ताल्चा झुन्डाईएको थियो । स्थानीयहरुको भनाईअनुसारवि.सं. २०५२ सालमा शैक्षिक भ्रमण आएका विद्यार्थीहरुले ताल्चा फोरेर दरबार अवलोकन गरेका थिए । त्यसपछि यो दरवार पूर्ण रुपमा खुला र वेवारिसे हुन पुग्यो । त्यसपछि यहाँका सरसामान विस्तारै चोरी हुन थाले । यसरी सल्यानी इतिहासको पछिल्लो अध्ययनको प्रतीक फलाबाङ दरबार अहिले अस्थिपञ्जरमा परिणत भएको छ । यसको संरक्षण र पुनः निर्माण हुन सकेमा यो स्थान सल्यान जिल्ला कै प्रमुख ऐतिहासिक  र पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न सकिने छ । यसको लागि यहाँको स्थानीय निकाय र जनताहरुले पहल गर्नु पर्ने देखिन्छ ।

### ख) लुहाम पन्चेश्वर मन्दिर

लुहाम पन्चेश्वर मन्दिर त्रिवेणी गाउँपालिकाको प्रमुख धार्मिक स्थलको रुपमा रहेको छ । यो मन्दिर वडा नं ६ अन्तर्गत पर्दछ । यहाँ विषेश गरी शिव, पार्वती र राधा कृष्ण भवानीको पूजा गर्ने गरिन्छ । यहाँ पन्चेश्वर मन्दिर र राधा कृष्ण मन्दिर रहेका छन् । यहाँ यज्ञशाला, आश्रम र धर्मशाला समेत निर्माण गरिएको छ । यस मन्दिरमा विशेष गरि तीज, कृष्ण जन्माअष्टमी र शिव रात्रिमा पूजा गरिन्छ, जहाँ भव्य मेला समेत लाग्ने गर्दछ । यस मन्दिरमा सल्यान जिल्लाबाट र छिमेकी जिल्लाहरुबाट पनि भक्तजनहरु आउने गरेको पाइन्छ । यस मन्दिर व्यवस्थापन समितिले पूजारी राखी नियमित पूजा गर्ने गरेको पाइन्छ । गाउँपालिकाको प्रमुख धार्मिक स्थलको रुपमा रहेको यस मन्दिरको राम्रो संरक्षण गरि आन्तरिक एवं वाह्य पर्यटकको आकर्षण स्थल बनाउन आवश्यक रहेको छ ।

### ग) शिद्ध गुफा

शिद्ध गुफा त्रिवेणी गाउँपालिका वडा नं १ मा रहेको छ । यस गुफामा विशेष गरि शिवको पूजा गर्ने गरिन्छ । यस गुफामा पूजाको लागी जिल्लाका विभिन्न नगरपालिका/गाउँपालिकाहरुबाट भक्तजनहरु

आउने गरेको पाइन्छ। यो गुफा आकर्षक र रहस्यमय रहेको छ। यस गुफालाई संरक्षण र प्रचारप्रसार गरि गाउँपालिकाको धार्मिक एवंम पर्यटकीय स्थानको रुपमा विकास गर्न सकिन्छ।

गाउँपालिकामा भएका धार्मिक, प्राकृतिकतथा पर्यटकीय महत्वका स्थानहरू

| क्र.सं. | धार्मिक स्थलको विवरण | स्थान |
|---|---|---|
| १ | लुहाम पन्चेश्वर मन्दिर | **वडा नं ६** |
| २ | शिव मन्दिर | **वडा नं. ५** |
| ३ | लुहाम शिवालय मन्दिर | **वडा नं. ६** |
| ४ | फलाबाङ दरबार | **वडा नं. ४** |
| ५ | रतननाथ मन्दिर | **वडा नं. ४** |
| ६ | बराहा मन्दिर | **वडा नं. १, हास्य पोखरा** |
| ७ | थरकोट लेक | **वडा नं. ३ र ४** |
| ८ | शिद्ध गुफा | **वडा नं. १** |
| ९ | शिद्धबाबा थान (प्रत्येक वर्ष असारको पहिलो मंगलबार पूजा गर्ने गरिन्छ।) | **वडा नं. ५** |
| १० | शिव गुफा | **वडा नं. १** |
| ११ | बराहा मन्दिर | **वडा नं १** |
| १२ | असने खोला छहरा | **वडा नं. ६** |
| १३ | पातीहाल्ने छहरा ( पिकनिक स्थल) | **वडा नं. ३** |
| १४ | पुतली दरबार | **फलाबाङ वडा नं. ४** |
| १५ | पुरानो दरवार | **फलाबाङ वडा नं. ४** |
| १६ | सिद्धगुफा मन्दिर | **वडा नं. २** |
| १७ | नागकाटेढुंगा | **वडा न.** |

*स्रोत : गाउँ कार्यापालिकाको कार्यालय, २०७५*




गाउँपालिकामा भएका धार्मिक स्थान

## २.१७ नाचहरुको विवरण

यस गाउँपालिकामा बसोवास गर्ने मानिसहरु विभिन्न जातजाती तथा भाषाभाषी का भएको हुनाले आफ्नो धर्म संस्कृतिअनुसारविभिन्न किसिमको नाचगान गर्ने गरेको पाइन्छ । यस गाउँपालिकामा नाचिने नाचहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

गाउँपालिकामा प्रसिद्ध नाचहरु

| क.सं. | नाचहरु | चाडपर्व | समुदाय |
|---|---|---|---|
| १ | सिङगारु/सोरठी | तिहार | सवै समुदाय |
| २ | भैलो नाच | तिहार | सबै समुदाय |
| ३ | सारङ्गी नाच | विभिन्न पर्व | घर्ती मगर समुदाय |
| ४ | तिज तथा पञ्चमी नाच | तिज तथा पञ्चमी नाच | सबै समुदाय |
| ५ | सल्यानी टप्पा नाच | | सबै समुदाय |
| ६ | लठ्ठी नाच | | सबै समुदाय |
| ७ | लाखे नाँच | | सबै समुदाय |

*स्रोत : गाउँ कार्यपालिका कार्यालय, २०७५*

## २.१८ मुख्य चाडपर्व तथा मेला जात्रा सम्बन्धी विवरण

नेपालका अन्य ठाउँका जस्तै यहाँका बासिन्दाहरूको पनि आ-आफ्नो संस्कृति र रहनसहन रहेका छन् । उनीहरू आफ्ना-आफ्ना जाति विशेषका चाडपर्वका अतिरिक्त राष्ट्रिय चाडपर्वहरू पनि मनाउने गर्दछन् । मगरहरूको समेत उल्लेख्य उपस्थिति भएको यस गाउँपालिकामा मगरहरूले आफ्नो मौलिक परम्पराका साथ साथै अन्य राष्ट्रिय पर्व पनि मनाउने गर्दछन् । परम्परागत रूपमा मानिने चाडपर्वहरूमा दशैं, तिहार, माघे संक्रान्ति, साउने संक्रान्ति, चैते दशैं, हरिवोधनी एकादशी, रक्षाबन्धन, गाईजात्रा, फागुपूर्णिमा आदि मनाउने गर्दछन् । दशैं, तिहार, माघे संक्रान्ति, साउने संक्रान्ति, चैते दशैं, हरिवोधनी एकादशी जस्ता प्रमुख चाडहरुमा यहाँका मठ मन्दिरहरुमा भक्तजनहरुको घुँइचो लाग्ने गर्दछ ।

# खण्ड ३ : जनसंख्याको विवरण

## ३.१ जनसंख्याको विवरण

कुनैपनि स्थानको जनसंख्या विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ । विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरुको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरुको अध्ययन र विश्लेषण आवश्यक हुन्छ । नेपालमा गाउँस्तरमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै गाउँपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत् समेत प्राप्त हुने गरेको छ । यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरुको विश्लेषण गरिएको छ ।

त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५ अनुसार त्रिवेणीगाउँपालिकाको जनसंख्या १९५४१जना रहेको छ जस मध्ये पुरुष ५१.९ प्रतिशत (९९६४ जना) र महिला ४९.१ प्रतिशत (९५७७ जना) रहेका छन्। त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५ अनुसार लैंगिक अनुपात (Sex Ratio)अर्थात् प्रति १०४ पुरुषमा महिलाको संख्या ९६ रहेको छ। जनघनत्व करिव १६४ जना प्रति वर्ग किलोमिटर रहेको छ । त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५अनुसार त्रिवेणीगाउँपालिकामा ३,७९५ घरपरिवार रहेका छन्। हाल यस गाउँपालिकामा प्रति परिवार औषत ५.१५ जना सदस्य रहेको देखिन्छ। गाउँपालिकाको साक्षरता दर ९६.०१ प्रतिशत रहेको छ । बमोजिम यस गाउँपालिकाको कुल जनसंख्या मध्ये २.४७ प्रतिशत (४८१जना) अपाङ्गता भएकाहरू रहेका छन्। जस मध्ये २५५ जना (५३) प्रतिशत) पुरुष र २२६ (४७. प्रतिशत) जना महिला छन्। यही पछिल्लो जनगणनाअनुसारयस गाउँपालिकाबाट १,१८१ घरपरिवारका सदस्यहरु विदेश गएका देखिन्छन्। नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ। देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ। गाउँपालिकामा परिवारको आकार मध्यम देखिन्छ।

हाल २०७५ मा लिइएको घरधुरी सर्वेक्षण अनुसार यस गाउँपालिकाको जनसंख्याको वनावट तथा जनसंख्या वितरणको अवस्था तपसिल वमोजिमको तालिका बमोजिमको छ ।

## ३.२ वडाअनुसार लैगिक जनसंख्या, घरधुरी, जनघनत्वसम्बन्धी विवरण

लिङ्गअनुसार वडागत जनसंख्याको विवरण

| वडा नं. | क्षेत्रफल | लिगं | | | | घरमुली | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | जनघनत्व | महिला | पुरुष | जम्मा | जम्मा जनसंख्या | औसत परिवार संख्या |
| १ | २८ | १९६३ | २०२७ | ३९९० | १४० | ७७ | ७६२ | ८३९ | ३९९० | ४.७६ |
| २ | १८ | १५१५ | १५९२ | ३१०७ | १७३ | ५८ | ५२९ | ५८७ | ३१०७ | ५.२९ |
| ३ | ३० | २०२२ | २१३७ | ४१५९ | १३९ | ३६ | ७३६ | ७७२ | ४१५९ | ५.३९ |
| ४ | १२ | १२७० | १३६९ | २६३९ | २२७ | ६१ | ४५२ | ५१३ | २६३९ | ५.१४ |
| ५ | २१ | १४२७ | १४१६ | २८४३ | १३८ | ६६ | ४९५ | ५६१ | २८४३ | ५.०७ |
| ६ | ११ | १३८० | १४२३ | २८०३ | २६५ | ८१ | ४४२ | ५२३ | २८०३ | ५.३६ |
| जम्मा | ११९ | ९५७७ | ९९६४ | १९५४१ | १६४ | ३७९ | ३४१६ | ३७९५ | १९५४१ | ५.१५ |

*श्रोत : त्रिवेणी घरधुरी सर्वेक्षण , २०७५*

माथिको तालिकामा ६ वटा वडाहरुको जनसंख्याको विवरण देखाइएको छ । जसमा महिलाको संख्या ४९.१ प्रतिशत (९५७७ जना) छ भने पुरुषको संख्या ५०.९ प्रतिशत (९९६४ जना)रहेको देखिन्छ । महिला र पुरुषको जम्मा जनसंख्या १९५४१ रहेकोमा यसलाई लैङ्गिकको आधारमा छुट्याएर हेर्दा पुरुषको भन्दा महिलाको जनसंख्या १.८ प्रतिशतले कम रहेको देखिन्छ ।साथै वडागत रुपमा हेर्दा सबै भन्दा बढी जनसंख्या वडा नं. ३ मा ४१५९ रहेको देखिन्छ भने सबै भन्दा कम वडा नं. ४ मा २६३९ रहेको छ । परिवारको संख्यालाई हेर्दा यस गाउँपालिकामा ३,७९५ घरपरिवार रहेकोमा पनि सबैभन्दा बढी वडा नं १ मा नै ७६२ रहेको र सबै भन्दा कम वडा नं. ६ मा ४४२ रहेको देखिन्छ । यसरी हेर्दा जनसंख्याको आधारमा घरधुरी संख्या पनि समानुपातिक नै रहेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।


त्रिवेणी गाउँपालिका : क्षेत्रफल (वर्ग कि.मि.)
N
Total Area:
119.11 Sq.Km
17.92
2
6
10.57
5
20.62
29.91
3
11.65
4
1
28.44
Legend
Area in Sq Km
10.57 - 11.60
11.61 - 14.91
14.92 - 25.57
25.58 - 28.88
28.89 - 29.91
3,000
1,500
0
3,000
6,000
9,000 m

# ३.३ त्रिवेणी गाउँपालिकामा उमेरगत जनसंख्या विवरण

| वडा नं. | उमेरगत जनसंख्या | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | जम्मा जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ० देखि १ वर्ष | | | १ देखि ४वर्ष | | | ५ देखि ९ वर्ष | | | १० देखि १४ वर्ष | | | १५देखि १९ वर्ष | | | २०देखि ४९ वर्ष | | | ५० देखि ५९ वर्ष | | | ६० देखि ६९ वर्ष | | | ७० देखि ७९ वर्ष | | | ८० देखि ९९ वर्ष | | | १०० वर्ष माथि | | | | | |
| | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा |
| 1 | ३८ | ४८ | ८६ | ११४ | १३७ | २७१ | २२४ | २०२ | ३९६ | २५३ | २६० | ५१३ | १८३ | २६८ | ४५१ | ८८२ | ८११ | १७७६ | १२१ | १७२ | ३०७ | ८९ | ७२ | १६१ | ५० | ५१ | १०१ | ८ | ६ | १४ | १ | ० | १ | १९६३ | २०२७ | ३९९० |
| 2 | २८ | ४६ | ७४ | ९२ | १०९ | २०१ | १२९ | १४७ | २९६ | १८८ | १८३ | ३७१ | १५४ | १८४ | ४२७ | ६५३ | ७४१ | १३९४ | १५५ | १०५ | २१० | ७८ | ५३ | १३१ | ३६ | २१ | ५७ | २ | ३ | ५ | ० | ० | ० | १५१५ | १५९२ | ३१०७ |
| 3 | | ९४ | १७७ | १५१ | १६८ | ३२४ | २११ | २०४ | ४१५ | २०७ | २३४ | ४४१ | १४३ | १९६ | ३३९ | ८८६ | ९०४ | १८३३ | १९७ | २०१ | ३९८ | ९७ | ८९ | १८६ | ४४ | ४३ | ८७ | ३ | ४ | ७ | ० | ० | ० | २०२२ | २१३७ | ४१५९ |
| 4 | २० | ३० | ५५ | ६५ | ९० | १८२ | १२४ | १२९ | २४३ | ११८ | १५१ | २८९ | १४७ | १२२ | २८९ | ५९७ | ६१६ | १२९३ | ९१ | १२९ | २२० | ७५ | ६९ | १४४ | २६ | २७ | ५३ | ७ | ५ | १२ | ० | १ | १ | १२७० | १३६९ | २६३९ |
| 5 | २५ | ३१ | ५६ | ६७ | ६८ | १७५ | १५० | १३२ | ३०० | १७५ | १८३ | ३५८ | १३४ | ११७ | २८७ | ७२८ | ७४५ | १४७३ | ७३ | ७१ | १४४ | ६६ | ५५ | १२१ | ५ | १० | १५ | ४ | ४ | ८ | ० | ० | ० | १४२७ | १४१६ | २८४३ |
| 6 | २० | २३ | ५३ | ८२ | ८६ | १६८ | ९७ | १०५ | २०२ | १२५ | १२७ | २७२ | १३० | १३९ | २७९ | ७११ | ७२९ | १४६० | १३३ | १३४ | २१९ | ४९ | ४८ | ९३ | २७ | २७ | ५४ | ६ | ५ | ११ | ० | ० | ० | १३८० | १४२३ | २८०३ |
| जम्मा | २१४ | २७२ | ५०१ | ५७१ | ६५८ | १३२१ | ९३५ | ९१९ | १८५२ | १०६६ | ११३८ | २२४४ | ८९१ | १०२६ | २०७२ | ४४५७ | ४५४६ | ९२२९ | ७७० | ८१२ | १४९८ | ४५४ | ३८६ | ८३६ | १८८ | १७९ | ३६७ | ३० | २७ | ५७ | १ | १ | २ | ९५७७ | ९९६४ | १९५४१ |

यस तालिकामा २०७५ मा त्रिवेणी गाउँपालिकाले गरेको घरधुरी सर्वेक्षणअनुसार गाउँपालिकामा बसोबास गर्ने विभिन्न उमेर समूहका मानिसहरुको विवरण उल्लेख गरिएको छ । जसमा ०-१४ वर्ष उमेर समूहको संख्या ५९१८ (३०.२८ प्रतिशत), १५-४५ वर्ष उमेर समूहको जनसंख्या ११३०१ (५७ प्रतिशत) रहेको देखिन्छ । यसैगरी काम गर्ने उमेर ५९ देखि  माथिको जनसंख्या २३२२ (११ प्रतिशत) रहेको छ। लिङ्गको आधारमा हेर्दा पुरुषको जनसंख्या ५३ प्रतिशत (९९६४ ) र महिला ४७ प्रतिशत (९५७७ जना)  छ । यसप्रकार पुरुष र महिलाको जनसंख्याको अन्तर ७ प्रतिशत देखिन्छ। ६० वर्ष भन्दामाथि उमेर समूहको संख्या ८१२ (४ प्रतिशत) देखिएको छ। तथ्याङ्कले गाउँपालिकामा मानव स्रोतको राम्रो सम्भावना रहेको तथ्यलाई देखाउँछ। जसको विस्तृत विवरण माथिको तालिकामा देखाइएको छ।

## ३.४ घरमूलीको लैगिक विवरण

चौधौं योजनामा उल्लेख भए अनुसार महिला घरमूली १० प्रतिशत, सम्पत्ति माथि महिलाको स्वामित्व २६ प्रतिशत, महिला साक्षरता दर ५७.४ प्रतिशत र श्रम सहभागिता दर ५४ प्रतिशत रहेको छ । यसै तथ्यांकलाई आधार मानी स्थानीय सरकारको रुपमा गठित गाउँपालिकाको महिला घरमूलीको विवरण उल्लेख गरिएको छ ।

घरमुलीको लैंङ्गिक विवरण

| वडा | १ | २ | ३ | ४ | ५ | ६ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ७६२ | ५२९ | ७३६ | ४५२ | ४९५ | ४४२ | ३४१६ | ९०.०१ |
| महिला | ७७ | ५८ | ३६ | ६१ | ६६ | ८१ | ३७९ | ९.९९ |
| जम्मा | ८३९ | ५८७ | ७७२ | ५१३ | ५६१ | ५२३ | ३७९५ | १००.०० |

*श्रोत : त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण , २०७५*

माथि  उल्लेखित तथ्यांकको नतिजाअनुसार जम्मा ३७९५ घरधुरी संख्या रहेको यस गाउँपालिकामा ९०.०१ प्रतिशत घरमा पुरुषहरु नै घरमुली भएर घरको मुख्य जिम्मेवारी लिइएको पाइन्छ भने धेरै न्यून संख्यामा पुरुषको तुलनामा ९.९९ प्रतिशत महिलाहरु घरमुली भई घरको मुख्य जिम्मेवारी लिइएको देखिन्छ । यो अवस्था समग्र देशको अवस्थासंग मिल्दोजुल्दो नै देखिन्छ । लैङ्गिक आधारमा घरमुलीको संख्या पुरुष र महिलाको बीचमा ठूलो अन्तर देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

## ३.५ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

| वडा नं. | विवाह उमेर | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १४ वर्ष सम्म विवाह | | | १५ देखि १९वर्ष विवाह | | | २० देखि २९वर्ष विवाह | | | ३० देखि ४९ वर्ष विवाह | | | ५० देखि माथि विवाह | | |
| | म. | पु | जम्मा | म. | पु | जम्मा | म. | पु | जम्मा | म. | पु | जम्मा | म. | पु | जम्मा |
| १ | १२ | ८ | २१ | ४७४ | ४५८ | ९२८ | ५२१ | ५२९ | १०५१ | १ | १ | २ | ० | ० | ० |
| २ | ९ | ५ | ४३ | ७२० | ६०७ | १३१० | ९५ | १३८ | २३२ | १० | १३ | २४ | ० | १ | १ |
| ३ | ४८ | ४९ | ९७ | ५८९ | ५७० | ११५९ | ५१४ | ५११ | १०६७ | ८४ | ८१ | १६५ | १ | १ | २ |
| ४ | ० | ० | ३५ | ६६२ | ६३५ | १२०३ | ११८ | १५२ | २५९ | १ | २ | ३ | ० | ० | ० |
| ५ | ० | ० | ० | ५ | ५ | १० | १७० | १६७ | ३३७ | ३० | ३१ | ६१ | ० | १ | १ |
| ६ | ८ | ८ | १६ | २२७ | २३२ | ४५९ | २३७ | २३९ | ४८५ | २६ | १० | ४ | ० | ० | ० |
| जम्मा | ७७ | ७० | २१२ | २६७७ | २५०७ | ५०६९ | १६५५ | १७३६ | ३४३१ | १५२ | १३८ | २५९ | १ | ३ | ४ |

श्रोत : त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५

माथिको तथ्यांक हेर्दा वडा नं. ५ मा कम उमेरमा विवाह गर्ने जनसंख्या सबै भन्दा कम र वडा नं. ३ मा सबै भन्दा वढि देखिन्छ। भने ५० वर्ष भन्दा वढि उमेरमा विवाह गर्ने जनसंख्या वडा नं. १,४ र ६ मा देखिदैन भने वडा नं. २ र ५ मा ११ जना र वडा नं. ३ मा २ जना देखिन्छ ।

## ३.६ गाउँपालिकामा बैवाहिक स्थितिको विवरण

| वडा नं. | विवाहको अवस्था | | | | | |
|---|---|---|---|---|---|---|
| | अविवाहित | एक विवाह | वहु विवाह | विधुर | विधुवा | पारपाचुके |
| १ | १३५७ | १४३७ | ५३ | ४३ | ११९ | २४ |
| २ | १४१८ | १५९२ | ४३ | २९ | ९२ | ११ |
| ३ | १५५३ | २१९७ | ४२ | २१ | ७४ | ४ |
| ४ | ९४४ | १४१० | ४४ | ३२ | ८५ | १६ |
| ५ | १२३४ | १६५४ | २४ | ३१ | ५१ | ३ |
| ६ | ८८० | १५६१ | २१ | ० | ४७ | ९ |
| जममा | ६७६६ | ६०९७ | २१८ | १५६ | ४६८ | ६५ |

श्रोत : त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५

माथिको तालिका अनुसार अविवाहित जनसंख्या सबै भन्दा कम वडा नं. ६ मा ८८० र सबै भन्दा वढि वडा नं. ३ मा १५५३ जना छन । एक मात्र विवाह गर्ने सबै भन्दा वढि वडा नं. ३ मा र सबैभन्दा कम वडा नं. ४ मा छन। भने वहुविवाह वडा नं. १ मा सबैभन्दा वढि ५३ जना र सबै भन्दा कम वडा नं. ६ मा २१ जना छन विधुवा जम्मा ४६८ जना र विधुर जम्मा १५६ जना छन भने पारपाचुके सबैभन्दा वढि वडा नं. १ मा २४ जना र कम वडा नं ५ मा ३ जना भएको तथ्यांकले पुष्टि गर्दछ।

## ३.७ मातृभाषा अनुसार जनसंख्या विवरण

| वडा नं. | भाषा | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | नेपाली | मगर | उर्दु | नेवारी | थारु | अन्य | जम्मा |
| १ | ७७६ | ५९ | १ | ० | ३ | ० | ८३९ |
| २ | ५८३ | ४ | ० | ० | ० | ० | ५८७ |
| ३ | ७३७ | २७ | ३ | ० | ५ | ० | ७७२ |
| ४ | ५१३ | ० | ० | ० | ० | ० | ५१३ |
| ५ | ५६१ | ० | ० | ० | ० | ० | ५६१ |
| ६ | ४९३ | ३० | ० | ० | ० | ० | ५२३ |
| जम्मा | ३६६३ | १२० | ४ | ० | ८ | ० | ३७९५ |

*श्रोत : त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७५*

यस गाउँपालिकामा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरूमा विविधता रहेको पाइन्छ। मातृभाषा बोल्नेहरूको जनसंख्या हेर्दा सबैभन्दा बढी नेपाली भाषा बोल्ने संख्या ३६६३ घरधुरी रहेको देखिन्छ । साथै, मगर १२० घरधुरी उर्दु ४घरधुरी,नेवारी भाषा ० घरधुरी, थारु ८ घरधुरी भाषाबोल्ने गरेको पाईयो। सबै आ-आफ्ना मातृभाषा बोल्नेहरूले समेत सरकारी भाषाको रुपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझ्ने गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।

## ३.८ जातजातिसम्बन्धी विवरण

नेपाल एक बहुभाषी, बहुधार्मिक र बहु जातिय मुलुक भएको हुँदा धेरै जातजाति तथा भाषाभाषीहरु रहेका छन् । यस त्रिवेणीगाउँपालिकामा पनि धेरै जातजातिहरुको बसोबास रहेको पाइन्छ । ३७९५ घरधुरीमा गरेको जनसांख्यीक विवरणअनुसारयस गाउँपालिकामा बसोबास गर्दै आएका विभिन्न जातजातिहरुको विवरणलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

## ३.८.१ जातजातिसमूहको जनसंख्याको विवरण

| वडान | जाति | | | | | | | | | | | | | | | | | | | | | | गाउँपालिका | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वाहुन | जनुसंख्या | क्षेत्री | जनुसंख्या | परियार | जनुसंख्या | नेपाली | जनुसंख्या | विश्वकर्मा | जनुसंख्या | वादी | जनुसंख्या | सन्यासी | जनुसंख्या | ठकुरी | जनुसंख्या | नेवार | जनुसंख्या | मगर | जनुसंख्या | अन्य | जनुसंख्या | जम्मा | महिला | पुरुष | जम्मा |
| 1 | ४६ | २३७ | ३४३ | १७६६ | ४० | २०६ | २५ | १२९ | २७ | १३९ | २ | १० | ४ | २१ | २० | १०३ | १ | ५.२ | २८९ | १४४५ | ४२ | २१० | ८३९ | १९६३ | २०२७ | ३९९० |
| 2 | ० | ० | २०५ | १०५६ | ६ | ३०.९ | ७ | ३६ | ३१ | १६० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३३८ | १६९० | ० | ० | ५८७ | १५१५ | १५९२ | ३१०७ |
| 3 | १२ | ६२ | ४२४ | २१८३ | १३ | ६७ | १३ | ६७ | ३४ | १७५ | १९ | ९८ | ११ | ५७ | २० | १०३ | १२ | ६२ | १९८ | ९९० | १६ | ८० | ७७२ | २०२२ | २१३७ | ४१५९ |
| 4 | ६ | ३०.९ | ३८८ | १९९८ | १ | ५.१५ | ३ | १५.४ | १९ | ९७.८ | ० | ० | २६ | १३४ | ० | ० | ० | ० | ६६ | ३३० | ४ | २० | ५१३ | १२७० | १३६९ | २६३९ |
| 5 | ३ | १५.४ | २९६ | १५२४ | १४ | ७२.१ | ३९ | २०१ | ८६ | ४४३ | ० | ० | ० | ० | ० | ० | ० | ० | १२१ | ६०५ | २ | १० | ५६१ | १४२७ | १४१६ | २८४३ |
| 6 | २७ | १३९ | ३७० | १९०५ | १५ | ७७.२ | १७ | ८७.५ | ६३ | ३२४ | ३ | १५.५ | ० | ० | ४ | २०.६ | २० | १०३ | ४ | २० | ० | ० | ५२३ | १३८० | १४२३ | २८०३ |
| जम्मा | ९४ | ४८४ | २०२६ | १०४३२ | ८९ | ४५८.३ | १०४ | ५३५.५ | २६० | १३३९ | २४ | १२३.६ | ४१ | २११.२ | ४४ | २२६.६ | ३३ | १७० | १०१६ | ५०८० | ६४ | ३२० | ३७९५ | ९५७७ | ९९६४ | १९५४१ |

*श्रोत : त्रिवेणी  गाउँपालिको घरधुरी सर्वेक्षण ,२०७५*

माथिको तालिकाको तथ्याङ्कलाई हेर्दा यस गाउँपालिकामा सबै भन्दा बढी क्षेत्री जात २०२६ घरधुरी ( १०४३२ जना) ५४ प्रतिशत  दोश्रोमा मगर जाती  ५०८० जना  २६ प्रतिशत र तेस्रोमा कामी १,३३९ (६.९ प्रतिशत) रहेको पाइन्छ । ब्राम्हण पहाडी ४८४ (२.४८ प्रतिशत) र  सवैभन्दा कम  वादी जातीको जनसंख्या  २४ जना ०.१२ प्रतिशत) रहेको छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

### ३.८.१ आदिवासी

आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार आदिवासी जनजाती भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएका ५८ जाति वा समुदायलाई बुझिन्छ । यस गाउँपालिकाको कुल जनसंख्या १९५४१ मध्ये २६.८९ प्रतिशत (५२५० जना) जनसंख्या आदिवासी जनजाति रहेको छ। जसमध्ये सबैभन्दा बढी मगर समुदाय ५०८०(२६ प्रतिशत), दोस्रोमा नेवार१७० (०.८७प्रतिशत)। मुख्यत: कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रुपमा न्यून रहेको छ। यी जनजातिहरु आधुनिकताको प्रभावका बीच आफ्नो मौलिक संस्कृतिलाई भने यस समुदायले अद्यावधिक बचाई राखेको पाइन्छ। यी समुदायद्वारा त्रिवेणी गाउँपालिकाको मौलिक संस्कृतिलाई जीवन्त राख्न सहयोग पुगेको छ। यस समुदायबाट जनप्रतिनिधिको रुपमा हाल राष्ट्रको निर्णायक तहहरुमा पनि सहभागिता देखिएको छ। त्रिवेणी गाउँपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष पहल गर्नु पर्ने अवस्था देखिन्छ।

### ३.८.२ सिमान्तकृत तथा उत्पीडित समुदाय

नेपालको संविधान (२०७२) को भाग ३४ को धारा ३०६ को (ड) मा सिमान्तकृत जनसंख्या भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारेका, विभेद र उत्पीडित तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघिय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिका समुदाय भनेर परिभाषित गरेको छ ।

जातजातिको हिसावले त्रिवेणीगाउँपालिकामा ठुलो समुदायको रुपमा रहेको उत्पीडितहरूले ११.८७ प्रतिशत हिस्सा ओगटेको छ। सामाजिक विभेदका रुपमा छुवाछुत जस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनैतिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यस समुदायका प्रा.वि., नि.मा.वि, र मा.वि.मा अध्ययन गर्ने छात्रछात्राहरूको संख्या भने तुलनात्मक रुपमा कम रहेको छ। परम्परागत शिल्प र विभिन्न कलाको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। सरकारी सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्यून छ। त्यसै गरी राजनितिक क्षेत्रमा २०४६ साल यता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ। राजनितिक नेतृत्वमा भने सीमित

व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रुपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। गाउँपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ।

## ३.९ धर्मका आधारमा जनसङ्ख्याको विवरण

धार्मिक दृष्टिकोणले हेर्दा यस गाउँपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरु रहेका छन् । २०६८ को जनगणनाअनुसारतलको तालिकालाई हेर्दा (९७.२८ प्रतिशत) जनसंख्याले हिन्दु धर्म मान्ने गरेको देखिन्छ भने दोस्रोमा क्रिश्चियनधर्म मान्ने २९९ (१.८० प्रतिशत) र तेस्रोमा बौद्ध धर्म मान्ने ८६ (०.५२ प्रतिशत) रहेको देखिन्छ । साथै, इस्लाम धर्म मान्ने ६१ (०.३७ प्रतिशत) र अन्य उल्लेख नगरिएको ६ ( ०.०४ प्रतिशत) रहेको देखिन्छ। यस गाउँपालिकाका धेरैजसो मानिसहरुले आफ्नो सनातन हिन्दु धर्म मान्ने र सोही अनुसारका चाडपर्वहरु जस्तै, दशैं, तिहार, जनैपूर्णिमा, तीज, महाशिवरात्री, होली, चैते दशैं आदि मनाउने गर्दछन् भने अन्य धर्मावलम्बीहरुले ल्होसार, बुद्धजयन्ती, क्रिसमस डे आदि जस्ता चाडपर्वहरु मनाउने गर्दछन् । यो तथ्याङ्कलाई हेर्दा समग्र राष्ट्रको तथ्याङ्कअनुसारको धर्मको अवस्था जस्तै देखिन्छ र यसबाट पनि राष्ट्रिय तथ्याङ्कको विश्वसनियतालाई थप विश्वासिलो बनाउन सघाउ पुग्ने देखिन्छ । यी विविध तथ्यबाट यस गाउँपालिकामा धार्मिक रुपले बढी विविधतायुक्त रहेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ

### ३.९.१ धर्मअनुसार जनसंख्याको विवरण

| | | धर्म | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | हिन्दु | जनसंख्या | प्रतिशत | इसाई | जनंसख्या | प्रतिशत | मुश्लिम | | प्रतिशत | जम्मा घरधुरी | जम्मा जनसंख्या |
| १ | ७८० | ३९०० | ९३ | ५९ | ९० | ७ | ० | ० | ० | ८३९ | ३९९० |
| २ | ५६१ | ३००५ | ९६ | २६ | १०२ | ४.४ | ० | ० | ० | ५८७ | ३१०७ |
| ३ | ६९३ | ३७०० | ९० | ५९ | ३५७ | ७.६ | २० | १०२ | २.५९ | ७७२ | ४१५९ |
| ४ | ५१२ | २६३३ | ९९.८ | १ | ६ | ०.२ | ० | ० | ० | ५१३ | २६३९ |
| ५ | ५१९ | २६०३ | ९३ | ४२ | २४० | ७.५ | ० | ० | ० | ५६१ | २८४३ |
| ६ | ५१८ | २७७१ | ९९ | ५ | ३२ | १ | ० | ० | ० | ५२३ | २८०३ |
| जम्मा | ३५८३ | १८६१२ | ९४ | १९२ | ८२७ | ५.१ | २० | १०२ | ०.५३ | ३७९५ | १९५४१ |

*श्रोत : त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५*

सवैभन्दा वढि जनसंख्या हिन्दु धर्मावलम्वीहरुको जम्मा ९४ प्रतिशत १८६१२ जना दोश्रोमा इसाई धर्म मान्नेको जनसंख्या ५.१ प्रतिशत ८२७ जना र सवैभन्दा कम इश्लाम धर्म मान्नेको जनसंख्या ०.५३ प्रतिशत १०२ जना रहेको देखिन्छ।

## ३.१० परिवारले प्रयोग गरेको वडागत घरको स्वामित्वको विवरण

| वडा नं. | घरको स्वामित्व | | | |
|---|---|---|---|---|
| | निजी | भाडामा | अन्य | जम्मा |
| १ | ७९३ | ४४ | २ | ८३९ |
| २ | ५८५ | २ | ० | ५८७ |
| ३ | ७७२ | ० | ० | ७७२ |
| ४ | ५१२ | १ | ० | ५१३ |
| ५ | ५५६ | ५ | ० | ५६१ |
| ६ | ४८३ | ४० | ० | ५२३ |
| जम्मा | ३७०१ | ९२ | २ | ३७९५ |

*श्रोत : त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५*

यस तालिकामा जम्मा घरधुरी ३७९५ मध्ये परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको । जसमा आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या ३,७०१ अर्थात ९७.५३ प्रतिशत, भाडामा बस्ने परिवारको संख्या ९२ अर्थात २.४८ प्रतिशत, संस्थागत घरधुरी २ अर्थात ०.०६ प्रतिशत र जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

## ३.११ घरमा महिलाको स्वामित्वको विवरण

| वडा नं. | जमिनमा स्वामित्व | | | | |
|---|---|---|---|---|---|
| | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा |
| १ | ५६ | ६.७ | ७८३ | ९३.३३ | ८३९ |
| २ | ४३ | ७.३ | ५४४ | ९२.६७ | ५८७ |
| ३ | ९२ | १२ | ६८० | ८८.०८ | ७७२ |
| ४ | ६७ | १३ | ४४६ | ८६.९४ | ५१३ |
| ५ | २७ | ४.८ | ५३४ | ९५.१९ | ५६१ |
| ६ | ५६ | ११ | ४६७ | ८९.२९ | ५२३ |
| जम्मा | ३४१ | ९ | ३४५४ | ९१.०१ | ३७९५ |

*श्रोत : त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७५*

यस त्रिवेणीगाउँपालिकामा बसोबास गर्ने परिवारमा उनीहरुको घरमा महिलाको स्वामीत्व भएको तथा नभएको कुरालाई देख्न सक्छौ । यसमा उनीहरुको घरमा महिलाको स्वामीत्व भएको भन्ने शिर्षकमा ३४१ (९ प्रतिशत) परिवार रहेको छ भने परुषको स्वामित्व भएको भन्ने शिर्षकमा ३४५४(९१.०१ प्रतिशत) रहेको पाइन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ । यस गाउँपालिकामा लैङ्गिक आधारमा घरमा महिलाको स्वामित्व पुरुषको तुलनामा अत्यन्तै कम रहेको देखिन्छ । यस्तो खालको अन्तरलाई कम गर्न राज्यले विशेष खालका कार्यक्रमहरु ल्याउनु पर्ने तथा जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

यस त्रिवेणीगाउँपालिकामा बसोबास गर्ने परिवारमा जमीनमा महिलाको स्वामित्वको विवरण देखाइएको छ । जमीनमा महिलाको स्वामित्व भएको भन्ने शिर्षकमा ४६१ (१३.३७ प्रतिशत) परिवार रहेको छ भने स्वामित्व नभएको भन्ने शीर्षकमा २,९७२ (८६.२२ प्रतिशत) परिवार र उल्लेख नगरिएकोमा १४ ( ०.४१ प्रतिशत) परिवार रहेको पाइन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तसर्थ यस तथ्याङ्कले महिला भन्दा पुरुषहरुमा नै जग्गाको स्वामित्व अत्यधिक रहेको दखाउँछ । राज्यले जग्गा रजिष्ट्रेशनमा महिलाको स्वामित्वलाई वृद्धि गर्न छुट दिने नीति अवलम्बन गरेबाट यसमा केही सुधारका संकेतहरु देखिएका छन् ।

## ३.१३ छानाको आधारमा घरको बनोटको विवरण

| वडा नं. | घरको छाना | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | खर | प्रतिशत | जस्ता | प्रतिशत | टायल खपटा | प्रतिशत | ढलान | प्रतिशत | जम्मा |
| १ | ३०९ | ३७ | ३८६ | ४६ | ४८ | ६ | ९६ | ११.४४ | ८३९ |
| २ | २०६ | ३५ | ३५१ | ५९.८ | २२ | ४ | ८ | १.३६३ | ५८७ |
| ३ | २६३ | ३४ | ४४५ | ५७.६ | ५ | १ | ५९ | ७.६४२ | ७७२ |
| ४ | १४८ | २९ | ३४१ | ६६.५ | ५ | १ | १९ | ३.७०४ | ५१३ |
| ५ | १५१ | २७ | ४०० | ७१.३ | १ | ० | ९ | १.६०४ | ५६१ |
| ६ | ५१ | ९.८ | ३९६ | ७५.७ | १८ | ३ | ५८ | ११.०९ | ५२३ |
| जम्मा | ११२८ | ३० | २३१९ | ६१.१ | ९९ | | २४९ | ६.५६१ | ३७९५ |

*श्रोत : त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७५*

यस गाउँपालिकामा सवैभन्दा वढि घर जस्तापाताले छाएको छाना रहेका छन जम्मा ३७९५ मध्ये २३१९ वटा घर ६१.१ प्रतिशत तथा दोश्रोमा खरको छाना भएका घर ११२८ वटा ( ३० प्रतिशत रहेका छन । सवैभन्दा कम ढलान भएका घर २४९ वटा अर्थात ६.५ प्रतिशत रहेका छन। वडागत हिसावले सवैभन्दा वढि वडा नं. १ मा र वडा नं. ६ मा ११ प्रतिशत तथा सवैभन्दा कम वडा नं. २ मा १ प्रतिशत रहेका छन । त्यसैगरी खरको छाना भएका घर वडा नं. १ मा सवैभन्दा वढि ३७ प्रतिशत रहेका छन भने वडा नं. ६ मा सवैभन्दा कम अर्थात ९.८ पतिशत रहेका छन ।

## ३.१४ बाहिरी गारोका आधारमा घरको विवरण

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| माटोको जोडाइ भएको इँटा/ढुङ्गा | ७४३ | ५७९ | ७०९ | ४९२ | ५४९ | ४६० | ३५४६ | ९३.४४ |
| सिमेन्टको जोडाइ भएको इँटा/ढुङ्गा | ९६ | ८ | ५९ | १९ | ९ | ५८ | २४९ | ६.११ |
| काठ/फल्याक | ० | ० | ० | ० | ० | ० | ० | ० |
| काँचो इँटा | १ | ० | ० | ० | ० | ० | ० | ० |
| उल्लेख नगरिएको | ३ | ० | ४ | २ | ३ | ५ | १७ | ०.४५ |
| **जम्मा** | ८३९ | ५८७ | ७७२ | ५१३ | ५६१ | ५२३ | ३७९५ | १००.० |

*श्रोत : त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५*

गाउँपालिकामा परिवारले प्रयोग गरेको बाहिरी गारोको आधारमा घरको अवस्था हेर्ने हो भने सबैभन्दा बढी ३५४६ (९३.४४ प्रतिशत) संख्यामा माटोको जोडाइ भएको इँटा/ढुङ्गाभएको घरधुरी देखिन्छ । यसैगरी सिमेन्टको जोडाई भएको इँटा/ढुंगाभएको २४९ (६.११) प्रतिशत), उल्लेख नगरिएको घरधुरी १७ (०.४५ प्रतिशत) रहेको पाईन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ३.१५ पिउनेपानीको श्रोतको विवरण

| वडा नं. | पिउने पानीको श्रोत | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पाइप | प्रतिशत | ट्युवेल | प्रतिशत | मुल धारा | प्रतिशत | इनार कुवा | प्रतिशत | खोला नदी | प्रतिशत | जम्मा |
| 1 | ६२६ | ७४.६ | १ | ०.१ | १३५ | १६ | ३८ | ४.५ | ३९ | ४.६५ | ८३९ |
| 2 | ३३४ | ५६.९ | ० | ० | १७६ | ३० | ६८ | १२ | ९ | १.५३ | ५८७ |
| 3 | ६२८ | ८१.३ | २६ | ३.४ | २४ | ३.१ | ६४ | ८.३ | ३० | ३.८९ | ७७२ |
| 4 | २५० | ४८.७ | ० | ० | १७० | ३३ | ५७ | ११ | ३६ | ७.०२ | ५१३ |
| 5 | ५२३ | ९३.२ | ० | ० | ३७ | ६.६ | १ | ०.२ | ० | ० | ५६१ |
| 6 | ३८३ | ७३.२ | ६ | १.१ | २० | ३.८ | २७ | ५.२ | ८७ | १६.६ | ५२३ |
| जम्मा | २७४४ | ७२.३ | ३३ | ०.९ | ५६२ | १५ | २५५ | ६.७ | २०१ | ५.३ | ३७९५ |

*श्रोत : त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण , २०७५*

यस गाउँपालिकामा पिउनेपानीको श्रोतको प्रयोगको अवस्था हेर्दा २७४४ घरधुरी अर्थात ७२ प्रतिशत जनता पाइप द्वाराविस्तार भएको पिउनेपानी प्रयोग गर्दछन भने मुलधाराको पानी पिउने घरधुरी १५ प्रतिशत र इनारको पानी प्रयोग गर्ने जनताको घरसंख्या २५५वटा अर्थात ६.७ प्रतिशत रहेका छन भने सवैभन्दा कम टिउवेलको पानी पिउने घरको संख्या ३३ वटा अर्थात ०.९ प्रतिशत रहेका छन । वडा गर हिसावले हेर्दा पाइपवाट पिउनेपानीको विस्तारको अवस्था सवैभन्दा वढि वडा नं. ५ मा ९३ प्रतिशत र सवैभन्दा कम वडा नं. २ मा ५७ प्रतिशत रहेका छन ।

## *३.१६ बसाई सराईको अवस्था*

कुनै पनि स्थानमा जनसंख्या परिवर्तन हुने कारणहरुमध्ये बसाइसराई एक प्रमुख कारण मानिन्छ । विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाट अर्को स्थानमा स्थाई वा अस्थाई रुपमा बसाई सरेर जाने प्रवृत्ति क्रमशः बढ्दै गएको पाइन्छ । यसरी बसाई सरी गर्नुको विभिन्न कारणहरु छन् । ती मध्ये पाँच मुख्य कारण आर्थिक वृद्धि, द्वन्द्व, सामाजिक कारण, व्यापार र रोजगार हुन् ।

बेरोजगारीको समस्या गाउँपालिकाको विकराल समस्याको रुपमा रहेको परिप्रेक्ष्यमा काम गर्ने उमेरका युवाहरू विदेसिने क्रम समेत गाउँपालिकाबाट बढ्न थालेको छ। देशको खुला सिमानाको उपयोग गर्दै निर्वाधरुपले भारत आवतजावत गर्न सकिने हुँदा निश्चित रुपमा गणना गर्न नसकिएका भारतमा जाने युवाहरूको संख्या बढ्दै गरेको छ। उपर्युक्त सन्दर्भलाई विश्लेषण गर्दा गाउँपालिकाको लागि बसोबासको व्यवस्थित र दीर्घकालिन योजना बनाउनु आवश्यक देखिन्छ।




गाउँपालिकामा बसोबासको विवरण

## ३.१७ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

| वडा नं | जन्म | | | मृत्यु | | | सम्बन्ध विच्छेद | विवाह दर्ता | बसाईसराई | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | | | आएको | गएको | जम्मा |
| १ | ७४ | ८० | १५४ | १० | २० | ३० | ० | ३२ | १ | ६ | ७ |
| २ | ७७ | ७६ | १५३ | ४ | १५ | १९ | १ | ४१ | ० | १८ | १८ |
| ३ | ४७ | ४८ | ९५ | ७ | १० | १७ | ० | ३७ | १ | १६ | १७ |
| ४ | ४५ | ४७ | ९२ | ६ | १३ | १९ | ० | ३४ | १ | ७ | ८ |
| ५ | ४० | ५१ | ९१ | ३ | २ | ५ | ० | १४ | ० | १ | १ |
| ६ | ५३ | ५० | १०३ | ४ | ३ | ७ | ० | २० | ० | २ | २ |
| **जम्मा** | ३३६ | ३५२ | ६८८ | ३४ | ६३ | ९७ | १ | १७८ | ३ | ५० | ५३ |

*स्रोत : गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न निश्चित कानूनी प्रक्रियाहरु पालना गर्नु पर्ने हुन्छ । नागरिकता, राहदानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानूनी प्रक्रिया पालना गर्नु पर्ने प्रावधानहरु रहेका हुन्छन् । जन्म, मृत्यु, बसाई, सराई विवाह र सम्बन्ध विच्छेद जस्ता घटना दर्ता गर्नु पर्ने हुन्छ । जसको कानूनी प्रमाणपत्र सरकारले उपलब्ध गराउँछ । संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ । त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो । राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता रहेको हुन्छ । कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ । यसको आधारमा सरकारले नीति बनाउने हुनाले जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ ।

गाउँपालिकामा व्यक्तिगत घटना दर्ताको अवस्थालाई देखाइएको छ। गाउँपालिकामा २०७४ चैत्र मसान्त सम्ममा ६८८ जनाको जन्म दर्ता भएको देखिन्छ भने ९७ जनाको मृत्यु दर्ता भएको देखिन्छ । विवाह दर्ताको स्थिति हेर्दा गाउँपालिकामा १७८ जनाको २०७४ वैशाखदेखि २०७४ चैत्र मसान्त गतेसम्ममा विवाह दर्ता भएको देखिन्छ । सो अवधिमा गाउँपालिकामा जम्मा एउटा सम्बन्ध विच्छेदको घटना दर्ता भएको देखिन्छ। यस अवधिमा जम्मा ५३ परिवारले बसाई सराई दर्ता भएको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ३.१८ गाउँपालिकाको मतदाता नामावली

यस गाउँपालिकामा २०७३ फाल्गुन ९ गते सम्म १८ वर्ष पुरा भएका मतदाता संख्या ९,१८९ जना रहेका छन् । पुरुषको तुलनामा महिला१४१ जनाले बढि रहेका छन् । जहाँ पुरुषको संख्या ४,५२४ जना र महिलाको संख्या ४,६६५ जना रहेका छन् । यस गाउँपालिकामा ६ वटा वडाहरुमा ८ ओटा निर्वाचन केन्द्र रहेका छन् । जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

त्रिवेणी गाउँपालिकाको मतदाता नामावली

| सि.नं. | मतदान केन्द्र, ठेगाना | वडा नं | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | |
| १ | जनता मा.वि.,रिठाचौर | १ | ५५५ | ५९९ | ११५४ |
| २ | सरस्वती आधारभूत विद्यालय, ठूलाचौर | १ | ३५९ | ४०६ | ७६५ |
| ३ | महाकवि देवकोटा प्रा.वि.,वाह्रभदौ | २ | ३२५ | २९४ | ६१९ |
| ४ | राधेश्याम मा.वि.,गौहागिट्टी | २ | ५२० | ५४९ | १०६९ |
| ५ | त्रिवेणी मा.वि.,सरिकोट | ३ | ९१७ | ९५४ | १८७१ |
| ६ | ने.रा.मा.वि.,रैख | ४ | ६५२ | ६२७ | १२७९ |
| ७ | सरस्वती मा.वि.,सिम्क | ५ | ६५४ | ६१८ | १२७२ |
| ८ | चण्डेश्वरी आ.वि.,लुहाम | ६ | ५४२ | ६१८ | ११६० |
| जम्मा | | | ४५२४ | ४६६५ | ९१८९ |
| प्रतिशत | | | ४९.२४ | ५०.७६ | १००.०० |

*श्रोत: निर्वाचन ओयोग, २०७४*

# खण्ड ४ : भू-उपयोग




गाउँपालिकाको भू-उपयोग विवरण

## ४.१ गाउँपालिकाको भू-उपयोगको विवरण

यस त्रिवेणी गाउँपालिका प्राकृतिक श्रोतले भरिपूर्ण गाउँपालिका हो । प्राकृतिक रुपले भरिपूर्ण त्रिवेणी गाउँपालिकामा सबैभन्दा बढी वनजंगलले कूल क्षेत्रफलको ६५.५६ प्रतिशतक्षेत्र ओगटेको छ । खेतीयोग्य जमीन २३.६० प्रतिशत, झाडी तथा बुट्यानले ५.७५ प्रतिशत भूभाग ओगटेको छ भने घाँसले करिब २.६७ प्रतिशत ओगटेको छ । त्यसैगरि बालुवाले१.८५ प्रतिशत र जलले सबभन्दा कम ०.५२ प्रतिशत भूभाग ओगटेको छ जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

भूआवरणको बितरण

| भूआवरण | कुल क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|
| कृषि क्षेत्र | २,८११ | २३.६० |
| जंगल | ७,८१० | ६५.५६ |
| बुट्यान | ६८५ | ५.७५ |
| जल | ६३ | ०.५२ |
| घाँस | ३१९ | २.६७ |
| बालुवा | २२१ | १.८५ |
| कुल | ११,९११ | १००.० |

*स्रोत: नापी बिभाग २०७४*



### ४.१.१ सार्वजानिक जग्गाको विवरण

मालपोत ऐन, २०३४ ले सरकारी स्वामित्वमा रहेको जग्गालाई सरकारी र सार्वजनिक प्रयोजनमा रहेको जग्गालाई सार्वजानिक जग्गा भनी परिभाषित गरेको छ ।

राज्यको स्वामित्वमा रहेको जग्गाको संरक्षण गर्ने दायित्व राज्यले तत्सम्बन्धी जिम्मेवारी दिइएका निकायहरु जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय तथा स्थानीय निकाय (नगरपालिका तथा गाउँपालिका) को क्षेत्राधिकार तोकेको पाइन्छ । जिल्लाको सम्पूर्ण सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण यी उल्लेखित संस्था तथा निकायहरुबाट मात्र सम्भव नभई त्यस क्षेत्रका सचेत नागरिक, उपभोक्ता, नागरिक समाजका प्रतिनिधिहरु, गैरसरकारी संस्था एवं निजी क्षेत्रका प्रतिनिधि समेतको सक्रिय सहयोग भएमा मात्र यस्ता सरकारी, सार्वजानिक जग्गाको संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्न जान्छ । त्रिवेणी गाउँपालिकामा रहेका खोला, जंगल, खोल्साखोल्सी, बुट्यान, गौचर, बाटो, भिरपाखा, चौरकुलो आदि सरकारी तथा सार्वजानिक प्रयोजनमा रहेका जग्गाको विवरण साविकका गाविसअनुसार दिइएको छ । जसको विस्तृत विवरण तलको तालिकामा दिईएको छ ।

सार्वजनिक जग्गाको विवरण

| वडा नं.. | सरकारी तथा सार्वजनिक जग्गाको क्षेत्रफल (रोपनीमा) |
|---|---|
| १ | ३४४५ |
| २ | ६५०५ |
| ३ | ६२५३ |
| ४ | ३६४० |
| ५ | ४२६७ |
| ६ | ३६११ |
| | २७७२१ |

*स्रोत : मालपोत कार्यालय, सल्यान २०६५*

## ४.२ क्रमिक विकास भैरहेको बस्तीहरुको वर्तमान स्वरुप

त्रिवेणी गाउँपालिकालाई राजमार्ग तथा अन्य स्थानिय सडकहरु संचालनमा रहेका देखिन्छन् । अझै पनि गाउँपालिकाका सबै स्थानहरुमा नियमित रुपमा सञ्चालन हुने सडक बन्न सकेको छैन । त्रिवेणी गाउँपालिकामा बसोबास गर्ने मानिसले कृषि क्षेत्रलाई नै प्रमुख आयस्रोतको रुपमा प्रयोग गर्ने भएकाले दिनहुँ धेरै समय खेतबारीमा बिताउने गरेको पाइन्छ । यसका अतिरिक्त त्रिवेणी गाउँपालिकाले गाउँपालिका विकासका लागि योजना तयार गर्नको लागी यहाँका राजनैतिक पार्टीहरु, गैरसरकारी संस्थाहरु, सामुदायिक संस्थाहरु,टोल विकास संस्थाहरु, वृद्धिजिवीहरु, समाजका प्रतिष्ठित व्यक्तित्वहरु, व्यवसायिक संस्थाहरु, संचारकर्मीहरु तथा

योजना तर्जुमा टोली (Planning) आदिलाई समावेश गरी बढी भन्दा बढी छलफल गरी योजना तर्जुमा गर्नुपर्ने देखिन्छ । गाउँपालिकामा सरसफाई अभियानहरु लागु गरि स्वच्छ प्राकृतिक वातावरणको निर्माण गर्नुपर्ने देखिन्छ। गाउँपालिकाको सबै घरहरुमा शौचालय को व्यवस्था हुनुपर्ने र शुद्ध र सफा खानेपानी को व्यवस्थापन गर्ने अभियान लागु गर्नु पर्ने देखिन्छ।

## ४.३ क्रमिक विकास भैरहेको बस्तीहरूको वर्तमान स्वरुप

त्रिवेणीगाउँपालिकामा जलवायुको आधारमा बसोबासको लागि उपयुक्त मानिएको छ। ग्रामीण क्षेत्रको सडकहरूको सञ्जाल क्रमशः विकास भइरहेको र शिक्षा, स्वास्थ्य जस्ता सुविधाहरू समेत सुलभ बन्दै गरेको सन्दर्भमा गाउँपालिकाका केन्द्र वरपरमात्र नभई ग्रामीण क्षेत्रमा समेत बस्ती एवं बस्ती श्रृंखलाहरूको विकास भइरहेको छ। हुलाक, टेलीफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथसाथै आन्तरिक बस सेवाको विस्तारले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुऱ्याइरहेको पाइन्छ। यसका साथै विभिन्न गाउँपालिकाहरुले आफ्ना आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा बजारको व्यवस्थापन गर्ने काम भएता पनि स-साना व्यापारिक केन्द्रका रुपमा बस्तीहरूको विकास भइरहेको छ।

नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमीनको समेत अप्रत्याशितरुपले मूल्य बृद्धि भइरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ।

गाउँपालिका क्षेत्रहरुको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर बाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरु लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरु संचालन गर्नु पर्दछ। यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरुलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ।

शहरोन्मुख बस्ती विकासको सन्दर्भमा गाउँपालिकासाथै सम्बन्धित विषयगत कार्यालयहरू र हाल विभिन्न नामबाट गठन भइरहेका गाउँपालिका एवं बजार व्यवस्थापन समितिहरूले पनि बेलैमा सार्वजनिक जग्गाको व्यवस्थापनमा आवश्यक सेवा सुविधा प्रदान गर्ने तर्फ ध्यान दिनु आवश्यक देखिन्छ।

## ४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू

ग्रामीण बस्तीहरूको योजनावद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

बस्तीहरूको विकासका लागि योजनावद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा वर्गीकरण (Zoning)को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन। यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासीय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ।

बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनावद्ध प्रयास हुन सकेको छैन।

पानीको मुहानहरुलाई संरक्षण गर्न ठोस कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।

सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बीच समन्वय हुन नसकि पुर्वाधारहरूको दीगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुन सकेको छैन।

## ४.५ भू-क्षय सम्भावित क्षेत्र

गाउँपालिकाका नदी तथा खोला किनारका भागहरु भूक्षयको दृष्टिकोणले संवेदनशील क्षेत्रमा पर्दछ। मानिसको अत्यधिक बसाई सराईका कारणबाट गाउँपालिका क्षेत्रमा परिरहेको वनविनासको चाप, अनियन्त्रित डढेलो, चरीचरन राख्ने प्रवृति एवं अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेती तर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रीत भएको छ। खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरुमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ । मूलतः गाउँपालिकाका खोलाहरूको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशील क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकुल प्रभाव पारेको छ।

धरातलीय उचाईको विविधताले गर्दा यहाँ वेसी देखि पहाडी भू-भाग समेत रहको छ । तल्लो क्षेत्रहरु जिल्लाकै प्रमुख उत्पादन क्षेत्रहरु पनि यस त्रिवेणी गाउँपालिकामा पर्दछन् । माटो पाँगो एवंम दोमट भएको हुँदा उत्पादन राम्रो हुन्छ । उच्च पहाडी क्षेत्रमा कडा खालको बलौटे र चुनढुङ्गा मिसिएको माटो भएकाले यस क्षेत्रमा भु-क्षय पहिरो जाने संभावना कम हुन्छ भने मध्य भागमा पत्रे चट्टानमा रातो माटो मिसिएको माटो बढी भएको हुँदा भु-क्षय र पहिरोको दृष्टिले बढी संवेदशील मानिन्छ ।



भौगोलिक हिसाबले कमजोर भुभाग र मध्यम खालको जलाधारीय अवस्थाले गर्दा यस गाउँपालिकामा पनि वर्षेनी भुक्षय, बाढी, पहिरो,नदी कटान हुने गरेको छ । यसरी वातावरणीय असन्तुलनका कारण हुने प्राकृतिक प्रकोपका कारण ठूलो जनधनको क्षती समेत हुने गरेको छ। यस तितो यथार्थलाई मनन गरी भुक्षय र पहिरोको समस्याहरु र यसको कारण पहिल्याएर समाधानको लागि एक निकायलाई मात्र जिम्मेवार नठानी सम्वद्ध सबै निकायहरुले समन्वय र साझेदारी गरेर भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रमलाई प्राथमिकताको साथ अगाडी बढाउनु आजको टड्कारो आवश्यकता देखिएको छ।

## ४.६ गाउँपालिकामा नदी कटानबाट भएका प्रकोपको विवरण

गाउँमा नदी कटानबाट भएका प्रकोपको विवरण

| क.स | साविकका गाविस | प्रकोपको स्तर | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिरो | बाढी | हुरीबतास | आगलागी | सवारी | महामारी | खडेरी | भुकम्प |
| ज्ञ | काभ्रा | न्यून | उच्च | न्यून | न्यून | न्यून | न्यून | न्यून | न्यून |
| द्द | काँरागिठी | मध्यम | उच्च | न्यून | न्यून | न्यून | न्यून | मध्यम | न्यून |
| घ | त्रिवेणी | मध्यम | मध्यम | मध्यम | न्यून | उच्च | न्यून | न्यून | मध्यम |
| द्ध | फलाबाङ्ग | मध्यम | मध्यम | मध्यम | न्यून | न्यून | न्यून | मध्यम | मध्यम |

*स्रोत :जिल्ला विपद् व्यवस्थापन योजना, जि.वि.स. सल्यान २०७१*

यस गाउँपालिकामा प्राकृतिक प्रकोपको स्तरलाई हेर्दा बाढी, पहिरो र सवारीको प्रकोप मिश्रित देखिन्छ । यस्ता प्राकृतिक प्रकोप नियन्त्रणको लागी यस गाउँपालिकामा बसोबास गर्ने जनताहरुलाई जनचेतना मुलक कार्यक्रम सञ्चालन गरि यस्ता जोखिमको बारेमा जानकारी दिनु आवश्यक देखिन्छ । जोखिम नियन्त्रणका गर्न वृक्षारोपण गर्ने, बाँध हाल्ने र जाली भर्ने जस्ता कार्य गर्नु पर्ने देखिन्छ। सडक

जोखिम नियन्त्रणको लागी ट्राफिक नियम सम्बन्धी जनचेतना मुलक कार्यक्रम गरि ट्राफिक चिन्हहरुको बारेमा जानकारी गराउनु पर्ने देखिन्छ । यसरी समग्रमा हेर्दा यो गाउँपालिका प्राकृतिक जोखिममा मध्यम किसिमको रहेको देखिन्छ ।

## ४.७ गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

गाउँमा हुन सक्ने संभावित प्रकोपको विवरण

| क्र.सं. | संभावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र गाउँपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रुपमा लागु नभएको | जुनसुकै समयमा |
| २ | बाढी | गाउँमा विशेषतः साना ठुला नदी/खोलाहरु बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरुले आसपासका भुभागहरू बर्षेनी डुवान र कटान गरि क्षति पुर्‍याईरहेको छ। बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |
| ३ | आगलागी | गाउँको धेरै जसो भु–भागमा घनावस्ती रहेका अति विपन्न समुदायका घरहरु सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेका छन् । | चैत्र–जेष्ठ |
| ४ | महामारी | बाढी पश्‍चात पूर्ण प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ५ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ६ | जंगली जनावर आतंक | गाउँको वनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरु | जुनसुकै समयमा |
| ७ | मौसमी सुख्खा | पानी नपरेमा नहरको सिचाईं नपुगेका भागहरु | असार–भदौ |
| ८ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादी प्रयोगका कारण लाभकारी चरा, कीरा लोप | खेती मौसम |
| ९ | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

*श्रोतः जिल्ला समन्वय समिति, सल्यान २०७४*

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कुल जनसंख्या | आर्थिकरुपले सक्रिय | | आर्थिकरुपले सक्रिय जम्मा जनसंख्या |
|---|---|---|---|
| | पुरुष | महिला | |
| १९५४१ | ९९६४ . ५५८० | ९५७७ . ५०७५ | ९०४८ -५४.४३% |

*श्रोत : त्रिवेणी गाउँपालिकाको घरधरी सर्वेक्षण, २०७५*

## ५.२ आश्रित जनसंख्याको विवरणआश्रित जनसंख्याको विवरण

| आश्रित बालबालिका (०-१४) | | आश्रित बृद्धबृद्धा (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|
| जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| ६,४६३ | ८५.३१ | १,११३ | १४.६९ | ७,५७६ | ४५.५७ |

*श्रोत : त्रिवेणी गाउँपालिकाको घरधरी सर्वेक्षण, २०७५*

गाउँपालिकामा कुल जनसंख्याको ७,५७६ (४५.५७ प्रतिशत) जनसंख्या आश्रित छन् । जसमा ० देखि १४ वर्षसम्मका बालबालिका ६,४६३ (८५.३१ प्रतिशत) र जेष्ठ नागरिक अर्थात ६० वर्ष वा सोभन्दा माथिका वृद्धवृद्धाहरुको जनसंख्या १,११३ (१४.६९ प्रतिशत) रहेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

## ५.३ कृषि

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । ग्रामीण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरु फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरु कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्तरमा कृषि सम्बन्धीसूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि तथा सहकारी मन्त्रालय र केन्द्रीय तथ्याङ्क विभाग रहेका छन् । स्थानीय उत्पादनको वृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

आर्थिक सर्वेक्षण २०७३/७४ अनुसार नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत रहेको छ । नेपालमा करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागि कृषिमा निर्भर रहेका छन् । वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरु हुन् । कृषि क्षेत्रको

विकासका लागि आवश्यक सिँचाई, सडक, विजुली, सन्चार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरुमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमा स्थापित गर्नु पनि चुनौतिको रुपमा रहेको छ ।



गाउँपालिकामा कृषिका लागि झण्डै २४ प्रतिशत भूभाग उपयोगी क्षेत्र रहेको छ । सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरु धान, मकै, गहुँ आदि हुन् । यस्तै दलहन बालीमा अडहर, मास, मसुरो, केराउ, चना उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, अर्सी, तिल उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यिनको उत्पादकत्व पनि बढी छ । गाउँमा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ ।त्रिवेणी गाउँपालिकाले कृषि क्षेत्रको तर्फबाट पनि आफ्नो आर्थिक वृद्धिदर कायमनै राखेको छ ।

### ५.३.१ बाली उत्पादन

#### (क) हिउँदे बाली

गाउँमा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरुमा कोदो, जौ, उखु, मसुरो, चना, रहर, मास, गहत, भटमास, मुङ, तोरी, तिल, आलस, केरा, अम्बा, आलु, मसला बाली रहेका छन् ।

#### (ख) वर्षे बाली

गाउँका प्रमुख वर्षे बालीहरुमा धान, मकै, कोदो, फापर, दलहन, भटमास, मास, मुग, गहत, आलु, फलफूल, कागती निबुवा, ओखर, केरा, मसला बाली, अदुवा आदि छन् ।

## ५.३.२ कृषि बालीमा लाग्ने रोग

गाउँपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदि नै मुख्य रुपमा रहेको छ । सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरु देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरु देखिन्छन् । यसैगरी मकैमा डाठ वा धोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटव्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरु मुख्य रुपमा देखा पर्दछन् । फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, झोजक पात गुजुमुज्ज हुने, कयाक रोग, जरा कुहिने, ओइलाउने आदी रोगहरुको प्रकोपबाट कृषकहरु समस्यामा परेका छन् । मुख्य बालीहरुमा लाग्ने शत्रु जीव र रोगहरुको विस्तृत विवरण तलको तालिकामा राखिएको छ ।

विभिन्न बालीमा लाग्ने रोग विवरण

| क्र. सं. | बाली | बालीमा लाग्ने मुख्य रोग | बालीमा लाग्ने मुख्य मुख्य कीराहरु | झारपात | प्राकृतिक शत्रुहरु |
|---|---|---|---|---|---|
| १ | धान | डढुवा, गरुवा, खैरा | फौजी कीरा, फड्के, सिरु | सामा, पोथो, सिरु | बाँदर, चरा, मुसा |
| २ | मकै | डाँठ कुहिने, घोगा कुहिने | फेद कटुवा, गवारो, खुम्रे | हनुमान, सिरु | डढुवा, गरुवा, खैरा |
| ३ | गहुँ | सिदुरे, कालोपोके | लाही, पनेरो, झुसिले | | डाँठ कुहिने, घोगा कुहिने |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, सल्यान २०७४*

## ५.३.३ कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरुको विवरण

विकेन्द्रीकरणको सिद्धान्त अनुरुप कृषकहरुलाई सुलभ रुपमा सेवा प्रवाह गर्न कृषि सेवा केन्द्रहरुको स्थापना गरिए अनुरुप सल्यान जिल्लामा साविकका १ न.पा. र ४० गाविसलाई समेट्ने गरी विगतमा १० वटा कृषि सेवा केन्द्रहरु सञ्चालित रहे पनि कृषि विभागको नयाँ संरचनाअनुसार आ.व. २०६२/६३ बाट हाल ६ वटा कृषि सेवा केन्द्रहरु र २ सम्पर्क केन्द्र गरी ८ वटा कृषि सेवा केन्द्र सञ्चालित छन् । प्रविधि विस्तारको उद्देश्यलाई सहयोग गर्दै कृषकको कृषि प्राविधिकसम्मको पहुँचलाई सरल बनाउन रत्रिवेणीगाउँपालिकाको कृषि क्षेत्रमा सुधारको लागी निम्नानुसारका कृषि सेवाकेन्द्रहरूले सेवा प्रदान गर्दै आएका छन् ।

कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरूको विवरण

| सि.न. | सेवा केन्द्र र उपसेवा केन्द्र | क्षेत्र नं. | इलाका | ठेगाना |
|---|---|---|---|---|
| १ | काभ्रा | २ | ४ | त्रिवेणी गा.पा. वडा नं १,२,३, ४, ५ र ६ |

*श्रोत: जिल्ला कृषि विकास कार्यालय, सल्यान, २०७४*

## ५.३.४ बाली पात्रो

बाली पात्रो

| क्र.सं. | बालीको नाम | बाली लगाउने समय | बाली टिप्ने समय |
|---|---|---|---|
| १. | धान | आषाढ, श्रावण | कार्तिक, मंसीर |
| २. | गहुँ | कार्तिक, मंसीर | चैत्र, वैशाख |
| ३. | मकै | वैशाख, जेष्ठ | भाद्र, असोज |
| ४. | आलु | फाल्गुन, चैत्र | आषाढ, श्रावण |
| ५. | हिउँदे आलु | असोज, कार्तिक | पौष, माघ |
| ६. | तोरी | असोज, कार्तिक | पौष, माघ |
| ७. | हिउँदे तरकारी | असोज, कार्तिक | मंसीर, पौष |
| ८. | तरकारी | वैशाख, जेष्ठ | श्रावण, भदौ |
| ९. | वैमौसमी तरकारी | आषाढ,कार्तिक,मंसीर,पौष | असोज, चैत्र, वैशाख |
| १०. | तरकारी बीऊ | असोन, कार्तिक | चैत्र, वैशाख |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, सल्यान २०७४*

## ५.३.५ कृषि बजारीकरण

नेपाल एक कृषि प्रधान देश हो तथापि यहाँको कृषि उपजले अपुग हुनगई आयातमा जिविका निर्भर रहेको छ । नेपालको कुल जनसंख्याको करिव दुई तिहाई जनसंख्याको पेशा कृषि हो । परम्परागत कृषिको कारण देशको अर्थतन्त्रमा भने कृषिले हिस्सा ओगट्न भने सकेको छैन । दैनिक जीवन गुजारा हुने किसिमको खेतीपाती गर्ने परिपाटीले कृषिमा व्यवसायिकरण हुन सकेको छैन । परम्परागत बजारीकरणमा उत्पादकहरुले असंगठित रुपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरुको बजारीकरणको नवीन प्रचलन विकास हुन थालेको छ । गाउँपालिका निर्माणका प्रारम्भिक दिनदेखि यहाँका कृषिजन्य वस्तु बजारीकरणका विभिन्न ढाँचाहरु अभ्यासमा आएका छन् । यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरुले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन् । गाउँपालिकामा विभिन्न बजारहरुबाट कृषि लगायत अन्य वस्तुहरुको (तरकारी, आलु, फलफूल तथा माछा) बजारीकरण हुने गरेको देखिन्छ । कृषकले उत्पादन गरेका कृषिजन्य वस्तुले सही बजार पाउनु पर्छ । कृषि क्षेत्रको समुचित विकास हुन सकेको खण्डमा समग्र देशको विकास हुन्छ तसर्थ यसको लागि कृषि वजारीकणलाई प्रोत्साहन गरी व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

## ५.३.६ गाउँपालिका क्षेत्र बजार केन्द्रहरुको विवरण

| क्र.सं. | बजार केन्द्र | ठेगाना | बजार प्रकृति |
|---|---|---|---|
| १ | लुहाम बजार | वडा नं. ६, लुहाम | प्रशासनिक केन्द्र/मुख्य बजार |
| २ | टुनिबोट | वडा नं. ५, टुनिबोट | मुख्य बजार/शिक्षा केन्द्र |
| ३ | राम बजार | काभ्रा | स्थानीय बजार |

*स्रोत : त्रिवेणी गाउँपालिका कार्यालय सल्यान*

त्रिवेणी गाउँपालिकामा रहेका बजारकेन्द्रहरूको विवरण माथिको तालिकामा दिएको छ । वडा नं. ६ गाउँपालिका केन्द्र रहेको लुहामबजार प्रमुख व्यापारिक केन्द्र हो । यो राप्ती राजमार्गसँगै जोडिएको बजार क्षेत्र हो ।



### ५.३.६ कृषि पकेट क्षेत्रको बिवरण

कृषि पकेट क्षेत्रको विवरण

| क्र.सं. | बाली | सम्भाव्य पकेट क्षेत्र |
|---|---|---|
| १ | धान | १ |
| २ | गहुँ | १ |
| ३ | फलफूल | १ |
| ४ | अदुवा | २ |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय सल्यान,२०७४*

त्रिवेणी गाउँपालिकामा कृषि पेशा अँगाल्ने परिवारको संख्या उच्च रहेको छ । कृषि पेशामा संलग्न श्रम शक्ति उच्च रहेको यसगाउँपालिकामाकृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले गाउँमा विभिन्न

क्षेत्रलाई कृषि पकेट क्षेत्रको रुपमा विकास गरी नगदे, तरकारी, फलफुल, खाद्यान्न, मौरी पालन, उखुजस्ता कृषि उत्पादनको वृद्धि गर्न सक्ने प्रशस्त सम्भावना देखिन्छ।

### ५.३.७ जग्गाको उर्वराशक्ति

गाउँपालिकामा कृषि उत्पादनको लागि उर्वर भूमि झण्डै २४ प्रतिशत रहेको छ। विगतमा त्रिवेणी गाउँपालिकाका युवाहरु रोजगार तथा पढाईको शिलशिलामा नेपालको राजधानी काठमाडौं तथा जिल्लाका सदरमुकाममा जाने र वैदेशिक रोजगारमा बढी आर्कषण भएको हुँदा गाउँपालिकामाश्रमशक्तिको अभावले धेरैजसो खेतीयोग्य जमिनहरु बाँझै रहेको देख्न सकिन्छ। गाउँपालिकाको समथर भूभाग (बेंसी) मा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको क्षेत्रहरुमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ।

### ५.३.८ एग्रोभेट सम्बन्धी विवरण

गाउँभरी पशुपंक्षी पालनमा आएको व्यवसायिकताको लहरसँगै भेटेरिनरी औषधीको व्यवसाय विस्तार भएको पाइन्छ। औषधी व्यवसायी संघ सल्यानका तथ्याङ्कअनुसार जिल्लामा दर्ता भएका नभएका गरी ६२ भन्दा बढी भेटेरिनरी औषधी पसलहरु संचालित छन्। जसमध्ये ८ वटा भेटेरिनरी औषधी पसलहरु यस त्रिवेणी गाउँपालिकामा सञ्चालित छन्। जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

एग्रोभेट सम्बन्धि विवरण

| क्र.सं. | एग्रोभेटको नाम | वडा नं | संचालकको नाम |
|---|---|---|---|
| १ | कृति एग्रोभेट सेन्टर | ६ | भिम बहादुर गिरी |
| २ | तारा एग्रोभेट सेन्टर | ६ | लाल बहादुर वली |
| ३ | किसान एग्रोभेट सेन्टर | ३ | मंगलसिंह रावत |
| ४ | कालिका एग्रोभेट सेन्टर | ४ | विनोद कुमार भण्डारी |
| ५ | शारदा एग्रोभेट सेन्टर | ६ | शोभाराम के.सी. |
| ६ | किसान एग्रोभेट सेन्टर | १ | शालिकराम शर्मा |
| ७ | शशिराम एग्रोभेट सेन्टर | १ | शशिराम खड्का |
| ८ | पोखरा एग्रोभेट सेन्टर | १ | लाल बहादुर खड्का |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, सल्यान,२०७४*

### ५.३.९ मलखाद बिक्रेताहरुको विवरण

मलखाद बिक्रेताहरुको विवरण

| क्र.सं. | एग्रोभेटको नाम | वडा नं |
|---|---|---|
| १ | बोहरा पसल, टुनिबोट | ५ |
| २ | तारा एग्रोभेट सेन्टर | ५ |
| ३ | एलिसा कृषि सामाग्री केन्द्र | १ |

| | | |
|---|---|---|
| ४ | पौडेल स्टोर्स | १ |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, सल्यान २०७४*

गाउँपालिकामा कृषि उत्पादनमा वृद्धि ल्याउन कृषकहरुलाई रासायनिक मल तथा उन्नत बीउको प्रयोग गर्ने बानीको विकास गर्ने उद्देश्य अनुरुप रासायनिक मल ढुवानी तथा उन्नत बीउ बिजन ढुवानी अनुदान भएतापनि जिल्ला कृषि कार्यालयको सिफारिसमा कृषक समूह तथा सहकारीलाई साल्ट ट्रेडिङ कर्पोरेशन र कृषि सामाग्री कम्पनीले जैविक मल तथा बिउ उपलव्ध गराइरहेको छ। जिल्ला कृषि विकास कार्यालयबाट सल्यान जिल्लामा १५३ जनाले रासायनिक मलको थोक बिक्रेता प्रमाण पत्र लिएको भएतापनि हाल ५५ वटा मलखाद बिक्रेता पसल सञ्चालनमा रहेका छन्। जस मध्येयस गाउँपालिकामा ४ वटा मलखाद बिक्रेता रहेका छन्। जसको विवरण माथिको तालिकामा उल्लेख गरिएको छ।

## ५.३.१० कृषि सहकारी संस्थाहरुको विवरण

कृषि सहकारी संस्थाहरुको विवरण

| क्र.सं. | सहकारीको नाम | ठेगाना |
|---|---|---|
| १ | मनकामना कृषि बहुउद्देश्यीय सहकारी संस्था लि. | साविकको फलावाङ-४ |
| २ | कालिका कृषि सहकारी संस्था लि. | साविकको फलावाङ-६ |
| ३ | जनाआधार कृषि बहुउद्देश्यीय सहकारी संस्था लि. | साविकको त्रिवेणी |

*स्रोत : त्रिवेणी गाउँपालिकको घरधुरी सर्वेक्षण, २०७५*

## ५.३.११ कृषि उत्पादनको विवरण

| वडा नं. | कृषि उत्पादन (मुरीमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | धान | मकै | गहुँ | कोदो | जौ | तोरी | आलु | अदुवा |
| 1 | ४९७८ | ११२९ | ६९७ | ० | ६ | १४६ | ३९ | ३४ |
| 2 | ४७२७ | १७४२ | १०२० | २० | २ | २४० | २६ | १२२ |
| 3 | ५५५९ | १२१२ | १५७३ | ९७ | २३ | ३२ | १२९ | ७५ |
| 4 | ४०२८ | २६२३ | २०६० | २ | ४ | १८ | १४ | ० |
| 5 | ३१३६ | २५१५ | १४२४ | २ | २० | ९८ | ५४ | १५० |
| 6 | ५७७० | १५९७ | १४५० | ५४ | ० | ३४४ | ५८ | ० |
| जम्मा | २८१९८ | १०८१८ | ८२२४ | १७५ | ५५ | ८७८ | ३२० | ३८१ |

*स्रोत : त्रिवेणी गाउँपालिकको घरधुरी सर्वेक्षण, २०७५*

इस गाउँपालिकामा धान सवैभन्दा वढि मात्रामा उत्पादन हुन्छ। त्यसका अलावा मकै दोश्रोमा गहुँ तेश्रोमा उत्पादन हुन्छ। साथै जौ र कोदो थोरैमा त्रामा उत्पादन हुन्छ। न्गदेवालीको रुपमा तोरी तथा आलु समेतको उत्पादन प्रर्याप्त मात्राम हुन्छ। सिचाईको सुविधा समेत उपलव्ध भएकोले खाद्यन्नमा यो गाउँपालिका आतम निर्भर छ भन्दा फरक पर्दैन।

## ५.४ सिंचाइ

गाउँपालिकाको प्रमुख नदीको रुपमा रहेको शारदा नदीको पहुँच क्षेत्र बाहेक यस गाउँपालिकामा व्यवस्थित सिंचाइ प्रणालीको विकास हुन सकेको छैन । नजिकमा रहेको नदी, खोला, ताल, झरनाको पानीलाई काठ, स्याउला र ढुँगाले कुलोमा पानी फर्काई आफ्नो परम्परागत स्रोत साधनको परिचालन गरी संचालित कुलोहरु सिंचाइका आधारशिला हुन् । सिंचाईका प्रमुख स्रोतहरु स्थानीय साना खोलाहरु र शारदा खोला मात्रै हुन् । यी स्रोतहरु बाहेक गाउँपालिकामा खेती योग्य जमीनमा पानीको अभाव रहेको पाइन्छ । सल्यान जिल्लामा हाल १२ वटा सिंचाई आयोजनाहरु सञ्चालनमा रहेका छन् । जसमध्येत्रिवेणी गाउँपालिकामा २वटा सिँचाई योजना सञ्चालनमा रहेका छन् । यस गाउँपालिकामा यी सिंचाई योजनाले १०३ हेक्टर जमीन ओगटेको छन् । बाँकी खेतीयोग्य जमीनमा पानीको अभाव भएका कारण किसानहरु आकाशे पानीमा निर्भर रहनु पर्ने अवस्था रहेको छ । गाउँपालिकामा रहेका सिँचाई आयोजनाहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

त्रिवेणी गाउँपालिकामा सिंचाई स्थिति

| क्र.सं. | योजनाको नाम | साविकको गा.वि.स. | सिंचाई क्षेत्रफल |
|---|---|---|---|
| १. | बास्टारी सिंचाई योजना | फलबाङ | ६० हेक्टर |
| २. | काँरागिठी सिंचाई योजना | काँरागिठी | ४३ हेक्टर |
| | **जम्मा** | | **१०३ हेक्टर** |

*श्रोत: जिल्ला कृषि कार्यालय, सल्यान २०७४*

## *५.५ गाउँपालिकामा पशुपंक्षी पालनको अवस्था*

| वडा नं. | पशु पालको अवस्था ( संख्यामा) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गाई | गोरु | भैसी | रागा | वाखा | खसी वोका | भेडा | सुगुर / वगुर | कुखुरा | हाँस | खरायो | कुकुर |
| 1 | ३४३ | १०४३ | ६५ | ८ | २५४८ | ६७४ | ९७ | ४८ | २२९० | ३० | ६ | १५३ |
| 2 | ३७४ | ९६० | ८ | ० | २१७३ | ५६९ | ८६ | १६ | २४२२ | ३१ | २२ | १६७ |
| 3 | १८१ | १००३ | २०४ | ४० | २४३९ | ३८८ | २० | ६ | २७०१ | १६ | १७ | २८१ |
| 4 | २७० | ६६६ | १९ | ६ | १८७२ | ४६८ | ९५ | ९ | २१९४ | २२ | ११ | २८ |
| 5 | ४२६ | ७२९ | ८१ | १२ | ३३११ | ७८४ | १४५ | १५ | ४७८२ | ० | २ | ५८ |
| 6 | ७५ | ६६६ | २५ | १४ | २०५० | ६६८ | १३८ | २४ | २०३३ | १३३ | ८ | २९ |
| जम्मा | १६६९ | ५०६७ | ४०२ | ८० | १४३९३ | ३५५१ | ५८१ | ११८ | १६४२२ | २३२ | ६६ | ७१६ |

*श्रोत : त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५*

गाउँपालिकामा विशेषगरी गाई, भैंसी, बाखा, सुँगुर, बँगुर नै यहाँका मुख्य घरपालुवा जनावर हुन । यसबाट गाउँबासीहरुको जीविकोपार्जनमा उल्लेख्य सुधार भैरहेको छ । पशुजन्य उत्पादनहरु जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, खसी, बोकाहरुको बिक्रीबाट आम्दानी बढेको देखिन्छ । त्यस्तै गरि भेटेनरी सेवा पनिगाउँमा

उपलब्ध रहेको छ । गाउँमा पशुपालन अधिक मात्रामा हुने गरेको देखिन्छ । यस गाउँपालिकामा रहेका पशु सेवा केन्द्रहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

पशु सेवा केन्द्रहरु

| क. सं. | सेवा केन्द्रको नाम | कार्यक्षेत्र |
|---|---|---|
| १ | काभ्रा | त्रिवेणी गा.पा. १,२,३, ४ ,५ र ६ |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, सल्यान २०७३*

### ५.५.१ पशु नश्ल

गाउँपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरुमा गाई, भैंसी, बाखा, भेंडा र बंगुर रहेका छन् । सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरुको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ । गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाखा र बंगुरतर्फ उन्नत जातका भालेहरुसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरुमा वर्णशंकरको संख्या बढ्दो छ । तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । नश्ल सुधारमार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरुलाई भविष्यको राम्रो माउमा विकसितगर्ने कुरा मध्यनजर गरी थप कार्यक्रमहरु संचालन गर्नु आवश्यक छ ।

सारांशमा, विगतका वर्षहरुमा गाउँको पशुपालन क्षेत्रले राम्रो फड्को मारेको छ जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणात्मक विकास सम्भव भएको छ । तर हालको परिमाणात्मक विकासको गति सुस्त छ ।पशु पालन क्षेत्रमा क्रमिक रुपमा व्यवसायिकता थपिएको छ तरपशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईंदैन । त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको पनि एकदम खाँचो सर्वत्र महसुस गरिएको छ । पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरुको उत्पादकत्व अति न्यून हुनु, युवा वर्गहरु विदेश पलायन हुनु र सो अनुरुप पशुपालनमा यान्त्रिकिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धी हासिल हुन सकिरहेको छैन ।

### ५.५.२ पशुपंक्षीमा लाग्ने रोगहरु

कृषकहरुको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको पशुपंक्षीहरुको पालन यस गाउँपालिकामा निकै बढी मात्रामा रहेको देखिन्छ ।गाउँमा देखिने पशु रोगहरूमा रेबिज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धी र जुका पर्दछन्। गाउँको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेबिज खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत पिपिआर स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यसगाउँमात्यत्तिकै रहेको पाइन्छ। यसका कारणहरूलाई हेर्दा, पशुको अवैध आयात, आवत

जावत, दयनीय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ। यी रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास भैरहेको देखिन्छ।

जीवाणुबाट हुने रोगहरूमध्ये भ्यागुते, चरचरे विरुद्ध यस गाउँकाकिसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाटफुट रुपमा देखिने गरेका छन्।गाउँपालिकामा स्वाइन फिवर, खोरेत, रेबिज विरुद्धको खोपकार्य समेत गाउँका विभिन्न वडाहरूमा समेत सञ्चालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ। सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फैलिएको पाइँदैन । तथापि यहाँका पशुपंक्षीहरुमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरुको प्रकोप रहेको छ भने पंक्षीहरुमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रुपमा लाग्ने गरेको छ ।

**गाउपालिका क्षेत्रभित्रका कृषि फर्महरूको  लगत**

| सि.नं | गैरसरकासी संस्थाको नाम | ठेगाना | प्रोपराइटर/अध्यक्ष |
|---|---|---|---|
| १ | जनसेवा भैंसीपालन फर्म | वडा नं. ३, गौरेज्यूला, सल्यान | शालिकराम महतारा |
| २ | हरियाली मौरीपालन फर्म | वडा नं. ४, सल्यान | जित बहादुर बुढा |
| ३ | छहरेखोला कृषक समूह | वडा नं. २ गैरागिठी सल्यान | सुन्दर पुन |
| ४ | कृष्ण गाई फर्म | वडा नं. ६, लुहाम कोषपिपल, सल्यान | कृष्ण कुमार रेउले |
| ५ | शिव पार्वती एकीकृत कृषि समूह | वडा नं. ६, शितलबजार | भोला प्रसाद खडका |
| ६ | पशुपति एकीकृत कृषि समूह | वडा नं. ६, भुम्केज्युला | कमल बहादुर खत्री |
| ७ | स्यानीपिपल कृषक समूह | वडा नं. ६, भुम्केज्युला | भिम बहादुर राना |
| ८ | कृष्ण लक्ष्मी बाखा फर्म | वडा नं. ६, भुम्केज्युला | कृष्ण बहादुर खडका |

**श्रोत : त्रिवेणी गाउँपालिकाको कार्यालय सल्यान, २०७५**

गाउँपालिकाभित्र डेरी फार्मतर्फ आएको व्यवसायिकता कृषकहरुको विगतका तीन वर्षदेखिको प्रयासको प्रतिफल हो । डेरी फार्मतर्फ वस्तुभाउ पालनका ३ थरीका मोडेलहरु पाईन्छ । धेरै जसो कृषकहरु गाईपालन फार्म सञ्चालन गरेको पाईन्छ भने कतिपय कृषकहरु व्यवसायिक भैंसीपालनतर्फ आकर्षित भएका छन् । केही कृषकहरु भने दुधमा फ्याटको मात्रा बढ्न गई राम्रो मुल्य पाइने सोँचले गर्दा एउटै फार्म भित्र गाई र भैंसी दुवै थरी जनावर पाल्ने गरेको पाईन्छ ।

यस गाउँमा डेरी पालनतर्फ हाल धेरै ठूला लगानीका फार्महरु छैनन् । त्यसै गरी फार्महरुको यान्त्रिकरणतर्फ पनि प्रगति अति नै न्यून रहेको पाईन्छ । त्यस कारण, समग्रमा भन्नु पर्दा गाउँपालिकामा दुग्धतर्फ परिमाणात्मक विकास हालसम्म रही रहेको छ ।

### ५.५.३ गाउँपालिकामा दुग्ध बजारीकरण

त्रिवेणी गाउँपालिकामा केही रुपमा व्यवसायिक पशुपालनको शुरुवात भएको पाइन्छ ।  दुग्ध विकासको कुरा गर्दास्वयं कृषकहरूले नै घर घर वा पसल पसलमा नै लगेर बेच्ने गर्दछन्। यसरी बेच्दा दुधको गुणस्तर नाप ल्याक्टोमिटरबाट गर्ने गरिन्छ र जति बढी ल्याक्टोमिटर उती बढी मुल्य हुने गरेको

पाइन्छ। उत्पादित केही दुध स्थानीय बजारमा पसलले सानो परिमाणमा ल्याएतापनि अन्य घरमा नै विभिन्न किसिमले प्रयोग गरेको पाइन्छ। गाउँपालिका रहेको धेरै क्षेत्र ग्रामीण क्षेत्रको रुपमा रहेको हुनाले यहाँका किसानहरु आफूलाई आवश्यक पर्ने दुग्ध जन्य पदार्थ आफै उत्पादन र उपयोग गर्ने गरेको पाइन्छ ।

### ५.५.४ पशुपंक्षी पालन तथा विकासका गैर सरकारी साझेदारहरु

विकासका बाहकहरु सरकारी निकाय, निजी क्षेत्र तथा नागरिक समाज रहेको तथ्य पशुपंक्षी पालनको समग्र विकासमा पनि चरितार्थ हुन्छ । जिल्ला पशु सेवा कार्यालय, सल्यानले जिल्लामा कार्यरत केही सरकारी तथा विभिन्न गैर सरकारी संस्थाहरुसँग आपसी समन्वय, सहकार्य तथा सहयात्रीको भूमिका निर्वाह गर्दै आएको छ । यस कार्यालयसँग हातेमालो गरेर पशुपंक्षी पालन व्यवसायलाई सवलीकरण गर्ने विभिन्न संस्थाहरु यस त्रिवेणी गाउँपालिकामा कार्यरत छन् ।

## ५.६ थोक तथा खुद्रा व्यापार

नेपालको प्रदेश नं ६ को पहाडी जिल्ला सल्यानमा रहेको त्रिवेणी गाउँपालिका कृषिका लागी राम्रो सम्भावना भएको गाउँपालिकाको रुपमा रहेको छ । थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल, तरकारी, फलफुल, गेडागुडी तथा मसला आदि गाउँपालिकामा हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरेको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै विदेशी सामानको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत थोक र खुद्राबिक्री यस गाउँपालिकाबाट हुने गरेको पाइन्छ।

## ५.७ अन्य आर्थिक विकासका सम्भावनाहरू

गाउँपालिकामा आर्थिक विकास अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार लगायत थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू प्रशस्त रहेका छन्।

समग्रमा यस गाउँपालिकाको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या अझै उच्च रहेको छ। गाउँपालिकामा रहेको खेतीयोग्य जमीनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलव्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भानाहरू रहेको छ।

गाउँपालिकामा रहेको उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलव्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्कोतर्फ माटोको उर्वराशक्ति क्रमश: क्षीण हुँदै

उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नको साथै पुराना परम्परागत कुलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ति बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि दिगो विकासको अवधारणा अनुरुप अगाडि बढ्न सकिन्छ ।

गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई व्यवसायिक रुपमा विस्तार गरी यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरु देखिन्छ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणीय मित्रवत प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

गाउँपालिकाले ओगटेका वन क्षेत्रहरु सालको वन, साल, चिलाउने लगायतको उच्च व्यावसायिक महत्वका वनस्पति प्रजातियुक्त वन क्षेत्र हुनु, वन क्षेत्रको पुनरुत्पादन दर राम्रो हुने आदि कारणले गर्दा वनको वैज्ञानिक व्यवस्थापन मार्फत् जीविकोपार्जनमा टेवा पु¥याउन र राजस्वमा वृद्धि गर्न सकिने अवस्था रहेको छ । यसका अलावा जैविक विविधता संरक्षण प्रवर्द्धन, पर्यटनमार्फत् समेत आर्थिक विकासमा उपयोग गर्न सकिने अवस्था छ ।

गाउँपालिकाका सामुदायिक वन उपभोक्ता समूहहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटीको खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारमुखी गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

गाउँपालिकामा साथै देशमै बेरोजगारी एक चुनौती रहेकोले यस गाउँपालिका समेत त्यसबाट प्रभावित छ र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले वैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाका युवाहरूलाई व्यावसायिक तथा सिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति सिर्जना गर्न सकेमा गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पु¥याउनेसम्भावना देखिन्छ।

## ५.८ गाउँपालिकाको अर्थतन्त्रको विशिष्टिकरण

गाउँपालिकाको अर्थतन्त्रमा वनपैदावार र प्राकृतिक सम्पदाको संरक्षण गरी सतह तथा भूमिगत सिंचाइमा आधारित दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रुपमा लिन सकिन्छ। गाउँको मुख्य पर्यटकीय क्षेत्रको रुपमा रहेको खलङ्गा दरबारलाई उचित मर्मत तथा सम्भार गरी प्रचार प्रसार गरेमा पर्यटकीय क्षेत्रमा समेत सफलता हासिल गर्न सकिने सम्भावनारहेको छ। कृषि, पशु एवं वनजन्य कच्चा पदार्थको प्रशस्त उपलब्धताले समकृषि, पशु एवं वनजन्य उद्योगको स्थापना गर्न सहयोग पुग्ने देखिए तापनि पहाडी

भूभागमा अवस्थित यस गाउँपालिकाको विकराल समस्याको रुपमा रहेको सडक यातायातको पहुँचले गर्दा तिनीहरुको उचित प्रयोग हुन सकिरहेको छैन । अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा गाउँको विशिष्टता एवं प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ।

## ५.९ बैंकको विवरण

गाउँपालिकामा उद्योग व्यापार लगानी गर्न वित्तीय संस्थाहरुमा वाणिज्य बैंकहरु मार्फत् कर्जा लगानी हुने गरेको देखिन्छ । त्रिवेणी गाउँपालिका वडा नं. ६ मा राष्ट्रिय वाणिज्य बैंकको शाखा, मुक्तिनाथ विकास बैंक, मिर्मिरे लघुवित्त लगायत केही सहकारी संस्थाहरु रहेका छन् । यस गाउँपालिकाका स्थानीय बासिन्दाहरुले पनि यिनै संस्थाहरु मार्फत् सेवा लिएको पाइन्छ । बैंकहरुले पनि कर्जा उपलब्ध गर्दै आएका छन् भने गाउँबासीहरुसँग रहेको रकमलाई निक्षेपको रुपमा स्वीकार गरी बचत पनि गर्दै आएका छन् । साथै जिल्ला स्थित अन्य बैंक शाखाहरु मार्फत समेत जनताहरुले कारोवार गर्ने गरेका छन् ।

### ५.९.१ वित्तिय संस्थाहरुको विवरण

**गाउपालिका क्षेत्रभित्रका बैंक तथा वित्तीय संस्थाहरूको लगत**

| सि.नं. | बैंकको नाम | ठेगाना | पत्राचारको च.नं. मिति | कैफियत |
|---|---|---|---|---|
| १ | ग्रामीण महिला लघु वित्त | लुहाम | ९९७/२०७४।१२।२९ | |
| २ | जनउत्थान सामुदायिक लघु वित्त | लुहाम | १०००/२०७४।१२।३० | |
| ३ | डिप्रोक्स लघु वित्त विकास बैंक | लुहाम | ९९६/२०७४।१२।३१ | |
| ४ | किसान माइक्रो फाइनान्स | लुहाम | ९९५/२०७४।१२।३२ | |
| ५ | मुक्तिनाथ विकास बैंक | लुहाम | ९९४/२०७४।१२।३३ | |
| ६ | राष्ट्रिय वाणिज्य वैंक | लुहाम | | |

## ५.१० सहकारी संस्थाको विवरण

गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ। सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई गाउँपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन् । सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ । यस गाउँपालिकामा संचालित सहकारी संस्थाहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

## ५.१०.१ सहकारी संस्थाको नामावली

| सि.नं. | सहकारीको नाम | ठेगाना | शेयर पूजी | अध्यक्ष |
|---|---|---|---|---|
| १ | कल्पवृक्ष सामाजिक उद्यमी महिला सहकारी संस्था लि. | वडा नं. १, घोडामारे सल्यान | २५००० | गोमा भण्डारी |
| २ | शारदा बहुउद्देश्यीय सहकारी संस्था लि. | वडा नं. १, घोडामारे सल्यान | ५२००० | छविलाल खत्री |
| ३ | कालिका कृषि सहकारी संस्था लि. | साविक फलाबाङ्ग ७, पुतलीबजार | ७८००० | होम सिं बोहरा |
| ४ | डाफे महिला आयआर्जन बचत तथा ऋण सहकारी संस्था लि. | साविक फलाबाङ्ग २ | २५०० | शान्ता बुढा |
| ५ | महालक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | साविक फलाबाङ्ग २, पिमखोला | २६००० | कमान सिंह डाँगी |
| ६ | मनकामना कृषि बहुउद्देश्यीय सहकारी संस्था लि. | साविक फलाबाङ्ग ७, पुतलीबजार | २५०० | कलम बहादुर रावत |
| ७ | त्रिवेणी कृषि सहकारी संस्था लि. | साविक त्रिवेणी ७, लुहाम | १००००० | |
| ८ | जनविकास कृषि सहकारी संस्था लि. | साविक काँरागिठी ५ | २०८०० | |
| ९ | जनजागरण बहुउद्देश्यीय सहकारी संस्था लि. | साविक काँरागिठी ७ | ५०००० | शेर बहादुर बस्नेत |
| १० | काँरागिठी महिला विकास बहुउद्देश्यीय सहकारी संस्था लि. | साविक काँरागिठी ३, शंखपिपल | १४५०० | संगीता पुन |
| ११ | दुर्गा भवानी सामाजिक उद्यमी महिला सहकारी संस्था लि. | साविक काभ्रा ७ | २५००० | भोज कुमारी बुढाथोकी |
| १२ | नमूना सामाजिक उद्यमी महिला सहकारी संस्था लि. | साविक फलाबांग ९ | ३०००० | सेती रोका |
| १३ | त्रिवेणी पशुपालन व्यवसाय सहकारी संस्था लि. | साविक त्रिवेणी ७, लुहाम | ३०२६०० | पवित्रा के.सी. |
| १४ | मिलनचोक कृषि सहकारी संस्था लि. | साविक काभ्रा ७ | | अजय रोका |
| १५ | चण्डेश्वरी महिला आयआर्जन बचत तथा ऋण परिचालन सहकारी सस्था लि. | साविक त्रिवेणी ७, लुहाम | ३२०३०० | पुष्पा के.सी. |

*स्रोत:त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालय,२०७५*

गाउँपालिकामा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि, बहुद्देश्यीय, उपभोक्ता, चिया, दुग्ध, विद्युत, तरकारी तथा फलफूल, जडिबुटी, संचार आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ। साथै नियमित रुपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको देखिन्छ। जसमा बचत तथा ऋण सहकारी संस्था ५, बहुउद्देश्यीय २, कृषि ३, पशु १ र उद्यमी ४ गरी जम्मा १५ वटा सहकारी संस्थाहरु संचालनमा रहेका छन् ।

सहकारी संस्थाको विवरण

| क्र.सं. | कार्य/प्रकृति | संस्था संख्या |
|---|---|---|
| १ | बचत तथा ऋण | ५ |
| २ | बहुउद्देश्यीय | २ |
| ३ | उपभोक्ता | ० |
| ४ | कृषि | ३ |
| ५ | पशु | १ |
| ६ | उद्यमी | ४ |
| **जम्मा** | | **१५** |

*स्रोत:त्रिवेणी गाउँकार्यपालिकाको कार्यालयल सल्यान २०७५*

## ५.११ संघ संस्था तथा विभिन्न समूहहरु

यस गाउँपालिकामा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले समुदायमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफ्ना कार्यक्रमहरु संचालन गरिरहेका छन् । यहाँ रहेका सरकारी संस्थाहरु क्रमश: गाउँपालिकाकार्यालय, स्वास्थ्य चौकी, इलाका हुलाक, अतिरिक्त हुलाक, इलाका प्रहरी, नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र आदि रहेका छन् । यसैगरी गैरसरकारी संस्थाहरुमा महिला सशक्तिकरण (प्रगति समूह), प्रगतिशिल आमा समूह र अन्य महिला र बालबालिकाको बिकासको लागि गाउँपालिकामा जनचेतना कार्यक्रमहरु संचालनमा रहेका छन् । यसका अतिरिक्त गाउँपालिकामा विभिन्न समूहहरु, युवा क्लबहरु, नागरिक समाज, राजनीतिक दलहरु रहेका छन् । यस गाउँपालिकामा रहेको गैरसरकारी संस्थाहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

संघ संस्थाको विवरण

| क्र.सं. | संघ संस्थाको नाम | गर्ने क्रियाकलापहरु |
|---|---|---|
| १ | सामुदायिक वन उपभोक्ता महासंघ | वन समूहमा पैरवी, स-शक्तिकरण, आय आर्जन र जलवायु परिवर्तन सम्वन्धि सचेतना कार्यक्रम |
| २ | रेडक्रस | खानेपानी तथा सर-सफाई क्रियाकलाप |
| ३ | आर.आर.एन | सरसफाई र भौतिक निर्माण |
| ४ | दलित सेवा संघ | दलित वस्तिहरुमा स-शक्तिकरण तथा आयअर्जन |
| ५ | स्थानिय विकास कोष | समूह गठन तथा स-शक्तिकरण |
| ६ | किसान | कृषि कार्यक्रमा सहयोग |
| ७ | सामुदायिक वन उपभोक्ता समूहहरु | ४४ सामुदायिक वन उपभोक्ता समूहहरुले समूहको कोष व्यवस्थापन, गरिवी न्यूनिकरण र जिविकोपार्जनका साथै संस्थागत विकास र शुसासन क्रियाकलापहरु संचालन गरिरहेका छन् । |
| ८ | यु.एस.ए.आइ.डि.किसान परियोजना | पुर्वाधार विकास, शक्तिकरण |
| ९ | शान्ति नेपाल | पुर्वाधार विकास, शक्तिकरण |
| १० | मेडेप परियोजना | पुर्वाधार विकास, शक्तिकरण |
| ११ | एल.जि.सि.डि.पि. | पुर्वाधार विकास, शक्तिकरण |
| १२ | महिला सरोकार मञ्च | पुर्वाधार विकास, शक्तिकरण |

*स्रोत : त्रिवेणी गाउँपालिका, २०७५*

## ५.१२ गाउँपालिकाका इन्धनको श्रोत

| वडा नं | वत्तिको लागि इनधनको प्रयोग | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विजुली | प्रतिशत | सोलार | प्रतिशत | मट्टीतेल | प्रतिशत | टुकीमारा | प्रतिशत | जम्मा |
| 1 | ३६८ | ४३.९ | ३६५ | ४४ | १३ | १.५ | ९३ | ११.०८ | ८३९ |
| 2 | ६९ | ११.८ | ४२७ | ७३ | १ | ०.२ | ९० | १५.३३ | ५८७ |
| 3 | २८९ | ३७.४ | ४७४ | ६१ | ६ | ०.८ | ३ | ०.३८९ | ७७२ |
| 4 | १३९ | २७.१ | ३२४ | ६३ | ३३ | ६.४ | १७ | ३.३१४ | ५१३ |
| 5 | ६७ | ११.९ | ४५२ | ८१ | १ | ०.२ | ४१ | ७.३०८ | ५६१ |
| 6 | ४६७ | ८९.३ | ३३ | ६.३ | ३ | ०.६ | २० | ३.८२४ | ५२३ |
| जम्मा | १३९९ | ३६.८४ | २०७५ | ५५ | ५७ | १.५ | २६४ | ६.९५७ | ३७९५ |

*स्रोत : त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५*

यस गाउँपालिकामा सवैभन्दा वढि जनता सोलार इन्धनको रुपमा प्रयोग गर्दछन जो जम्मा जनसंख्याको ५५ प्रतिशत रहेको छ । भने दोश्रोमा ३७ प्रतिशत जनसंख्या विजुली इन्धनको श्रोतको रुपमा प्रयोग गर्दछन । भने सवैभन्दा कम मट्टीतेल प्रयोग गर्ने जनसंख्या १.५ प्रतिशत रहेका छन । वडागत रुपमा हेर्ने हो भने विजलीको पहच सवैभन्दा वढि वडा नं. ६ मा ८९ प्रतिशत रहेका छ। भने वडा नं. ५ मा सवैभन्दा कम अर्थात १२ प्रतिशत जनसंख्याको पहुँच रहेको छ ।

## ५.१३ गाउँपालिकाका खाना पकाउने इन्धनको श्रोत

| वडा नं | खाना पकाउन इनधनको प्रयोग | | | | | | | | | घरको चुलो | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दाउरा | प्रतिशत | ग्यास | प्रतिशत | गोवर ग्यास | प्रतिशत | मट्टीतेल | प्रतिशत | जम्मा | सुधारीएको | प्रतिशत | सामान्य | प्रतिशत | जम्मा |
| १ | ८०१ | ९५.५ | ३६ | ४.३ | २ | ० | ० | ० | ८३९ | ४७५ | ५६.६ | ३६४ | ४३.४ | ८३९ |
| २ | ५७७ | ९८.३ | १० | १.७ | ० | ० | ० | ० | ५८७ | १४५ | २४.७ | ४४२ | ७५.३ | ५८७ |
| ३ | ६७९ | ८८ | ६३ | ८.२ | ० | ० | ३० | ३.९ | ७७२ | २३१ | २९.९ | ५४१ | ७०.१ | ७७२ |
| ४ | ४०४ | ७८.८ | १०० | १९ | ९ | २ | ० | ० | ५१३ | १०४ | २०.३ | ४०९ | ७९.७ | ५१३ |
| ५ | ५२५ | ९३.६ | ३६ | ६.४ | ० | ० | ० | ० | ५६१ | १२१ | २१.६ | ४४० | ७८.४ | ५६१ |
| ६ | ४२९ | ८२ | ९२ | १८ | २ | ० | ० | ० | ५२३ | १२० | २२.९ | ४०३ | ७७.१ | ५२३ |
| जम्मा | ३४१५ | ९० | ३३७ | ८.९ | १३ | ० | ३० | ०.८ | ३७९५ | ११९६ | ३१.५ | २५९९ | ६८.५ | ३७९५ |

*स्रोत : त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५*

यस गाउँपालिकामा खाना पकाउन इन्धनको श्रोतको रुपमा सवैभन्दा वढिमात्रामा दाउराको प्रयोग गर्ने गर्दछन जसको प्रतिशत ९० अर्थात ३४१५ घरधुरीले प्रयोग गर्दछन भने दोश्रोमा ग्यासको प्रयोगकर्ता ३३७ घरधुरी अर्थात ९ प्रतिशत रहेको छन भने गोवरगयास प्रयोगकर्ता जम्मा १३ घरधुरी रहेका छन । साथै सुधारीएको चुलोको प्रयोगकर्ता ३१ प्रतिशत रहेको छ। सामान्य चुलोको प्रयोगकर्ताको संख्या ६९ प्रतिशत रहेको छ । वडागतरुपमा हेर्दा सवैभन्दा वढि सुधारीएको चुलोको प्रयोगकर्ता वडा नं. १ मा ५६ प्रतिशत र सवैभन्दा कम वडा नं. ५ मा २१ प्रतिशत रहेको छ ।

## ५.१४ गाउँपालिकाका खाना पुग्ने घरधुरीको विवरण

| वडा नं | खाना पुग्ने | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ३ महिना | प्रतिशत | ६ महिना | प्रतिशत | १ वर्ष | प्रतिशत | वचत हुने | प्रतिशत | |
| 1 | ४३२ | ५१.५ | २४७ | २९.४ | ८५ | १०.१ | ७५ | ८.९४ | ८३९ |
| 2 | २४१ | ४१.१ | २६३ | ४४.८ | ४९ | ८.३५ | ३४ | ५.७९ | ५८७ |
| 3 | १६८ | २१.८ | ४४९ | ५८.२ | ३८ | ४.९२ | ११७ | १५.२ | ७७२ |
| 4 | १६७ | ३२.६ | २८२ | ५५ | ३७ | ७.२१ | २७ | ५.२६ | ५१३ |
| 5 | ३१८ | ५६.७ | १४३ | २५.५ | २५ | ४.४६ | ७५ | १३.४ | ५६१ |
| 6 | ८२ | १५.७ | ३३७ | ६४.४ | ९१ | १७.४ | १३ | २.४९ | ५२३ |
| जम्मा | १४०८ | ३७.१ | १७२१ | ४५.३ | ३२५ | ८.५६ | ३४१ | ८.९९ | ३७९५ |

*स्रोत : त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५*

यस गाउँपालिकामा ३ महिना खाना पुग्ने जनसंख्या ३७.१ प्रतिशत ६ महिना खाना पुग्ने जनसंख्या ४३.५ प्रतिशत रहेकाछन । १ वर्ष खाना पुग्ने जनसंख्या ९ प्रतिशत र खाना वचत हुने जनसख्या ९ प्रतिशत रहेको छ । वडागत रुपमा ३ महिनामात्र खाना पुग्ने मानिसहरुको संख्या सवैभन्दा वढि वडा नं. ५ र कम वडा नं. १५ प्रतिशत रहेकाछन ।

## ५.१५ गाउँपालिकाका पुर्ण सरसफाई पहुँचको घरधुरीको विवरण

| वडा नं. | पर्ण सरसफाइ | | | | |
|---|---|---|---|---|---|
| | पुर्ण सरसफाइ नभएको | प्रतिशत | पुर्ण सरसफाई सुचक पुगेका | प्रतिशत | जम्मा |
| १ | ६२५ | ७४.४९ | २१४ | २५.५१ | ८३९ |
| २ | ३५५ | ६०.४८ | २३२ | ३९.५२ | ५८७ |
| ३ | ६३८ | ८२.६४ | १३४ | १७.३६ | ७७२ |
| ४ | ३८३ | ७४.६६ | १३० | २५.३४ | ५१३ |
| ५ | ८३ | १४.८ | ४७८ | ८५.२ | ५६१ |
| ६ | ४० | ७.६५ | ४८३ | ९२.३५ | ५२३ |
| जम्मा | २१२४ | ५५.९७ | १६७१ | ४४.०३ | ३७९५ |

*स्रोत : त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५*

यस गाउँपालिकामा पुर्ण सरसफाइको ५ जोड १ सुचक पुरा गरेको अवस्था पुर्ण सरसफाईको पहुँचको अवस्था विश्लेन गर्दा सुचक पुगेको जनसंख्या ४४.०३ प्रतिशत र सुचक पुरा नगर्नेको प्रतिशत ५५.९७ रहेको छ । वडागतरुपमा हेर्दा सवैभन्दा वढि पुर्ण सरसफाईको सुचकको पहुच भएको वडा नं. ६ मा ९२ प्रतिशत दोश्रोमा वडा नं. ५ मा ८५ प्रतिशत तेश्रोमा वडा नं.२ मा ३९ प्रतिशत र सवैभन्दा कम वडा नं. ३ मा १८ प्रतिशत देखिन्छ । पुर्ण सरसफाई सम्वन्धी अभियानका कार्यक्रम वडा नं. ५र ६ मा तत्काल तिव्र गतिमा सञ्चालन गर्दा पुर्ण सरसफाइयुक्त वडा घोषणा गर्न सकिने अवस्था देखिन्छ भने वडा नं. ३,१र ४ मा कमजोर अवस्था भएकोले सो वडामा सो अभियान लाई व्यापकता प्रदान गर्न जरुरी देखिन्छ ।

## ५.१६ गाउँपालिकाका मुख्य पेशा अवलम्वन गर्ने घरधुरीको विवरण

| क स. | मुख्य पेशा | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कृषि | प्रतिशत | व्यापार | प्रतिशत | सरकारी सेवा | प्रतिशत | अन्य सेवा | प्रतिशत | वैदेसिक रोजगार | प्रतिशत | अन्य | प्रतिशत | जम्मा |
| 1 | ५८७ | ६९.९६ | ७० | ८.३ | ४४ | ५.२४ | १६ | २ | १२२ | १५ | ० | ० | ८३९ |
| 2 | ५१५ | ८७.७३ | १३ | २.२ | ३० | ५.११ | ११ | २ | १८ | ३.१ | ० | ० | ५८७ |
| 3 | ६६२ | ८५.७५ | ४५ | ५.८ | ४२ | ५.४४ | २ | ० | २१ | २.७ | ० | ० | ७७२ |
| 4 | ३३८ | ६५.८९ | १२ | २.३ | २२ | ४.२९ | ५३ | १० | ८८ | १७ | ० | ० | ५१३ |
| 5 | ३५८ | ६३.८१ | ३४ | ६.१ | ६ | १.०७ | २९ | ५ | १३४ | २४ | ० | ० | ५६१ |
| 6 | ३५७ | ६८.२६ | ३५ | ६.७ | ३१ | ५.९३ | ८ | २ | ९२ | १८ | ० | ० | ५२३ |
| जममा | २८१७ | ७४.२३ | २०९ | ५.५ | १७५ | ४.६१ | ११९ | ३ | ४७५ | १३ | ० | ० | ३७९५ |

*स्रोत : त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५*

यस गाउँपालिकामा मुख्य पेशाको रुपमा कृषि पेशा अगाल्ने जनसंख्या ७४.२३ प्रतिशत रहेको छ । वैदेशिक रोजगार मुख्य पेशा भएको जनसंख्या १३ प्रतिशत अर्थात दोश्रो स्थानमा रहेको छ। व्यापार मुख्य पेशाको रुपमा अंगाल्ने जनसंख्या ५.५ प्रतिशत रहेकाछन । भने सेवा नै मुख्य पेशा अवलम्वन गर्ने जनसख्या ७ प्रतिशत रहेको छ । वडागत रुपमा हेर्ने हो कृषि पेशा अगाल्ने मानिस वडा नं. २ मा ८८ प्रतिशत र वडा नं. ५ मा ६५ प्रतिशत रहेको छ भने वैदेशिक रोजगार मा जानेको संख्या प्रतिशतका हिसावले सवै भन्दा वढि वडा नं. ५ मा मा २४ प्रतिशत र सवैभन्दा कम प्रतिशत वडा न ३ मा ३ प्रतिशत छ।

## ५.१७ गाउँपालिकाका फलफुलखेतीको अवस्थाको विवरण

| वडा नं. | फलफुल खेती (क्विनटलमा) | | | |
|---|---|---|---|---|
| | आँप | सुन्तला | केरा | स्याउ |
| १ | ३४ | १८ | ८ | ० |
| २ | २८ | १ | २ | ० |
| ३ | १७२ | २०८ | ५९ | ९ |
| ४ | ८७ | २९६ | ३ | १७ |
| ५ | ० | ५ | ५ | ० |
| ६ | ७ | ० | १ | ० |
| जम्मा | ३२८ | ५२८ | ७८ | २६ |

*स्रोत : त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५*

यस गाउँपालिकामा सवैभन्दा वढि फल्ने फलफुल जातीमा सुन्ताला वार्षिक ५२८ क्विन्टल दोश्रोमा आँप ३२८ क्विन्टल उत्पादन हुने गर्दछ। र कम स्याउ २६ क्विन्टल उत्पादन भएको अवस्था तथ्याकंले पुष्टी गर्दछ।

## ५.१८ गाउँपालिकामा वार्षिक आम्दानी अवस्थाको विवरण

| क स. | वार्षिक आम्दानी विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २५ हजार सम्म | प्रतिशत | २५ देखि ५० हजार | प्रतिशत | ५० हजार देखि १ लाख | प्रतिशत | १ लाख भन्दा | प्रतिशत | जम्मा |
| 1 | ४१३ | ४९.२ | १०९ | १३ | ९३ | ११.१ | २२४ | २६.७ | ८३९ |
| 2 | २१० | ३५.८ | ११८ | २०.१ | ८१ | १३.८ | १७८ | ३०.३ | ५८७ |
| 3 | २४१ | ३१.२ | १४४ | १८.७ | १२० | १५.५ | २६७ | ३४.६ | ७७२ |
| 4 | ६१ | ११.९ | १६२ | ३१.६ | ११२ | २१.८ | १७८ | ३४.७ | ५१३ |
| 5 | ८८ | १५.७ | १६६ | २९.६ | ८६ | १५.३ | २२१ | ३९.४ | ५६१ |
| 6 | २०९ | ४० | ३२ | ६.१२ | १३ | २.४९ | २६९ | ५१.४ | ५२३ |
| जम्मा | १२२२ | ३२.२ | ७३१ | १९.३ | ५०५ | १३.३ | १३३७ | ३५.२ | ३७९५ |

*स्रोत : त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५*

यस गाउँपालिकामा वार्षिक रु २५००० भन्दा कम आय भएका घरधुरी ३२ प्रतिशत छ। रु २५ हजार देखि ५० हजार सम्म वार्षािक आय भएको घरधुरी संख्या २० प्रतिशत छ। रु ५० हजार देखि १ लाख सम्म वार्षािक आय भएको घरधुरी संख्या १३ प्रतिशत छ। रु १ लाख भन्दा वढि वार्षािक आय भएको घरधुरी संख्या ३५ प्रतिशत छ। वडागत रुपमा हेर्ने हो भने सवैभन्दा वढि विपन्नता वडा नं. १ मा करिव ४९ प्रतिशत र सवैभन्दा कम वडा नं ४ मा १२ प्रतिशत देखिन्छ।

## ५.१९ गाउँपालिकामा वार्षिक आम्दानी श्रोतको विवरण

| वडा नं | आम्दानी श्रोत | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कषि | प्रतिशत | नोकरी | प्रतिशत | व्यापार | प्रतिशत | वैदेशिक रोजगारी | प्रतिशत | जम्मा |
| 1 | ५२७ | ६२.८ | ६२ | ७.४ | ८६ | १० | १६४ | २० | ८३९ |
| 2 | ६१६ | ८९.७ | १२ | १.७ | १० | १.५ | ४९ | ७.१ | ६८७ |
| 3 | ५३५ | ६९.३ | २० | २.६ | ३२ | ४.१ | १८५ | २४ | ७७२ |
| 4 | ३६९ | ७१.९ | २८ | ५.५ | २३ | ४.५ | ९३ | १८ | ५१३ |
| 5 | २९५ | ५२.६ | १६ | २.९ | २९ | ५.२ | २२१ | ३९ | ५६१ |
| 6 | ३४५ | ६६ | ३४ | ६.५ | ४२ | ८ | १०२ | २० | ५२३ |
| जम्मा | २६८७ | ६९ | १७२ | ४.४ | २२२ | ५.७ | ८१४ | २१ | ३८९५ |

*स्रोत : त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५*

यस गाउँपालिकामा आम्दानीको प्रमुख श्रोत कृषि भएको घरधुरी ६९ प्रतिशत छ। आम्दानीको प्रमुख श्रोत वैदेशिक रोजगार भएको घरधुरी संख्या २१ प्रतिशत छ। आम्दानीको प्रमुख श्रोत व्यापार भएको घरधुरी संख्या ५.७ प्रतिशत छ। आम्दानीको प्रमुख श्रोत नोकरी भएको घरधुरी संख्या४.४ प्रतिशत छ। वडागत रुपमा हेर्ने हो भने सवैभन्दा वढि कृषिमा निर्भर वडा नं. २ मा करिव ८९ प्रतिशत र सवैभन्दा कम वडा नं ५ मा ५३ प्रतिशत देखिन्छ।

## ५.२० गाउँपालिकामा वैदेशिक रोजगारीको विवरण

| वडा नं | वैदेशिक रोजगारी | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | दक्ष | अदक्ष | जम्मा | प्रतिशत | जम्मा जनसंख्या |
| 1 | ४१ | २४६ | २८७ | २८ | २४६ | २७४ | ६.८७ | ३९९० |
| 2 | ० | ११३ | ११३ | ७ | १०६ | ११३ | ३.६४ | ३१०७ |
| 3 | ४ | २०६ | २१० | ८ | २०२ | २१० | ५.०५ | ४१५९ |
| 4 | १५ | १११ | १२६ | २५ | १०१ | १२६ | ४.७७ | २६३९ |
| 5 | ४२ | २२४ | २६६ | १३ | २५३ | २६६ | ९.३६ | २८४३ |
| 6 | ६ | १७८ | १८४ | ४७ | १३७ | १८४ | ६.५६ | २८०३ |
| जम्मा | १०८ | १०७८ | ११८६ | १२८ | १०४५ | ११७३ | ६ | १९५४१ |

*स्रोत : त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५*

यस गाउँपालिकामा आम्दानीको प्रमुख श्रोत वैदेशिक रोजगार भएको घरधुरी २१ प्रतिशत छ। गाउँपालिकामा जम्मा ११७३ जना वैदेशिक रोजगारमा गएको तथ्यांकले जनाउछ। जनसंख्या प्रतिशतको रुपमा हेर्दा ६ प्रतिशत छ। वडागत रुपमा हेर्ने हो भने सवैभन्दा वढि वैदेशिक रोजगारमा गएको जनसंख्या प्रतिशत ि वडा नं. ५ मा मा १० प्रतिशत र सवैभन्दा कम वडा नं २ मा ४ प्रतिशत देखिन्छ।

## ५.२१ गाउँपालिकामा साक्षरताको विवरण

| क्र स. | साक्षरताको जनसंख्या | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | निरक्षर | | | साधारण लेखपढ | | | एस.एल.सी. | | | १० जोड २ | | | स्नातक | | | स्नातकोतर | | | विद्यावारीधी | | | | | |
| | म. | पु | जम्मा | म. | पु | जम्मा | म. | पु | जम्मा | म. | पु | जम्मा | म. | पु | जम्मा | म. | पु | जम्मा | म. | पु | जम्मा | म. | पु | जम्मा |
| 1 | ४७९ | ३०५ | ७८७ | १३३१ | १५४२ | २८२१ | ५७ | ९३ | १५३ | ७८ | ७० | १४० | १६ | १५ | ७५ | २ | २ | ३ | ० | ० | ० | १९६३ | २०२७ | ३९९० |
| 2 | ३९३ | २१२ | ६०३ | ९७० | ११५५ | २०७७ | १०० | १३८ | २३८ | ५० | ७० | ११६ | २ | १४ | ३४ | ० | ३ | ३ | ० | ० | ० | १५१५ | १५९२ | ३१०७ |
| 3 | ६३१ | ५५८ | १२२२ | १०५८ | ११७८ | २२६१ | २२० | २७५ | ५०८ | ९७ | ९९ | १९६ | ११ | २३ | ३४ | ५ | ४ | ९ | ० | ० | ० | २०२२ | २१३७ | ४१५९ |
| 4 | २८९ | १६२ | ४६७ | ९०१ | ११०० | १९९८ | ५० | ७२ | १५९ | २६ | २७ | ५२ | ४ | ६ | ९ | ० | २ | २ | ० | ० | ० | १२७० | १३६९ | २६३९ |
| 5 | १८३ | ११९ | २९३ | ११८८ | ११९६ | २३४८ | ३५ | ६७ | १०२ | १७ | २८ | ८१ | ३ | ६ | ८ | १ | ० | १ | ० | ० | ० | १४२७ | १४१६ | २८४३ |
| 6 | ४३५ | २५० | ६८१ | ६५२ | ७४८ | १०८६ | १६७ | २४५ | ४०७ | १०५ | १३३ | २३८ | १८ | ३५ | ५३ | ३ | ९ | १२ | ० | ३ | ३ | १३८० | १४२३ | २८०३ |
| जम्मा | २४१० | १६०६ | ४०५३ | ६१०० | ६९१९ | १२५९१ | ६२९ | ८९० | १५६७ | ३७३ | ४२७ | ८२३ | ५४ | ९९ | २१३ | ११ | २० | ३० | ० | ३ | ३ | ९५७७ | ९९६४ | १९५४१ |

*श्रोत : त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५*

यस त्रिवेणी गाउँपालिकाको साक्षरताको अवस्था हेर्दा यो गाउँपालिका साक्षर जिल्लामा पर्दछ । साक्षर घोषणा गर्न आवस्यक पुर्वशर्त पुरा गरेको अवस्थामा घोषणा गरिने गरिन्छ। तथापी माथिको तथ्याकं हेर्दा गाउँपालिकामा रहेका ५ वर्ष मनिका वाललालिकाको तथा ७० वर्ष नाघेका जनंसख्या समेत उल्लेख गरेकोले निरक्षररको जनसंख्या देखिएतापनि वास्तविकतामा यस गाउँपालिकामा साक्षर हुने उमेरको जनसंख्या ९० प्रतिशत भन्दा वढि रहेको छ। ज्स अनुसार गाउँपालिकामा विद्यावारीध गरेका मानिसको संख्या वडा नं. ६ मा ३ जना देखिन्छ। स्नातकोत्तर गरेका मानिसको सख्या ३० जना र स्नातक सम्म अध्ययन गरेका मानिसको सख्या २१३ जना छ भने प्रमाणपत्र तह सम्म अध्ययन गर्ने मानिसको संख्या ८२३ जना छ भने एसएलसी सम्म अध्ययन गर्नै मानिसको संख्या १५६७ जना छ । साधारण शिक्षा हासिल गरेका मानिस संख्या १२५९१ जना छ । वडागत रुपमा हेर्दा वडा नं. ६ र १ मा वढि शिक्षीत र वडा नं. ५ र ४ कम शिक्षित जनसंख्या रहेको दखिन्छ ।

## *५. २२ त्रिवेणी गाउँपालिकामा विद्यार्थी संख्या कक्षागत विवरण*

| | School Name | Grade | ECD/PPC | NUR | LKG | UKG | Grade 1 | Grade 2 | Grade 3 | Grade 4 | Grade 5 | Grade 6 | Grade 7 | Grade 8 | Grade 9 | Grade 10 | Grade 11 | Grade 12 | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mahakabi Devkota Pra.Vi Tribeni 2 | Girls | 6 | | | | 8 | 5 | 11 | 9 | 3 | | | | | | | | 42 |
| | | Boys | 2 | | | | 5 | 7 | 3 | 6 | 8 | | | | | | | | 31 |
| | | **Total** | **8** | | | | **13** | **12** | **14** | **15** | **11** | | | | | | | | **73** |
| 2 | Panchkanya Pra.Vi. Tribeni 2 | Girls | 9 | | | | 6 | 3 | 10 | 4 | 17 | | | | | | | | 49 |
| | | Boys | 19 | | | | 9 | 10 | 11 | 11 | 11 | | | | | | | | 71 |
| | | **Total** | **28** | | | | **15** | **13** | **21** | **15** | **28** | | | | | | | | **120** |
| 3 | Jankalyan Pra.Vi. Tribeni 2 | Girls | 5 | | | | 6 | 2 | 1 | 2 | 3 | | | | | | | | 19 |
| | | Boys | 3 | | | | 2 | 1 | 6 | 3 | 9 | | | | | | | | 24 |
| | | **Total** | **8** | | | | **8** | **3** | **7** | **5** | **12** | | | | | | | | **43** |
| 4 | Radheshyam Ma.Vi. Tribeni 2 | Girls | 8 | | | | 10 | 3 | 3 | 8 | 12 | 23 | 29 | 34 | 32 | 43 | | | 205 |
| | | Boys | 9 | | | | 8 | 2 | 6 | 5 | 11 | 22 | 25 | 24 | 22 | 20 | | | 154 |
| | | **Total** | **17** | | | | **18** | **5** | **9** | **13** | **23** | **45** | **54** | **58** | **54** | **63** | | | **359** |
| 5 | Sharada Pra.Vi. Tribeni 1 | Girls | 6 | | | | 5 | 7 | 4 | | | | | | | | | | 22 |
| | | Boys | 6 | | | | 3 | 3 | 3 | | | | | | | | | | 15 |
| | | **Total** | **12** | | | | **8** | **10** | **7** | | | | | | | | | | **37** |
| 6 | Krishna Pra.Vi. Shankhpiapl Tribeni 1 | Girls | 1 | | | | 1 | 3 | 1 | 1 | 2 | | | | | | | | 9 |
| | | Boys | 5 | | | | 4 | 3 | 1 | 4 | 3 | | | | | | | | 20 |
| | | **Total** | **6** | | | | **5** | **6** | **2** | **5** | **5** | | | | | | | | **29** |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 7 | Jansahayog Pra.Vi. Tribeni 1 | Girls | 11 | | | | 12 | 5 | 3 | 3 | 9 | | | | | | | | 43 |
| | | Boys | 6 | | | | 6 | 5 | 7 | 7 | 5 | | | | | | | | 36 |
| | | **Total** | **17** | | | | **18** | **10** | **10** | **10** | **14** | | | | | | | | **79** |
| | SiddhaGufa Pra.Vi.Tribeni 1 | Girls | 5 | | | | 6 | 4 | 4 | 3 | 2 | | | | | | | | 24 |
| 8 | | Boys | 5 | | | | 3 | | 2 | 2 | 3 | | | | | | | | 15 |
| | | **Total** | **10** | | | | **9** | **4** | **6** | **5** | **5** | | | | | | | | **39** |
| 9 | BalKalyan Pra.Vi. Tribeni 1 | Girls | 4 | | | | 4 | 9 | 4 | 5 | 8 | | | | | | | | 34 |
| | | Boys | 12 | | | | 7 | 5 | 4 | | 3 | | | | | | | | 31 |
| | | **Total** | **16** | | | | **11** | **14** | **8** | **5** | **11** | | | | | | | | **65** |
| 10 | Janta Ma. Vi. Tribeni 1 | Girls | 10 | | | | 8 | 8 | 5 | 10 | 11 | 45 | 34 | 41 | 68 | 36 | 54 | 32 | 362 |
| | | Boys | 9 | | | | 7 | 7 | 11 | 12 | 10 | 46 | 36 | 37 | 32 | 41 | 20 | 16 | 284 |
| | | **Total** | **19** | | | | **15** | **15** | **16** | **22** | **21** | **91** | **70** | **78** | **100** | **77** | **74** | **48** | **646** |
| | Nirajan Pra.Vi.Tribeni 1 | Girls | 7 | | | | 6 | 2 | 5 | 1 | 4 | | | | | | | | 25 |
| 11 | | Boys | 3 | | | | 6 | 2 | 3 | 3 | 8 | | | | | | | | 25 |
| | | **Total** | **10** | | | | **12** | **4** | **8** | **4** | **12** | | | | | | | | **50** |
| 12 | SiddhaDevi Pra.Vi. Tribeni 1 | Girls | 1 | | | | | 2 | 1 | 2 | 2 | | | | | | | | 8 |
| | | Boys | 4 | | | | | 2 | 1 | 1 | 6 | | | | | | | | 14 |
| | | **Total** | **5** | | | | | **4** | **2** | **3** | **8** | | | | | | | | **22** |
| | Sarswoti Pra.Vi. Tribeni 1 | Girls | 8 | | | | 5 | 3 | 7 | 2 | 7 | | | | | | | | 32 |
| 13 | | Boys | 9 | | | | 4 | 6 | 5 | 4 | 6 | | | | | | | | 34 |
| | 0 | **Total** | **17** | | | | **9** | **9** | **12** | **6** | **13** | | | | | | | | **66** |
| 14 | Sarswoti Adharbhoot Vi. Tribeni 1 | Girls | 2 | | | | 10 | 5 | 3 | 11 | 9 | 12 | 16 | 16 | | | | | 84 |
| | | Boys | 6 | | | | 3 | 10 | 7 | 7 | 10 | 24 | 24 | 11 | | | | | 102 |
| | | **Total** | **8** | | | | **13** | **15** | **10** | **18** | **19** | **36** | **40** | **27** | | | | | **186** |
| 15 | Siddha Adharbhoot Vi. Tribeni 4 | Girls | | | | | 1 | 4 | 1 | | 2 | | | | | | | | 8 |
| | | Boys | 1 | | | | 4 | 1 | 2 | 4 | 4 | | | | | | | | 16 |
| | | **Total** | **1** | | | | **5** | **5** | **3** | **4** | **6** | | | | | | | | **24** |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 16 | Adhaarbhoot Dangchuli Tribeni 3 | Girls | 15 | | | | 10 | 7 | 10 | 12 | 12 | 10 | 19 | 20 | | | | | 115 |
| | | Boys | 11 | | | | 10 | 3 | 9 | 9 | 8 | 10 | 17 | 10 | | | | | 87 |
| | | **Total** | **26** | | | | **20** | **10** | **19** | **21** | **20** | **20** | **36** | **30** | | | | | **202** |
| 17 | Ma.Vi.Todke Tribeni 3 | Girls | 6 | | | | 5 | 6 | 7 | 4 | 6 | 10 | 10 | 6 | 15 | 6 | | | 81 |
| | | Boys | 9 | | | | 5 | 5 | 6 | 8 | 3 | 7 | 14 | 9 | 12 | 9 | | | 87 |
| | | **Total** | **15** | | | | **10** | **11** | **13** | **12** | **9** | **17** | **24** | **15** | **27** | **15** | | | **168** |
| 18 | Tribeni Ma.Vi. Tribeni 3 | Girls | 9 | | | | 3 | 3 | 6 | 3 | 13 | 16 | 20 | 50 | 51 | 28 | | | 202 |
| | | Boys | 7 | | | | 10 | 1 | 4 | 4 | 9 | 17 | 33 | 38 | 48 | 46 | | | 217 |
| | | **Total** | **16** | | | | **13** | **4** | **10** | **7** | **22** | **33** | **53** | **88** | **99** | **74** | | | **419** |
| 19 | Krishna Adharbhoot Vi. Tribeni 3 | Girls | 4 | | | | | 1 | 2 | 2 | 3 | 2 | 2 | 1 | | | | | 17 |
| | | Boys | 2 | | | | 2 | 3 | 7 | 2 | 2 | 7 | 2 | 3 | | | | | 30 |
| | | **Total** | **6** | | | | **2** | **4** | **9** | **4** | **5** | **9** | **4** | **4** | | | | | **47** |
| 20 | Ne.Ra.Ma.Vi.Rekh Tribeni 4 | Girls | 31 | | | | 8 | 12 | 16 | 13 | 15 | 17 | 23 | 29 | 19 | 10 | | | 193 |
| | | Boys | 36 | | | | 13 | 15 | 14 | 20 | 26 | 15 | 22 | 11 | 13 | 12 | | | 197 |
| | | **Total** | **67** | | | | **21** | **27** | **30** | **33** | **41** | **32** | **45** | **40** | **32** | **22** | | | **390** |
| 21 | Laxmi Pra.Vi. Tribeni 5 | Girls | 6 | | | | 2 | 1 | 1 | | | | | | | | | | 10 |
| | | Boys | 7 | | | | 1 | | 2 | 1 | 1 | | | | | | | | 12 |
| | | **Total** | **13** | | | | **3** | **1** | **3** | **1** | **1** | | | | | | | | **22** |
| 22 | JayBuddha Pra.Vi. Tribeni 6 | Girls | 10 | | | | 6 | 2 | 5 | 6 | 6 | | | | | | | | 35 |
| | | Boys | 8 | | | | 4 | 4 | 4 | | 3 | | | | | | | | 23 |
| | | **Total** | **18** | | | | **10** | **6** | **9** | **6** | **9** | | | | | | | | **58** |
| 23 | Chandeshwori Pra.Vi. Tribeni 6 | Girls | 1 | | | | 3 | 5 | 3 | 3 | 4 | | | | | | | | 19 |
| | | Boys | 7 | | | | 5 | | 4 | 6 | 5 | | | | | | | | 27 |
| | | **Total** | **8** | | | | **8** | **5** | **7** | **9** | **9** | | | | | | | | **46** |
| 24 | Lankini Pra.Vi. Tribeni 6 | Girls | 5 | | | | 1 | 1 | 2 | 1 | 4 | | | | | | | | 14 |
| | | Boys | 5 | | | | 1 | 1 | | 1 | 1 | | | | | | | | 9 |
| | | **Total** | **10** | | | | **2** | **2** | **2** | **2** | **5** | | | | | | | | **23** |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 25 | ShivSarswati Adharbhoot Vi.Tribeni 5 | Girls | 1 | | | | 5 | 5 | 5 | 6 | 9 | 14 | 12 | 12 | | | | | 69 |
| | | Boys | 9 | | | | 5 | 5 | | 11 | 5 | 11 | 14 | 9 | | | | | 69 |
| | | **Total** | **10** | | | | **10** | **10** | **5** | **17** | **14** | **25** | **26** | **21** | | | | | **138** |
| 26 | Pashupati Adharbhoot Vi. Tribei 6 | Girls | 17 | | | | 10 | 7 | 6 | 2 | 8 | 9 | 9 | 10 | | | | | 78 |
| | | Boys | 7 | | | | 3 | 5 | 3 | 5 | 4 | 9 | 10 | 11 | | | | | 57 |
| | | **Total** | **24** | | | | **13** | **12** | **9** | **7** | **12** | **18** | **19** | **21** | | | | | **135** |
| 27 | Kalika Pra.Vi. Tribeni 5 | Girls | 4 | | | | 6 | 3 | 1 | 4 | 0 | | | | | | | | 18 |
| | | Boys | 3 | | | | 3 | 3 | 4 | 3 | 8 | | | | | | | | 24 |
| | | **Total** | **7** | | | | **9** | **6** | **5** | **7** | **8** | | | | | | | | **42** |
| 28 | Saraswoti Ma.Vi.Simka Tribeni 5 | Girls | 10 | | | | 8 | 9 | 9 | 8 | 18 | 15 | 15 | 22 | 26 | 17 | | | 157 |
| | | Boys | 7 | | | | 7 | 7 | 8 | 9 | 8 | 16 | 16 | 15 | 21 | 10 | | | 124 |
| | | **Total** | **17** | | | | **15** | **16** | **17** | **17** | **26** | **31** | **31** | **37** | **47** | **27** | | | **281** |
| 29 | Gayatri Pra.Vi. Tribeni 5 | Girls | 8 | | | | 5 | 4 | 8 | 2 | 6 | | | | | | | | 33 |
| | | Boys | 6 | | | | 5 | 3 | 5 | 3 | 2 | | | | | | | | 24 |
| | | **Total** | **14** | | | | **10** | **7** | **13** | **5** | **8** | | | | | | | | **57** |
| 30 | Board Future Salyan Public | Girls | 46 | | | | 6 | 7 | 19 | 10 | 11 | 7 | 7 | 6 | 6 | | | | 125 |
| | | Boys | 51 | | | | 24 | 5 | 15 | 14 | 12 | 8 | 7 | 5 | 4 | 8 | | | 153 |
| | | **Total** | **97** | | | | **30** | **12** | **34** | **24** | **23** | **15** | **14** | **11** | **10** | **8** | | | **278** |
| 31 | Salyani Merigold School | Girls | 21 | 1 | | | 13 | 6 | 12 | 8 | 7 | 6 | 2 | 4 | | | | | 80 |
| | | Boys | 17 | 1 | | | 22 | 13 | 16 | 5 | 9 | 5 | 7 | 8 | | | | | 103 |
| | | **Total** | **38** | **2** | | | **35** | **19** | **28** | **13** | **16** | **11** | **9** | **12** | | | | | **183** |
| 32 | Himparbat Academy | Girls | 14 | 1 | | | 9 | 9 | 11 | 7 | 7 | 5 | 4 | 4 | | | | | 71 |
| | | Boys | 9 | 1 | | | 17 | 14 | 12 | 10 | 9 | 11 | 11 | 12 | | | | | 106 |
| | | **Total** | **23** | **2** | | | **26** | **23** | **23** | **17** | **16** | **16** | **15** | **16** | | | | | **177** |
| 33 | Heera English School | Girls | 8 | 1 | 9 | 11 | 8 | 5 | 7 | 2 | | | | | | | | | 51 |
| | | Boys | 13 | 1 | 7 | 8 | 9 | 8 | 9 | 9 | | | | | | | | | 64 |
| | | **Total** | **21** | **2** | **16** | **19** | **17** | **13** | **16** | **11** | | | | | | | | | **115** |

| | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 34 | Tribeni GyanJyoti EBSchool | Girls | 16 | 2 | 9 | 11 | 13 | 10 | 15 | 8 | 11 | 2 | 5 | | | | | | 102 |
| | | Boys | 21 | 1 | | 20 | 24 | 15 | 19 | 16 | 26 | 6 | 16 | | | | | | 164 |
| | | **Total** | **37** | **3** | **18** | **32** | **37** | **25** | **34** | **24** | **37** | **8** | **21** | | | | | | **276** |
| 35 | MidWestern Academy | Girls | 18 | 4 | | | 10 | 7 | 5 | 3 | 3 | | | | | | | | 50 |
| | | Boys | 32 | 7 | | | 8 | 6 | 7 | 9 | 5 | | | | | | | | 74 |
| | | **Total** | **50** | **11** | | | **18** | **13** | **12** | **12** | **8** | | | | | | | | **124** |
| 36 | Namuna Bal Bikas EBS Tribeni 1 | Girls | | | | | | | | | | | | | | | | | |
| | | Boys | | | | | | | | | | | | | | | | | |
| | | **Total** | | | | | | | | | | | | | | | | | |
| | Total Tribeni Rural Municipality | Girls | 315 | 5 | 18 | 22 | 209 | 168 | 208 | 162 | 231 | 193 | 207 | 255 | 217 | 140 | 54 | 32 | 243<br>6 |
| | | Boys | 334 | 4 | 7 | 28 | 241 | 174 | 213 | 205 | 238 | 214 | 254 | 203 | 152 | 146 | 20 | 16 | 244<br>9 |
| | | **Total** | 649 | 9 | 34 | 51 | 450 | 342 | 421 | 367 | 469 | 407 | 461 | 458 | 369 | 286 | 74 | 48 | 489<br>5 |

## 5.23 SEE Summary of TRIVENI Rural Municipality ,Salyan 2074

| | School Name | 3.65-4 | 3.25-.3.60 | 2.85-3.20 | 2.45-2.80 | 2.05-2.40 | 1.65-2.00 | 1.25-1.60 | 0.85-1.20 | 0.0-0.80 | GPA | Total student |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | A+ | A | B+ | B | C+ | C | D+ | D | E | | |
| S.N. | Interval In Percent | 90-100 | 80-90 | 70-80 | 60-70 | 50-60 | 40-50 | 30-40 | 20-30 | 00-20 | | |
| 1 | जनता मावि काभ्रा | | | | 3 | 17 | 46 | 43 | | | 1.70 | 109 |
| 2 | नेरामावि रेख | | | | | 2 | 10 | 7 | | | 1.74 | 19 |
| 3 | त्रिवेणी मावि सरीकोट | | | | 3 | 17 | 40 | 34 | 7 | | 1.70 | 101 |
| 4 | मावि टोडके | | | | 1 | 4 | 10 | 4 | 1 | | 1.86 | 20 |
| 5 | सरस्वती मावि सिम्क | | | | | 4 | 13 | 8 | 1 | | 1.72 | 26 |
| 6 | राधेश्याम मावि कारागिठी | | | | | 4 | 30 | 11 | 3 | | 1.72 | 48 |
| 7 | सल्यान पब्लीक स्कुल | | 1 | 5 | 4 | 1 | | | | | 2.82 | 11 |
| | जम्मा | | 1 | 5 | 11 | 49 | 149 | 107 | 12 | 0 | | 334 |

# खण्ड ६: भौतिक तथा सार्वजनिक पूर्वाधार

## ६.१ सडक सम्बन्धी विवरण

गाउँपालिकामा रहेको सडक सञ्जाल विवरण



### ६.१.१ बिद्यमान सडक सञ्जाल

त्रिवेणी गाउँपालिका साविकका गा.वि.स.हरु फलाबाङ्ग, काँरागिठी, काभ्रा र त्रिवेणी मिलेर बनेको हो । तालिकामा साबिकका गा.वि.स.देखि सदरमुकाम सम्मको दुरी कोष, सडकको प्रकार, सदरमुकामसम्म जाने र आउने साधान र सदरमुकाम पुग्न लाग्ने समय देखाइएको छ । समग्रमा भन्नुपर्दा गाउँपालिकामा यातायातको सुबिधा सन्तोषजनक रहेको बुझ्न सकिन्छ तर बाटोको खराब अवस्थाले गर्दा स्थानीयहरु समयमा आफ्नो गन्तव्यसम्म पुग्न सकेका छैनन् तसर्थ गाउँपालिकाको सडक सुधारमा यथाशिघ्र सम्बन्धित पक्षले ध्यान पुर्‍याउनु पर्ने देखिन्छ । यस गाउँपालिकामा रहेका सडक सञ्जालको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

बिद्यमान सडक सञ्जाल

| क्र.सं. | साबिकका गा.वि.स. | जिल्ला सदरमुकाम सम्मको दूरी कोष | सडकको प्रकार | साधन | जिल्ला सदरमुकामदेखि पुग्न लाग्ने समय |
|---|---|---|---|---|---|
| १ | फलाबाङ्ग | ९ | राप्ती राजमार्ग, कृषि सडक | बस, पैदल | २ घण्टा |
| २ | काँरागिठी | ६ | राप्ती राजमार्ग, कृषि सडक | बस, पैदल | २ घण्टा |
| ३ | काभ्रा | ८ | राप्ती राजमार्ग, कृषि सडक | बस | २ घण्टा |
| ४ | त्रिवेणी | ७ | राप्ती राजमार्ग | बस | १ घण्टा ३० मिनेट |

*स्रोत : त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५*

त्रिवेणी गाउँपालिकाको बाटो-घाटोको स्थिति हेर्दा राप्ती राजमार्ग अन्तर्गत साविकका सबै गाविसमा पुगेको देखिन्छ । गाउँपालिकामा साविकको त्रिवेणी गाविसको धेरै स्थानमा राप्ती राजमार्ग अन्तर्गतको कालो पत्रे सडक रहेको छ भने गाउँपालिकामा रहेका अन्य साविकका फलाबाङ्ग, काँरागिठी र काभ्रा गा.वि.स. मा कृषि सडक रहेको छ । जुन सडक नियमित रुपमा यातायात नचल्ने अवस्थामा रहेको छ ।

### ६.१.२ यातायात सेवा

***<u>डिपिआर भएका सडकहरु</u>***

१ लुहाम काभ्रा कालीमाटी  प्रदेश मुकाम सर्खेत जोड्ने सडक

२ लुहाम फलावागं मखनटाकुरी दागं जोड्ने मोटरवाटो

३ ढुगीवजार पिमखोला  दागं जोड्ने सडक

४ रामवजार  गैरीकटेरी दागं जोड्ने सडक

५ रामवजार  कारागीठी खैरावागं  जोड्ने सडक

६ लुहाम पोखरी ढोरचौर जोड्ने सडक

कुनै पनि क्षेत्रको आर्थिक सामाजिक विकासलाई गतिशिल बजाउन सार्वजानिक वस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउन, कृषि तथा गैह्र कृषि क्षेत्रको विकास गर्न सडक  यातयात एउटा महत्वपूर्ण पूर्वाधारको रुपमा रहेको हुन्छ । नेपालको प्रदेश नं ६ को सल्यान जिल्लामा रहेको त्रिवेणी गाउँपालिकाको केन्द्र रहेको साविकको त्रिवेणी गा.वि.स.को सदरमुकाम देखिको दुरी ७ कोष रहेको छ । यस गाउँपालिकामा शारदा नदि मार्फत केही स्थानमा सिंचाइको सुविधा भएतापनि धेरै स्थानमा सिंचाइको

व्यवस्था राम्रो हुन नसकेको कारणले खाद्यान्न उत्पादन आदिको लागी समस्या भएको पाइन्छ । गाउँपालिकाका सबै वडाहरुमा सडकको सुविधा भएतापनि १२ महिना सञ्चालन हुने सडकको अभावका कारण उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन गाह्रो अवस्था रहेको देखिन्छ। गाउँपालिकाका सबै वडाहरुमा सडकको विस्तार राम्रो नभएकाले भरपर्दो सुविधाले गाउँपालिका बासीलाई समयमै आवश्यक उपचार तथा औषधिको सेवा र बजार पहुँचमा पुग्न कठिनाई भएको छ। गाउँपालिकामा बस र जिपको उपयोग भएको देखिन्छ। सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू विकासका लागी नेपाल सरकार र त्यहाँका स्थानिय राजनितिज्ञ हरुले पहल गर्नु पर्ने देखिन्छ । त्यस्तै त्रिवेणी गाउँपालिका काठमाडौंको ४८२ कि.मि. पश्चिममा रहेको छ ।यस गाउँपालिकाको वडा नं ६ र ७ रहेको साविकको त्रिवेणी गाविस राप्ती राजमार्गमा रहेको छ । यो सडक कालोपत्रे भएकोले यहाँका स्थानिय बासिन्दालाई सहज भएको छ ।

### ६.१.३ झोलुङ्गे पुलहरुको विवरण

त्रिवेणी गाउँपालिकामा झोलुङ्गे पुलको स्थिती हेर्दा ७ ओटा झोलुङ्गे पुल रहेको पाइन्छ । यस गाउँपालिकामा रहेका पुलको विवरण तालिकामा उल्लेख गरिएको छ ।

झोलुङ्गे पुलको विवरण

| सि.नं. | विवरण | पुलको प्रकार | स्थान (साविका गा.वि.स.) | |
|---|---|---|---|---|
| | | | दाँया किनार | बाँया किनार |
| १ | शंखपिपल झो.पु | | काभ्रा | काँरागिठी |
| २ | झिरगाउँ झो.पु | | काभ्रा | लक्ष्मीपुर |
| ३ | घुरखोला झो.पु | | फलाबाङ्ग | फलाबाङ्ग |
| ४ | सल्लेखोला झो.पु | | सल्लेखोला | फलावागं |
| ५ | लोटाउने झो.पु. | | लोटाउने | छत्रेश्वरी |
| ६ | दागंचुली झो.पु. | | दागंचुली | छत्रेश्वरी |
| ७ | चरिगें झो.पु | | दारिमज्यूला | चरिगें |

*श्रोत: त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५*

## ६.१.४ गाउँपालिकामा दर्ता भएका घ वर्गका निर्माण व्यावसायीहरु को विवरण

| सि.नं. | फर्मको नाम | ठेगाना | प्रोपराइटर |
|---|---|---|---|
| १ | सरस्वती निर्माण सेवा | साविक त्रिवेणी ९, सल्यान | राम बहादुर खडका |
| २ | लंकेनी निर्माण सेवा | साविक त्रिवेणी ८, सल्यान | पारेश्वर वली |
| ३ | जय गुरू निर्माण सेवा | साविक काभ्रा ४, सल्यान | अमर सिंह डाँगी |
| ४ | पोखरेली निर्माण सेवा | साविक त्रिवेणी ७, सल्यान | मान बहादुर वली |
| ५ | अमर एण्ड दीप निर्माण सेवा | साविक काँरागिठी ७, सल्यान | कब बहादुर बुढाथोकी |
| ६ | माधव एण्ड महालक्ष्मी निर्माण सेवा | साविक फलाबाङ्ग २, सल्यान | कमान सिंह डाँगी |
| ७ | सौभाग्य निर्माण सेवा | साविक त्रिवेणी ७, सल्यान | इन्द्र बहादुर श्रेष्ठ |

| | | | |
|---|---|---|---|
| ८ | स्वप्नील निर्माण सेवा | साविक काभ्रा ७, सल्यान | राजेन्द्र बहादुर थापा |
| ९ | बरपीपल निर्माण सेवा | साविक त्रिवेणी ७, सल्यान | सजिना श्रेष्ठ |
| १० | समीप निर्माण सेवा | बागचौर न.पा. ९, सल्यान | नवराज वली |
| ११ | जय विष्णु विल्डर्स, प्रा.लि. | लुम्बिनी सांस्कृतिक न.पा. ६ रूपन्देही | शहनाज आलम खान |

श्रोत : त्रिवेणी गाउँ कार्यापालिकाको कार्यालय सल्यान, २०७५

## ६.२ संचार

सूचना र प्रविधिमा भएका नविनतम खोज तथा विकासको गाउँ, समुदाय, देश, अन्तरदेशलाई एउटा सीमाहिन विश्व समुदायको रुपमा रुपान्तरित गरिदिएको छ । दिनानुदिन संचार प्रविधिको प्रयोग विस्तारित भइरहेको छ । सन् १९९० सालको दशकमा सिमित जनसंख्याले प्रयोग गर्ने संचारका माध्यामहरु हाल आधारभूत आवश्यकतामा परिणत भएको छ । ११०.३ प्रतिशत टेलिफोनको घनत्व ४६.५ प्रतिशत इन्टरनेटका प्रयोगकर्ता, रेडियोको राष्ट्रिय प्रसारणमा पँहुच ८८ प्रतिशत रहेको तथ्यांकले संचार क्षेत्रको तीब्र विकास र विकासका अन्य क्षेत्रमा यसको प्रभाव दर्शाउँछ । त्रिवेणी गाउँपालिकामा कान्तिपुर एफ.म., रेडियो नेपाल लगायत विभिन्न एफ.म सेवाहरुजिल्ला तथा केन्द्रबाट सिधा प्रशारण भएको सुन्न सकिन्छ । गाउँपालिकामा ल्क्ृभर्गी, ल्त्क्ृ आदि कम्पनीहरुले इन्टरनेट सेवा पुऱ्याउँदै आइरहेका छन् भने केवल नेटवर्क जस्तै डिस टि.भीद्वारा गाउँपालिकाबासीहरुले मनोरन्जनात्मक टि.भी कार्यक्रमहरु प्रसारण गरिरहेको छ ।

### ६.२.१ टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस गाउँपालिकाका वडाहरुमा मोबाइलसेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलव्ध गराएको देखिन्छ। ग्रामिण क्षेत्रहरुमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन प्राविधिक कठिनाइको साथै खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुऱ्याउनु पर्ने देखिन्छ।

### ६.२.२ हुलाक सेवा

गाउँपालिकामा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवा हाल गाउँपालिकाका विभिन्न वडाहरुमा कार्यरत छन्। गाउँपालिकाभित्र र गाउँपालिका बाहिर एवं विदेशमा समेत हुलाक सेवा प्रदान गरिरहेको छ। हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन् ।यद्यपी हाल संचारको तीब्र विकासले हुलाक सेवाको प्रयोग साँघुरिएको छ ।

## ६.३ विद्युत तथा बैकल्पिक उर्जा

### ६.३.१ दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

गाउँपालिकाका सबै वडाहरुमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ । त्रिवेणी घरधुरी सर्वेक्षण , २०७५ को नजिताअनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा सोलार स्रोतको रुपमा रहेको देखिन्छ । गाउँपालिकामा बत्ती बाल्न

मट्टितेलप्रयोग गर्नेको घरधुरी संख्या ५७ रहेको छ। त्यस्तै गाउँपालिकामा बसोबास १३९९ घरधुरीले बिजुली र २६४ घरधुरीले टुकीमारा प्रयोग गर्ने गरेको देखियो ।

### ६.३.१ दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

| वडा नं. | बत्तिको लागि इनधनको प्रयोग | | | |
|---|---|---|---|---|
| | विजुली | सोलार | मट्टीतेल | टुकीमारा |
| १ | ३६८ | ३६५ | १३ | ९३ |
| २ | ६९ | ४२७ | १ | ९० |
| ३ | २८९ | ४७४ | ६ | ३ |
| ४ | १३९ | ३२४ | ३३ | १७ |
| ५ | ६७ | ४५२ | १ | ४१ |
| ६ | ४६७ | ३३ | ३ | २० |
| जम्मा | १३९९ | २०७५ | ५७ | २६४ |

*श्रोत : त्रिवेणी गाउँपालिका सल्यानको घरधुरी सर्वेक्षण , २०७५*

### ६.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

| वडा नं. | खाना पकाउन इनधनको प्रयोग | | | |
|---|---|---|---|---|
| | दाउरा | ग्यास | गोवर ग्यास | मट्टीतेल |
| १ | ८०१ | ३६ | २ | ० |
| २ | ५७७ | १० | ० | ० |
| ३ | ६७९ | ६३ | ० | ३० |
| ४ | ४०४ | १०० | ९ | ० |
| ५ | ५२५ | ३६ | ० | ० |
| ६ | ४२९ | ९२ | २ | ० |
| जम्मा | ३४१५ | ३३७ | १३ | ३० |

*श्रोत : त्रिवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण , २०७५*

माथि उल्लेखित तालिका बमोजिम त्रिवेणी घरधुरी सर्वेक्षण, २०७५ अनुसार परिवारमा खाना पकाउन बढी प्रयोगमा आउने काठ/दाउरा प्रयोग गर्ने घरधुरी ३४१५,मटीतेलप्रयोग गर्ने ३० एल.पी. ग्याँस प्रयोग गर्ने ३३७ त्यसैगरी गोबरग्यास १३। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवाश्रोत :

## ७.१ *शिक्षा*

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ । यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ । यसै सिलसिलामा यहाँ त्रिवेणी गाउँपालिकाको शैक्षिक स्थिति देखाउन खोजिएको छ । विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रही आएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको नै सर्वोपरि भूमिका अनिवार्य रहन्छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक सशक्त माध्यमको रुपमा नीतिगत रुपमा अबलम्बन गरिएको छ।

### ७.१.१ साक्षरताको अवस्था

| | निरक्षर | | | साधारण लेखपढ | | | एस.एल.सी. | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | म. | पु | जम्मा | म. | पु | जम्मा | म. | पु | जम्मा |
| | ४७९ | ३०५ | ७८७ | १३३१ | १५४२ | २८३१ | ५७ | ९३ | १५३ |
| | ३९३ | २१२ | ६०३ | ९७० | ११५५ | २०७७ | १०० | १३८ | २३८ |
| | ६३१ | ५५८ | १२२२ | १०५८ | ११७८ | २२६१ | २२० | २७५ | ५०८ |
| | २८९ | १६२ | ४६७ | ९०१ | ११०० | १९९८ | ५० | ७२ | १५९ |
| | १८३ | ११९ | २९३ | ११८८ | ११९६ | २३४८ | ३५ | ६७ | १०२ |
| | ४३५ | २५० | ६८१ | ६५२ | ७४८ | १०८६ | १६७ | २४५ | ४०७ |
| | २४१० | १६०६ | ४०५३ | ६१०० | ६९१९ | १२५९१ | ६२९ | ८९० | १५६७ |

| १० जोड २ | | स्नातक | | | स्नात्तकोतर | | | विद्यावारीधी | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पु | जम्मा | म. | पु | जम्मा | म. | पु | जम्मा | म. | पु | जम्मा | म. | पु | जम्मा |
| ७० | १४० | १६ | १५ | ७५ | २ | २ | ३ | ० | ० | ० | १९६३ | २०२७ | ३९९० |
| ७० | ११६ | २ | १४ | ३४ | ० | ३ | ३ | ० | ० | ० | १५१५ | १५९२ | ३१०७ |
| ९९ | १९६ | ११ | २३ | ३४ | ५ | ४ | ९ | ० | ० | ० | २०२२ | २१३७ | ४१५९ |
| २७ | ५२ | ४ | ६ | ९ | ० | २ | २ | ० | ० | ० | १२७० | १३६९ | २६३९ |
| २८ | ८१ | ३ | ६ | ८ | १ | ० | १ | ० | ० | ० | १४२७ | १४१६ | २८४३ |
| १३३ | २३८ | १८ | ३५ | ५३ | ३ | ९ | १२ | ० | ३ | ३ | १३८० | १४२३ | २८०३ |
| ४२७ | ८२३ | ५४ | १५९ | २१३ | ११ | २० | ३० | ० | ३ | ३ | ९५७७ | ९९६४ | १९५४१ |

*श्रोत : श्रोत : त्रिवेणी घरधुरी सर्वेक्षण , २०७५*

त्रिवेणी गाउँपालिकाको साक्षरताको स्थिति वर्णन गर्नु पर्दा सबै भन्दा बढी साक्षरता दर वडा नं. ६ मा ७५.१५ प्रतिशत रहेको छ जसमध्ये पुरुष साक्षरता दर ८७.८३ प्रतिशत र महिला साक्षरता दर ६४.४३ प्रतिशत रहेको छ। त्यस्तै गरी सबैभन्दा कम साक्षरता दर वडा नं. ५ मा रहेको छ। जसमा कुल साक्षरता दर ५८.१५ प्रतिशत रहेको छ। जसमध्ये पुरुष साक्षरता दर ६५.५३ प्रतिशत र महिला साक्षरता दर ५२.१८ प्रतिशत रहेको छ। माथिको तथ्यांकलाई हेर्दा यस गाउँपालिकाकोसाक्षरता दर देशकै साक्षरता दरसँग मिल्दोजुल्दो छ। तसर्थ गाउँपालिकामा शैक्षिक क्षेत्रमा बिकास गर्नुपर्ने देखिन्छ। यस गाउँपालिकाको साक्षरता दरलाई तलको चित्रबाट पनि देखाउन सकिन्छ ।

### ७.१.२ शैक्षिक जनशक्तिको विवरण

शैक्षिक जनशक्तिको विवरण

| लिङ्ग | स्कूल नगएको | प्राथमिक तह | नि.मा.वि. तह | मा.वि. तह | एस.एल.सी. तह | प्रमाणपत्र तह | स्नातक तह | स्नातकोत्तर तह र सोभन्दा माथी | अन्य | अनौपचारिक शिक्षा | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | २५४ | २४५९ | १२०४ | ५२० | ३४६ | १४२ | ३५ | ७ | ६ | ३०६ | १३ | ५,२९२ |
| महिला | २३२ | २१६८ | १२३२ | ४८१ | २२२ | १०९ | ८ | १ | ७ | ३१३ | ८ | ४,७८१ |
| जम्मा | ४८६ | ४,६२७ | २,४३६ | १,००१ | ५६८ | २५१ | ४३ | ८ | १३ | ६१९ | २१ | १०,०७३ |
| प्रतिशत | ४.८२ | ४५.९३ | २४.१८ | ९.९४ | ५.६४ | २.४९ | ०.४३ | ०.०८ | ०.१३ | ६.१५ | ०.२१ | १०००० |

*श्रोत : राष्ट्रिय जनगणना, २०६८*

प्राप्त शैक्षिकस्तरको तथ्याङ्क हेर्ने हो भने यस गाउँपालिकामा ठुलो संख्यामा प्राथमिक तह पूरा गरेका अर्थात् ४५.९३ प्रतिशत रहेका छन् भने त्यसपछि दोस्रो स्थानमा निम्न माध्यमिक २४.१८ प्रतिशत, तेस्रो मा.वि तहमो ९.९४ प्रतिशत, चौथो स्थानमा एस.एल.सी तहमा ५.६४रहेका छन् भने स्कुल नगएको ४.८२ प्रतिशत छन्। प्राबिधिक शिक्षाका साथै व्यावसायिक शिक्षा तर्फ पनि विशेष ध्यान दिनु पर्ने देखिन्छ। अत: यी विविध सूचकहरुको अध्ययन गर्दा गाउँपालिकामा शिक्षा क्षेत्रमा थप सुधारको आवश्यकता रहेको देखिन्छ। गाउँपालिकामा रहेको शैक्षिक जनशक्तिको विवरण तालिका र चार्टमा उल्लेख गरिएको छ।

### ७.१.३ विषयगत शैक्षिक जनशक्तिको विवरण

विषयगत शैक्षिक जनशक्तिको विवरण

| | मानविकी र कला | व्यापार र प्रशासन | शिक्षा | विज्ञान | स्वस्थ्य | इन्जिनीयरिङ, विनिर्माण र निर्माण | कानुन | सामाजिक र व्यवहारिक विज्ञान | गणित र तथ्याङ्क | कृषी, वन र मत्स्य | कम्प्युटिङ्ग | पत्रकारिता र सूचना | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | ७१ | ९ | १०४ | ५ | ७ | १ | १ | ११ | ४ | ३ | १ | १ | ८४ | ३०२ |
| प्रतिशत | २३.५ | २.९८ | ३४.४४ | १.६६ | २.३२ | ०.३३ | ०.३३ | ३.६४ | १.३२ | ०.९९ | ०.३३ | ०.३३ | २७.८ | ७२ |

*श्रोत : त्रिवेणी गाउँपालिको घरधुरी सर्वेक्षण, २०७५*

यस गाउँपालिकामा विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरण देखाइएको छ। जसमा सबैभन्दा धेरै १०४ (३४.४४ प्रतिशत) शिक्षा विषय लिएर अध्ययन गरेको देखिन्छ भने दोस्रोमा ७१ (२३.५१ प्रतिशत) मानविकी र कला, तेस्रोमा ११ (३.६४ प्रतिशत) सामाजिक र व्यवहारिक विज्ञानविषय लिएर अध्ययन गरेको पाईन्छ । यसैगरी व्यापार र प्रशासन ९ (२.९८ प्रतिशत),स्वास्थ्यमा७ (२.३२ प्रतिशत),विज्ञानमा ५ (१.६६ प्रतिशत),गणित र तथ्याङ्क ४ (१.३२ प्रतिशत) त्यसैगरि कृषि, वन र मत्स्य३ (०.९९ प्रतिशत)विषय लिएर अध्ययन गरेको देखिन्छ। गाउँपालिकामा प्राविधिक जनशक्तिको संख्या अत्यन्त न्यून देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




### ७.१.४ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण

विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको नै सर्वोपरि भूमिका अनिवार्य रहन्छ। गाउँमा शिक्षा क्षेत्रमा धेरै प्रयास भए तापनि अपेक्षित उपलब्धी भने प्राप्त गर्न सकिएको छैन। तथापि योजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवं सेवा विस्तार गर्ने प्रयास हुँदै आएको छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संसोधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ।स्थानीय सरकारको रूपमा गाउँको समग्र विकासको निम्ति गाउँपालिकालाई नयाँ र गहन जिम्मेवारीहरू थपिदैं आएको छ।

शिक्षा क्षेत्रको परिसुचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरूप यस गाउँमा आ.व. २०७४/७५ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण निम्न तालिकामा दिइएका छन्। गाउँमा पठनपाठनका लागि आधारभूत विद्यालय २९र माध्यामिक विद्यालय संख्या ७ गरी जम्मा ३६ वटा शिक्षण संस्थाहरु रहेका छन् । यसमा निजी क्षेत्रले पनि उल्लेख्य योगदान पुऱ्याउँदै आएको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

## ७.१.५ गाउँमा रहेका शिक्षण संस्थाहरुको विवरण

| तह | संचालित कक्षा | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| आधारभूत तह | १-५ | १६ | ६ | २२ |
| | १-८ | ७ | ० | ७ |
| माध्यामिक तह | १-१० | ५ | १ | ६ |
| | १-१२ | १ | ० | |
| | **जम्मा** | २९ | ७ | ३६ |
| | | | | |

*स्रोतः त्रिवेणी गाउँ कार्यापालिकाको कार्यालय, सल्यान २०७५*

## *७.१.६ गाउँपालिकामा रहेका निजी शैक्षिक संस्थाहरुको विवरण*

| सि.नं. | विद्यालयको नाम | ठेगाना | अनुमति प्राप्त कक्षा | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | नमुना बाल एकेडेमी लनिङ्ग स्कूल | वडा नं. १, काभ्रा | ३ | १५० |
| २ | हिरा इङ्गलिस बोर्डिङ्ग स्कूल | वडा नं. ३, ढुँगिबजार | ३ | १३५ |
| ३ | सल्यानी मेरिगोल्ड लर्निङ्ग बोर्डिङ्ग स्कूल | वडा नं. ३, रिखेबजार | ७ | २६४ |
| ४ | हिम पर्वत एकेडेमी इङ्गलिस बोर्डिङ्ग स्कूल | वडा नं. ४, पुतलीबजार | ८ | २७७ |
| ५ | त्रिवेणी ज्ञान ज्योति इङ्गलिस बोर्डिङ्ग स्कूल | वडा नं. ६, लुहाम | ६ | २५३ |
| ६ | सल्यान पव्लिक इङ्गलिस बोर्डिङ्ग स्कूल | वडा नं. ६, लुहाम | १० | ३६६ |
| ७ | वेष्टर्न एकेडेमी बोर्डिङ्ग स्कूल | वडा नं. ६, सल्लेखोला | ४ | १२८ |

*स्रोतः त्रिवेणी गाउँ कार्यापालिकाको कार्यालय, सल्यान २०७५*

## *७.१.७ गाउँपालिकामा रहेका सामुदयिक शैक्षिक संस्थाहरुको विवरण*

| क्र.सं. | विद्यालयको नाम | दरबन्दी | निमा. दरबन्दी | मा. दरबन्दी | शिशु | 1 TO 5 | 6TO 8 | 9 TO 10 | TOTAL | जँमा शिक्षक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | लंकिनी प्राथमिक विद्यालय श्रीचवर | ३ | | | ११ | २२ | | | ३३ | ३ |
| २ | सिद्व नि.मा. विद्यालय चैतेडाडा | ४ | | | १ | २८ | ० | | २९ | ३ |
| ३ | सरस्वती प्रा.वि.कोलचौर काभ्रा | ३ | | | ११ | ४७ | | | ५८ | ५ |
| ४ | सरस्वती आधारभुत विद्यालय ठूलाचौर | ४ | ० | | ४ | ७२ | ९८ | | १७४ | ९ |
| ५ | चण्डेश्वरी प्रा.वि.लुहाम | ४ | | | ६ | ३९ | | | ४५ | ४ |
| ६ | महाकवी देवकोटा प्रा.वि.बाह्रभदौ | ३ | | | | ४३ | | | ४३ | ४ |
| ७ | सिद्वेदेवी प्राथमिक विद्यालय काभ्रा, | ३ | | | ५ | १७ | | | २२ | ४ |
| ८ | निमा विद्यालय दाङचूली फलावाङ, | ३ | | | १४ | ८५ | ८३ | | १८२ | ९ |
| ९ | पंचकन्या प्राथमिक विद्यालय | ४ | | | २२ | ६१ | | | ८३ | ७ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | राजागिठी | | | | | | | | | |
| १० | पशूपति आ.वि.भूम्केज्युला त्रिवेणी | ६ | | | १९ | ४२ | ५६ | | ११७ | ८ |
| ११ | निराजन प्रा.वि.पोखरीचौर | ३ | | | ६ | ३१ | | | ३७ | ३ |
| १२ | जनकल्याण प्रा.वि. चोरखोला | ३ | | | ५ | २५ | | | ३० | ४ |
| १३ | लक्ष्मी प्रा.वि. डाडासल्ले | ३ | | | ९ | ७ | | | १६ | ३ |
| १४ | जय बूद्ब प्रा.वि. पोखरी पंचमुल | ३ | | | १६ | ३९ | | | ५५ | ५ |
| १५ | राधेश्याम मा.वि.गैरागिठी | ४ | ३ | | २ | ५४ | १५७ | ११९ | ३३२ | १२ |
| १६ | जनता मा.वि. रिठाचौर काभ्रा | ४ | ३ | ७ | ११ | ७६ | २७२ | १७७ | ५३६ | १७ |
| १७ | त्रिवेणी मा.वि.सरीकोट | ५ | १ | | १० | ५७ | १८२ | १७५ | ४२४ | १२ |
| १८ | सरस्वती मा.वि.सिम्क | ५ | ३ | | १५ | ८५ | ९९ | ७४ | २७३ | १२ |
| १९ | कृष्ण आ.वि. पिमखोला | ३ | | | ३ | २१ | ३४ | | ५८ | ४ |
| २० | कृष्ण प्रा.वि. शंखपीपल | ३ | | | | २३ | | | २३ | ३ |
| २१ | शारदा प्रा.वि. ज्यामीरे | | | | ८ | २३ | | | ३१ | ३ |
| २२ | जनसहयोग प्रा.वि.वेलडाडा | २ | | | १५ | ६१ | | | ७६ | ५ |
| २३ | गायत्री प्रा.वि.ढोरचौर | ३ | | | १५ | ४० | | | ५५ | ५ |
| २४ | ने.रा.मा.वि.रेख | ५ | ३ | ३ | ५८ | १५१ | ११९ | ५४ | ३८२ | १५ |
| २५ | शिव सरस्वती आ.वि.राताचौर | ३ | | | ९ | ५३ | ६९ | | १३१ | ८ |
| २६ | श्री मा.वि. टोडके | ३ | २ | | १६ | ५० | ५७ | ३७ | १६० | १२ |
| २७ | वालकल्यान प्रा.वि. त्रिवेणी १ | २ | | | १४ | २२ | | | ३६ | ३ |
| २८ | कालिका प्रा.वि. मेल्चौर त्रिवेणी ,५ | ३ | | | १२ | ३६ | | | ४८ | ५ |
| २९ | सिद्धगुफा प्राथमिक विद्यालय त्रिवेणी १ काभ्रा | २ | | | १० | ३१ | | | ४१ | ४ |
| | | ९८ | १५ | १० | ३२७ | १३४१ | १२२६ | ६३६ | ३५३० | १९१ |

*स्रोत: त्रिवेणी गाउँ कार्यापालिकाको कार्यालय, सल्यान २०७५*

## ७.१.८ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

**विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु :** विद्यार्थीहरु प्राथमिक तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलव्ध गराइएको भए तापनि दलित, आदिवासीहरुको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको वाधकको रुपमा देखिएको छ ।

**कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु** :प्राथमिक तहको विद्यार्थीहरुको तथ्याङकलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ ।

**दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु** :विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु गाउँको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ ।

**दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर** :गाउँको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरुको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो ।

**विद्यालयहरु आर्थिक रुपले कमजोर हुनु :नेपाल** सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिले समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरुको आर्थिक स्थिति निकै कमजोर देखिन्छ। दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न बाधा पुगेको देखिन्छ।

**अभिभावकहरु चनाखो नहुनु** :बालबालिकाहरुको शैक्षिक प्रगतिबारे अभिभावकहरुको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरुको स्थितिबारे अभिभावकलाई जानकारी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ।

**शिक्षक दरबन्दी कम हुनु** :दरबन्दीअनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरु खाली रहने गरेको देखिन्छ। यसरी शिक्षकहरु तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालित शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन । एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलव्ध नहुनु, अर्कोतर्फ स्थानीय निकाय एवं व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन।

**राजनीतिकरण हुनु** :विभिन्न राजनीतिक पार्टीहरुले शिक्षकहरुको संगठनहरु मार्फत् शिक्षकहरुलाई आफ्नो पार्टीको स्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ । राजनीतिक पार्टीहरुको दबावका कारण जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरुमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ । यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरुलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रुपमा प्रयोग गर्दै आएको देखिएको छ।

**शिक्षकहरुमा प्रतिवद्धताको कमी** : शिक्षकहरुले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको वाधकको रुपमा देखा परेको छ । प्रायः पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रुपमा देखिएको छ।

**आधुनिक प्रविधिको प्रयोग नहुनु**:सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरु वञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ। प्रायः धेरै विद्यार्थी र शिक्षकहरु कम्प्युटर र इन्टरनेटको प्रयोगको सुविधाबाट बञ्चित रहेका छन्

## ७.२ स्वास्थ्य

पहाडी भागमा अवस्थित यस गाउँपालिका स्वास्थ्य, सरसफाइ तथा समुदायको स्वस्थकर बानी व्यवहार खासै अनुकुल देखिदैन। राजनीतिक रुपमा ६ वडाहरुमा विभाजित यस गाउँपालिकामा धेरैजसो जनताले आवश्यकता अनुसारको स्वास्थ्य सेवा लिन सफल भएका छैनन्।गाउँपालिकामा कुनैपनि अस्पताल नभएकोले कुनै विशेष रोग लागेमा अथवा घाइते भएमा उपचारको लागि सदरमुकाम नै जानुपर्ने अवस्था रहेको छ । प्राथमिक उपचारको लागि गाउँपालिकामा ४ वटा स्वास्थ्य चौकी, २ सामुदायिक स्वास्थ्य

इकाई वाड नं. ३ र ५ मा र ११ ओटा गाउँघर क्लिनिक र ३६ जना महिला स्वास्थ्य स्वयंसेविका रहेका छन् । गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

गाउँमा रहेका स्वास्थ्य संस्थाहरुको विवरण

| अस्पताल (सरकारी र निजी) | प्राथमिक स्वास्थ्य केन्द्र | स्वास्थ्य चौकी | गाउँ स्वास्थ्य चौकी | गाउँघर क्लिनिक | खोप क्लिनिक | महिला स्वास्थ्य स्वयंसेविका |
|---|---|---|---|---|---|---|
| ० | ० | ४ | 2 | ११ | ० | ३६ |

*स्रोत: त्रिवेणी गाउँ कार्यापालिकाको कार्यालय, सल्यान २०७५*

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षणअनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रैले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्थानीय समुदायहरू, स्थानीय गैरसरकारी निकायहरूका प्रतिनिधिहरूको अभिव्यक्तिअनुसार यस गाउँमा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रुपमा रहेको छ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care)को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality)को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms)गम्भीरता सम्बन्धी बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System)माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्यून गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ।

गाउँपालिकामा रहेको सामुदायिक अस्पतालमा विशेषज्ञ चिकित्सकहरूको (Medical Officers)संख्यामा कमी रहेको छ। दरबन्दीअनुसार डाक्टर लगायत स्वास्थ्यकर्मीहरु उपलव्ध हुन सकेको छैन । जिल्लाको अस्पतालमा हालसम्म अवस्ट्रेटीसियन (Obstetrician)वा अनेस्थेसिओलोजिस्ट (Anaesthesiologist)छैनन् र पर्याप्त मात्रामा औषधीको आपुर्ति हुदैन।

गाउँका विभिन्न वडाहरुमा स्वास्थ्य चौकी रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रुपमा रहेको देखिन्छ । दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

### ७.२.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू(Female Community Health Volunteers)

सन् १९९० देखि तराईमा जम्मा ४०० जनसंख्याको आधारमा महिला स्वास्थ्य स्वयंसेविकाहरू छनौट गर्ने प्रावधान रहेको थियो । आ.व. २०४९/०५० बाट तराईको १००० जनसंख्यामा १ जना, पहाडमा ३०० जनसंख्यामा १ जना र हिमालमा २५० जनसंख्यामा १ जना महिला स्वास्थ्य स्वयंसेविका रहने व्यवस्था रहेको छ । नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीतिअनुसार सन् २००० को प्रारम्भमा नै

छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाहरूले उपचारात्मक, प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन्। तर सल्यान जिल्लामा वि.सं. २०४५ सालदेखि साविकका प्रत्येक गाविसका वडाहरुमा एक जना महिला स्वयंसेविका रहने व्यवस्थाअनुसार सल्यान जिल्लामा ४२३ जना कार्यरत रहेका छन् । जसअनुसार यस गाउँपालिकामा अहिले ३६ जना महिला स्वयंसेविका रहेका छन्

### ७.२.२ गाउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक गाउँपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। गाउँका विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम संचालन भएको पाइएको छ । यी स्थानहरुमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रुपमा सञ्चालन गरिएको देखिन्छ । यद्यपी तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलव्ध छैन। शारीरिक वृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरू स्वास्थ्य चौकी र उप-स्वास्थ्य चौकी को तहमा मात्र उपलब्ध गराइन्छ। यस गाउँपालिकाकासाबिकका गा.वि.स.हरुकारागिठीमा ३, काभ्रामा४र त्रिवेणीमा ४ गरी जम्मा ११ वटा क्लिनीक सञ्चालन भइरहेका छन् र तालिकामा क्लिनीकले दिएको औषत सेवा पनि उल्लेख गरिएको छ ।

गाउँपालिकामा सञ्चालन हुने गाउँघर क्लिनिक संख्या

| क्र.सं. | स्थान | जम्मा क्लिनीक संख्या | पर क्लिनीक दिइएको औषत सेवा |
|---|---|---|---|
| १ | कारागिठी | ३ | ७४ |
| २ | काभ्रा | ४ | ११ |
| ३ | त्रिवेणी | ४ | २६ |
| | जम्मा | ११ | ३७ |

*स्रोत: त्रिवेणी गाउँ कार्यापालिकाको कार्यालय, सल्यान २०७५*

त्यस्तै गाउँपालिकामा नियमित खोप कार्यक्रम नियमित रुपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जन्मेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ।

### ७.२.३ एच. आई. भी./एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एच.आई.भीको प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका पनि यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुदै गएका छन्। हाल नेपालमा एच.आई.भी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रकाअनुसार २०७१ को साउन महिनासम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एच.आइ.भी संक्रमण मध्ये १६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एच.आइ.भी संक्रमण भेटिएको छ। भारतलगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रुपमा भइरहेको देह व्यापार,

चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एच.आइ.भी.को प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। जिल्ला एड्स समन्वय शाखाको तथ्याङ्कअनुसार सल्यान जिल्ला पनि एच.आई.भी./एड्सको जोखिममा रहेको छ।

### ७.२.४ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदादेखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलतः आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप -टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानूनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकेको छ। तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन् । सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा बर्थिङ साईटहरुकाभ्रा स्वास्थ्य चौकी,कारागिठी स्वास्थ्य चौकी र त्रिवेणी स्वास्थ्य चौकीमा रहेका छन् । सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरै मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन। यस गाउँपालिकाको सुरक्षित मातृत्वको विवरण तलको तालिकामा उल्लेख गरिएको छ

सुरक्षित मातृत्व विवरण

| क्र.सं. | साविकका गाविस | कम्तीमा १ पटक मात्र ब्लड जाँच गर्ने महिला प्रतिशत | निति अनुसार ४ पटक ब्लड जाँच गराउने गर्भवती महिला प्रतिशत | १८० आईरन चक्कि प्राप्त गर्ने महिला प्रतिशत | गर्भवती महिलाले भिटामिन ए प्राप्त गर्ने प्रतिशत | स्वास्थ्य संस्थामा सुत्केरी गराउने प्रतिशत | दक्ष सुँडेनी सहयोगबाट जन्म भएको प्रतिशत | स्वास्थ्य कर्मचारीको सहयोगमा जन्म भएको प्रतिशत | सामान्य तरिकाबाट बच्चा जन्माउने प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | काँरागिठी | ७०.८३ | ४४.४४ | ४७.२२ | ७०.८३ | ३८.८९ | ३८.८९ | ० | १०० |
| २ | काभ्रा | १२६.०९ | ४०.२२ | ५५.४३ | १२८.२६ | ६५.२२ | ६५.२२ | ० | १०० |
| ३ | त्रिवेणी | १२१.४९ | ६७.७७ | ४१४.८८ | १०४.९६ | १०२.४८ | १०२.४८ | ० | ९८.३९ |
| ४ | फलावाङ | - | - | - | - | - | - | - | - |

*स्रोत: त्रिवेणी गाउँ कार्यापालिकाको कार्यालय, सल्यान २०७५*

### ७.२.५ परिवार नियोजन

परिवार नियोजन कार्यक्रमलाई सुरुका अवस्थामा छुट्टै आयोजनाको रुपमा संचालन गरियतापनि बच्चा जन्माउदा दम्पतिको योजना बनाई बच्चा जन्माउँदा हुने फाईदाका बारेमा बिभिन्न संघ संस्थाहरु

बाट गरिएको अध्ययन अनुसन्धानबाट परिवार नियोजनले आमा, बच्चा र नवशिशुको स्वास्थ्य सुधार गर्न उल्लेखनिय भूमिका खेल्ने कुरा प्रमाणित भएको छ । साथै यसले लैङ्गिक समानता, महिलाको शिक्षा र वृत्ति विकास गर्नको लागि सहयोग पुर्‍याउँछ । त्यस कारण गुणस्तरीय परिवार नियोजन सेवा प्रदान गर्ने उद्देश्यले सन् १९९१ देखि प्रजनन स्वास्थ्य कार्यक्रम र परिवार नियोजन कार्यक्रमलाई बिस्तार गरि अस्पताल प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, गाउँघर क्लिनिक र घुम्ती शिविर, महिला स्वास्थ्य स्वयं सेवीकाद्वारा परिवार नियोजन सेवा पुर्‍याउँदै आएको छ । गाउँपीलकामा परिवार नियोजनको अस्थायी साधनको प्रयोग भएको पाइन्छ । जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

परिवार नियोजनको अस्थायी साधानको प्रयोग गर्नेको विवरण

| क्र.सं. | साविकका गाविस | नयाँ प्रयोगकर्ता प्रतिशत | | | | | | हालका प्रयोगकर्ता प्रतिशत | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कन्डम | पिल्स | डिपो | आईयूसिडी | इम्प्लान्ट | जम्मा | कन्डम | पिल्स | डिपो | आईयूसिडी | इम्प्लान्ट | जम्मा |
| १ | काँरागिठी | १३.७६ | १.८ | ४.५७ | ० | ०.५५ | २०.६८ | १३.७६ | ३.८८ | १०.११ | ० | ८ | २९.५५ |
| २ | काभ्रा | १२.८ | ०.५८ | ५.४१ | ०.२३ | ० | १९.१ | १२.८ | २.३ | ८.०६ | ३.९२ | ९.७९ | ३६.९६ |
| ३ | त्रिवेणी | ६.७४ | ०.१६ | ०.३२ | ० | १.४४ | ८.६६ | ६.७४ | ०.८८ | १६.६८ | ५.९१ | ५.९१ | ३६.११ |
| ४ | फलावाङ | - | - | - | - | - | - | - | - | - | - | - | - |

*स्रोत: त्रिवेणी गाउँ कार्यापालिकाको कार्यालय, सल्यान २०७५*

### ७.२.६ खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन् । तसर्थ यसको लागि यिनीहरु स्वस्थ र निरोगी हुनु आवश्यक छ । शिशु र बाल्य अवस्थामा उनीहरुलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रामा दिनै पर्दछ । बालबालिकाहरुको लागि पाँचओटै खोपहरु नियमित पुरा मात्रामा दिनु पर्दछ । नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुर्‍याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ।

दादुरा रुबेला रोग बिरुद्ध खोप अभियानको प्रगती विवरण

| क्र.सं. | संस्थाको नाम | लक्षित जनसंख्या | दादुरा रुबेला खोप लगाएका बालबालीका | | | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | ९ महिनादेखि ५ वर्ष सम्म | ९ महिनादेखि २ वर्ष सम्म | २ वर्षदेखि ५ वर्ष सम्म | जम्मा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | काँरागिठी | २३९ | ८० | १७५ | २५५ | १०७ |
| २ | काभ्रा | ३०८ | १४९ | २०२ | ३५१ | ११४ |
| ३ | त्रिवेणी | ३८८ | १५२ | ३५० | ५०२ | १२९ |
| ४ | फलावाङ | - | - | - | - | - |
| जम्मा | | ९३५ | ३८१ | ७२७ | ११०८ | |

*स्रोत: त्रिवेणी गाउँ कार्यापालिकाको कार्यालय, सल्यान २०७५*

इन्सेफलार्इटिस रोग विरुद्ध खोप अभियानको प्रगती विवरण

| क्र.सं. | संस्थाको नाम | लक्षित जनसंख्या | जापानीज र्इन्सेफलार्इटिस खोप लगाएका बालबालीका | | | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | ९ महिनादेखि ५ वर्ष सम्म | ९ महिनादेखि २ वर्ष सम्म | २ वर्षदेखि ५ वर्ष सम्म | जम्मा | |
| १ | काँरागिठी | १०२६ | २४६ | ६७२ | ९१८ | ९० |
| २ | काभ्रा | १३०२ | ३०७ | ९३० | १२३७ | ९५ |
| ३ | त्रिवेणी | १७९२ | ४६२ | १४०४ | १८६६ | १०४ |
| ४ | फलावाङ | - | - | - | - | - |
| जम्मा | | ४१२० | १०१५ | ३००६ | ४०२१ | |

*स्रोत: त्रिवेणी गाउँ कार्यापालिकाको कार्यालय, सल्यान २०७५*

१ वर्ष मुनिका बालबालिकालाई लगाइएको खोप विवरण

| साविकका गाविस | बि.सि.जि. | डि.पि.टि.-हेप बि.-हिव | | | पोलियो | | | पि.सि.भि | | | क्षएख (पोलियो) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो मात्रा | दोस्रो मात्रा | तेस्रो मात्रा | पहिलो मात्रा | दोस्रो मात्रा | तेस्रो मात्रा | पहिलो मात्रा | दोस्रो मात्रा | तेस्रो मात्रा | |
| काँरागिठी | ७१.६२ | ६४.८६ | ७०.२७ | ७२.९७ | ३९.१९ | ३६.४९ | ५० | ५९.४६ | ६२.१६ | ५९.४६ | ६३.५१ |
| काभ्रा | १४०.२ | १४९.३५ | १४६.७५ | १३२.४७ | ८५.७१ | ९४.८१ | ८४.४२ | १३३.७७ | १३८.९६ | ४२.८६ | १०५.१९ |
| त्रिवेणी | ११७.४ | ११६.५१ | १०७.३४ | १०६.४२ | १०९.१७ | ९९.०८ | ९८.१७ | १५७.८ | १२०.१ | ५८.७२ | ९९.०८ |
| फलावाङ | - | - | - | - | - | - | - | - | - | - | - |

*स्रोत: त्रिवेणी गाउँ कार्यापालिकाको कार्यालय, सल्यान २०७५*

### ७.२.७ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाई विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा श्वासप्रश्वास सम्बन्धि रोग, निमोनिया, झाडापखाला, कडा जलबिनियोजन, मलेरिया,

दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ । कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

#### ७.२.८ शिशु तथा ५ वर्ष मुनिको बाल मृत्युदर

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११ अनुसार शिशुमृत्यदर सन् १९९६ मा ७९ प्रतिहजार थियो भने स्न २००१ मा क्रमश: घट्दै ६४ प्रतिहजारमा पुगेको छ। सन् २००६ को उक्त सर्वेक्षणअनुसार ४८ प्रतिहजार पुगेको थियो। त्यस्तै सन् २०११ को सर्वेमा शिशु मृत्युदर ४६ प्रतिहजारमा झरेता पनि अघिल्लो सर्वेसँग तुलना गर्दा झिनो मात्रै अन्तर देखिएको छ।

#### ७.२.९ बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सूचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालबृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, वेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य संम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिकबिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ ।स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन् । कार्यक्रम सञ्चालनको सहयोगका लागि गाउँ-गाउँमा स्वास्थ्य सञ्जाल विस्तार भएको छ ।

## ७.३ खेलकुद तथा मनोरञ्जन

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी गाउँपालिकाको खेल अनुशासन तथा विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यताअनुसार यस गाउँपालिकामा खेलकुदको विकासको क्रममा रहेको पाइन्छ। गाउँपालिकामा भिरालो जग्गा भएकोले गर्दा ठूलो किसिमको खेल मैदान स्थापना गर्न कठिन रहेको पाइन्छ । गाउँपालिकामा रहेका विद्यालयहरुमा विभिन्न किसिमका खेल मैदान रहेका छन् । यस गाउँपालिकामा पहाडि जिल्लाहरुको धेरै स्थानमा प्रसिद्ध रहेको भलिबल खेल नै बढि खेलिने गरेको पाइन्छ । यसका अलवा गाउँपालिकामा रहेका सार्वजानिक चौताराहरुमा बसेर सुन्दर प्राकृतिक वातावरणको मनोरञ्जन लिने गरेको पाइन्छ । अहिले स्थानिय सरकारको रुपमा गाउँपालिका तथा नगरपालिका स्थापना भएपछि आआफ्ना कार्यक्षेत्र भित्र गतिशिल रहने गरी जिल्ला, नगर र गाउँपालिका खेलकुद विकास समितिहरू गठन गरेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास

समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा विभिन्न खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारिरिक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्यून लगानी हुने गरेको देखिन्छ । विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका दिनहरुमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, व्याडमिन्टन जस्ता केही खास खास खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रुपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ ।

## ७.४ नागरिक सुरक्षा सेवा

### ७.४.१ बृद्धबृद्धाहरूको अवस्था

जनगणना २०६८ को नतिजा अनुसार यस त्रिवेणी गाउँपालिकामा, ७० वर्ष उमेर नाघेका १.८८ प्रतिशत (३१२ जना) बृद्धबृद्धाहरू रहेका छन्। शारिरीक जीर्णताका कारण परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था अत्यन्त कष्टप्रद रहेको छ। बृद्धहरूको मनोरञ्जनका लागि कुनै विशेष स्थल वा कार्यक्रमको निर्माण वा तयारी देखिदैंन । पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतीको मुल मर्म र बृद्धजन तथा नयाँपुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धलाई कमजोर बनाउँदै गएको छ। राज्यको तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाइ दिइने भनिएको बृद्ध भत्ता समेत सबैले पाउन सकेका छैनन्। यस गाउँपालिकामा अर्ध बृद्धावस्थाकै हाराहारिमा रहेको ६०-६४ वर्षको २.९७ प्रतिशत (४९४ जना) , ६५-६९ वर्षका १.८५ प्रतिशत (३०७ जना) र थप बृद्ध नागरिकहरूको लागि समेत राज्यले कुनै विशेष कार्यक्रम ल्याएको छैन र यस स्थितिलाई कसरी सहज बनाउने र गाउँपालिकामा जिवीत यी जेष्ठ नागरिकहरूको अमुल्य अनुभवबाट नयाँ पीँढीले कसरी अनुभव र शिक्षा प्राप्त गर्ने भन्नेबारे अध्ययन र योजना बनाउनुपर्ने देखिन्छ।

## ७.५ महिला तथा बालबालिका

### ७.५.१ महिला सम्बन्धी विवरण

कुल जनसङ्ख्याको आधा हिस्सा भन्दा बढी ओगटेका महिलाहरु अझै पनि देश विकासको मुल प्रवाहमा उल्लेखनीयरुपमा आउन सकेका छैनन् । महिला सहभागिता,सशक्तिकरण तथा विभिन्न कार्यक्रमहरु पछिल्लो समयमा हुँदै आए पनि समान सहमागिता र लैङ्गिक समता भने कायम हुन सकेको देखिँदैन । यसको कारण समाजमा व्याप्त असमान शक्ति सम्बन्ध, पितृसत्तात्मक सोच तथा सामाजिक संरचना आदी रहेका छन् जसको फलस्वरुप महिलाहरु आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, शैक्षिकरुपमा अझै पनि तुलनात्मकरुपमा पछाडी परेको देखिन्छ ।

विकासमा महिलाहरुको समानुपातिक र सक्रिय सहभागिता सुनिश्चत गर्न उनीहरुको आर्थिक र सामाजिक जीवनस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ अभियानका रुपमा आ.व.२०३८/०३९ देखि ५ जिल्लाबाट सुरु भएको महिला विकास कार्यक्रम हाल नेपालको ७५ जिल्लामा विस्तार भएको छ। महिला विकास कार्यक्रम महिला विकास र सशक्तिकरणको लागि एउटा महत्वपुर्ण प्रयास हो । ग्रामीण विपन्न महिलाहरुलाई समूह,

समिति, संस्थामा संगठित गराई जनचेतना अभिवृद्धि, क्षमता विकास गरी सामाजिक तथा आर्थिकरुपमा सशक्त बनाउन, सामाजिक विभेद र लैङ्गिक हिंसा विरुद्ध जागरुकता बढाउन यस कार्यक्रमले प्रमुख भूमिका निर्वाह गर्दै आईरहेको छ ।

महिला हक, अधिकार र शसक्तिकरणका लागि विभिन्न गैर सरकारी संघ संस्था तथा सरकारी निकाय सम्मले कामहरू शसक्त रूपबाट भईरहेको छ । नेपालको संविधानमा समेत महिला सम्बन्धि हक समेत सुनिश्चित गरिएको छ । नेपालको संविधान २०७२ को भाग ३ को धारा ३८ देहाय बमोजिमको महिलाको हक प्रदान गरिएको छ ।

- ✓ प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।
- ✓ प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।
- ✓ महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।
- ✓ राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।
- ✓ महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।
- ✓ सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

यद्यपि गर्भवती महिलाहरुको निःशुल्क वा न्यूनतम् शुल्कमा स्वास्थ्य परिक्षण गर्न तथा महिलाहरुमा देखिने स्तन क्यान्सर र पाठेघर क्यान्सरको अग्रीम पहिचान र न्यूनिकरणका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ । जिल्ला जनस्वास्थ्य कार्यालय एवं अन्य सम्बद्ध स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि स्थायित्व, वृत्तिविकास तथा पुनर्ताजगि जस्ता कार्यक्रम ल्याई महिलाहरुका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रुपमा सबल बनाउनु पर्ने देखिन्छ । आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै गाउँपालिका विकासमा महिलाहरुको समान सहभागिता गराउन अझैपनि थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ । सामाजिक क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास संस्था, महिला समन्वय समिति तथा महिला सम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नु पर्दछ । महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरुमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवर्द्धन कार्यलाई निरन्तरता दिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरु सञ्चालन गरि समावेशी अवधारणा अनुरुप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ ।

नेपाल सरकार तथा विभिन्न निकायहरुले महिला विकास तथा उत्थानको लागि नीति तथा कार्यक्रम अघि बढाईरहेता पनि परिवर्तन र सुधारको बाबजुत सामाजिक संरचनामा अझै पनि समान अवस्था देख्न सकिएको छैन । यसलाई कम गर्न सरकार तथा नागरिक मञ्च सबैको भूमिका अपरिहार्य रहन्छ ।

### ७.५.२ बालश्रमको अवस्था

अन्तराष्ट्रिय स्तरमा १८ वर्षभन्दा मुनिका बालबालिकालाई बालक/बालिका भनिन्छ भने नेपालको बालबालिकासम्बन्धी ऐन २०४८ ले १६ वर्षभन्दा मुनिका सम्पूर्ण मानिसहरुलाई बालबालिका हुन् भनेर परिभाषित गरेको छ । बालबालिका भविष्यको कर्णधार हुन् ।बालबालिका साझा भविष्य हुन र उनीहरूको स्वतन्त्रता, अधिकार, संरक्षण, विकास र जीवनस्तर सुधारको लागि सामूहिक प्रतिवद्धता र साझा प्रयास आवश्यक छ भन्ने कुरा महशुस गरी संयुक्त राष्ट्र संघले सन् सन् १९८९ नोभेम्बरमा बाल अधिकार सम्बन्धी महासन्धि पारित गरे पछिहरेक वर्ष नोभेम्बर २० का दिन अन्तराष्ट्रिय बाल दिवस मनाइन्छ।जसरी एउटा फालिएको काठलाई खोपेर वा कुँदेर राम्रो आकृति बनाउन सकिन्छ, त्यसरी नै बालबालिकाहरुलाई पनि अधिकाररुपी औजारले एक कर्मठ र सबल नागरिकमा परिणत गर्न सकिन्छ। नेपालको संविधान २०७२ ले बालबालिकासम्बन्धी थुप्रै हक अधिकारहरु समेटेको छ । नेपालको संविधान २०७२ को भाग ३ को धारा ३९ देहाय बमोजिमको बालबालिकाको हक व्यवस्था गरेको छ ।

- ✓ प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।
- ✓ प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ ।
- ✓ प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।
- ✓ कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।
- ✓ कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।
- ✓ कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।
- ✓ कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।
- ✓ प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।
- ✓ असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।
- ✓ उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

यो सँगै बालबालिकाहरुको अधिकारसम्बन्धी महासन्धिमा ५० औं देशहरुको हस्ताक्षर रहेकोमा नेपालले पनि सहमति जनाएको छ। संविधानमा बालबालिका सम्बन्धी हकको सुनिश्चितता र विभिन्न

सरकारी तथा गैर सरकारी संघ संस्थाको प्रयास भएपनि घरेलु कामदारको रुपमा खटिएका बालबालिकाहरु, उद्योग तथा कलकारखानामा कडा श्रममा खटिएकाबालबालिकाहरु, शिक्षा बाट बञ्चित रहेका बालबालिकाहरु, बाँच्न पाउने नैसर्गिक अधिकार संविधानमा सुनिश्चत भएर पनि जन्मन नपाई जन्मने अधिकार खोसिएका बालबालिकाहरु र बाल अधिकारको उपयोगबाट टाढा रहेका बालबालिकाहरुको उदाहरणहरु समाजमा हामी सामु छर्लङ्ग नै छन् । यसरी समाजमा हुने गरेका बाल श्रम तथा बाल अधिकार बाट बञ्चित बालबालिका हरुको लागि अझै सरकार, नागरिक समाज सचेत रहन जरुरी छ ।

### ७.५.३ बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रुपमा बालबालिकाहरु क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यमा बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नीतिगत दस्तावेजहरुमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समुहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्त गर्नका लागि विभिन्न स्तरका नीति तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधत्वलाई मान्यता दिइएको छ।

व्यक्तिगतरुपमा गाउँपालिकामा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेको छन्। बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालय भर्ना अभियान, (३) बालश्रम न्युनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिवृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्।

## ७.६ अपा॰गताको विवरण

ीत्रवेणी गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५ अनुसार गाउँपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा अपाङ्गता भएको जनसंख्या ४८१ (२.४७ प्रतिशत) महिला २२६ जना ( ४७ प्रतिशत ) र पुरुष २५५ जना ( ५३ प्रतिशत ) रहेको छ। जसमा शारिरिक अपाङ्गता भएका २५५ (५३ प्रतिशत), दृष्टि सम्बन्धी ४७ जना (१० प्रतिशत), सुनाई तथा दृष्टि सम्बन्धी अपाङ्गता भएका १२६ जना (२६.१९ प्रतिशत), स्वर बोलाई सम्बन्धी समस्या भएका ३० (१० प्रतिशत) देखिन्छ। खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न त्चयअकबजस्तो नेत्रज्योती नास गर्ने रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक

दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरषण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यत्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ। २०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत ( ५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारिरीक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपांगतामा ७.५ प्रतिशत रहेको छ। सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपांगताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता, बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभाजन गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधन र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ।

## ७.६.१ त्रिवेणी गााउँपालिको विवरण

**अपांगताको संख्या –४८१ महिला –२२६ पुरुष –२५५ तेस्रो लिङ्गी ०**

**अपांगताको विवरण**

| क्त. स | अपांगताको विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | शारिरिक अपांगता | १०४ | १२१ | २२५ |
| २ | दृष्टि सम्वन्धि (न्युन दृष्टियुक्त पुर्ण दृष्टिविहिन ) | २५ | २२ | ४७ |
| ३ | सुनाई सम्वन्धि बहिरा सुस्त श्रवण | ६१ | ६५ | १२६ |
| ४ | श्रवण दृष्टिविहिन | ३ | ३ | ६ |
| ५ | स्वर बोलाई सम्वन्धि | १३ | १७ | ३० |
| ६ | मानसिक अपांगता (मनोसामाजिक अस्वस्थता | ४ | ८ | १२ |
| ७ | बौदिक अपांगता | ७ | १० | १७ |
| ८ | अनुवंशिय रक्तश्राव (हेमोफेलिया ) सम्वन्धि अपांगता | ० | ० | ० |
| ९ | अटिज्म सम्वन्धि अपांगता | ० | २ | २ |
| १० | बहु अपांगता | ६ | १० | १६ |

**परिचय पत्रको विवरण**

| क्र स | परिचय पत्रको विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | नभएको | १६७ | १५७ | ३२४ |

| | | | | |
|---|---|---|---|---|
| २ | पुरानो वर्ग | ४ | ५ | ९ |
| ३ | पुर्ण अशक्त | ९ | १२ | २१ |
| ४ | अति अशक्त | १५ | ३८ | ५३ |
| ५ | मध्यम वर्ग | १९ | २९ | ४८ |
| ६ | सामान्य वगृ | ११ | १३ | २४ |
| ६ | विवरण नलेखेको | १ | १ | २ |

**क्रियाकलापको विवरण**

| क स | हाल गरियका क्रियाकलापको विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | कृर्षि | १६५ | १५७ | ३२२ |
| २ | अध्यान | ६२ | ७८ | १४० |
| ३ | नोकरि | ० | ८ | ८ |
| ४ | ब्यापारि | ० | ५ | ५ |
| ५ | विवरण नखुलेको | २ | १ | ३ |
| ६ | सिप विकाश | १ | ० | १ |
| ७ | मजदुरी | ० | १ | १ |
| ८ | | ० | १ | १ |

**योग्यताको विवरण**

| क स | योग्यता | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | नलेखियको | ८ | ११ | १९ |
| २ | स्रोत कक्षा | ० | १ | १ |
| ३ | शिशु कक्षा | ७ | १० | १७ |
| ४ | साक्षर | १४४ | १४६ | २९० |
| ५ | आधारभुत | २४ | ३७ | ६१ |
| ६ | मा वि | ३३ | ४४ | ७७ |
| ७ | विषेश शिक्षा | ० | १ | १ |
| ८ | प्रमान पत्र तह | ४ | ३ | ७ |
| ९ | स्नातक | १ | ३ | ४ |
| १० | प्रविधिक | १ | ० | १ |
| ११ | निरक्षर | २ | १ | ३ |

**आवश्यकता**

| क स | आवश्यकता | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | लठ्ठी | ७ | १४ | २१ |
| २ | विषेश जुता | ० | १४ | ३ |
| ३ | ह्विलचियर | ३ | ५ | ८ |
| ४ | श्रवण यन्त्र | १० | १६ | २६ |
| ५ | बैशाखी | ३ | ९ | १२ |
| ६ | चस्मा | ३ | ४ | ७ |
| ७ | कृतिम हात | २ | १ | ३ |
| ८ | कृतिम खुट्टा | २ | १ | ३ |
| ९ | विषेश पेटि | ० | ० | |

| | | | | |
|---|---|---|---|---|
| १० | ऋच | ० | १ | १ |
| | | | | |

*श्रोत : त्रिवेणी गाउँपालिकाको घरधुरीर्वेक्षण , २०७५*

## ७.७ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानूनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रुपमा काममा लगाउन हुदैन भने १४ वर्ष देखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हलुका र विशेष सुविधाका काममा लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन पाइदैन। तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धैरै बालबालिकाका बालश्रमिमका रुपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनुदेखि शोषण र दुर्व्यवहारबाट धैरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्यांक तथा जानकारीको भने अभाव छ। बालश्रम नेपाली बालबालिकाको एक दुःखद यथार्थ हो

